
भदौ २९, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

नगदेशकी राजकुमारी



# माओवादी द्रव्यमोह

मूल्य रु. २५



सागर श्रेष्ठ

राजमार्गमा पैसा उठाउनका ढाट राखेर बसेका माओवादी ।

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १२३, भदौ २३–२९, २०६३

**आवरण :** कानुनी राज्यको अवधारणामा कर, कानुनी व्यवस्था र सेनामाथि सरकारको एकलौटी नियन्त्रण हुन्छ । माओवादीहरूले त्यो अवधारणालाई चुनौती मात्र दिएका छैनन्, सिद्धान्ततः व्यवहारमा नै धराशायी तुल्याएका छन् र सरकार निरीह बनेर हेरिरहेको छ । २४

## ब्यास्स

अविन श्रेष्ठ
www.abin.com.np




आवरण : पूर्व–पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको रानीगन्जस्थित पोस्टमा सवारीसाधनसँग रकम असुली गर्दै माओवादीहरू

*तस्बिर : चूडामणि वाग्ले*

## कुमारीमाथि कुदृष्टि

माछापुच्छ्रे आरोहण खुला गरेर पर्वतीय संग्रहालयका लागि अर्थ संकलन गर्न खोजेको संघको आर्थिक पक्ष शंकास्पद मात्रै होइन, अनियमित पनि छ । १४

## किराँत प्रदेश विवाद

स्वायत्त किराँत प्रदेश र लिम्बुवान राज्यको अवधारणाले झन् बढी विवादको रुप लिँदै छ । ४०

## रिपोर्ट

नागरिकताविहीन मुसहरहरू १८
बाढीपीडितलाई राहतभन्दा आश्वासन बढी २०
चामलले निम्त्याएको परनिर्भरता ४२
त्रिभुवन विश्वविद्यालयको अँध्यारो भविष्य ४४

## अन्तर्वार्ता

देव गुरुङ, आर्थिक विभाग प्रमुख, संयुक्त क्रान्तिकारी जनपरिषद् ३२
माओवादी नेता पासाङ ३४



**रंग:** कलाकार गीता शाहीको कथन छ, 'के कसैप्रति प्रेम अहिल्यै र तुरुन्तै आउनु पर्छ भन्ने छ र ? हुन सक्छ, त्यो वास्तविक प्रेमको अनुभव म चालीस वर्षको भएपछि आओस् ।' ५४

समय

सम्पादकीय ........ ५
डाँक ........ ८
दर्शन ........ ९
आर्थिक टिपोट ........ ११
मुलुक ........ १२
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# इयान मार्टिनका चुनौती

## सम्पादकीय

**संयुक्त राष्ट्रसंघका महासचिव** कोफी अन्नानले नेपालको शान्ति प्रक्रियामा सघाउ पुऱ्याउन इयान मार्टिनलाई नियुक्त गरेका छन्। झन्डै १६ महिना राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका विशेष प्रतिनिधिका रुपमा मानवअधिकार स्थितिको लेखाजोखामा संलग्न मार्टिनलाई बृहत् भूमिका दिएर अन्नानले राष्ट्रसंघ नेपालमा गम्भीर र सकारात्मक भूमिका खेल्न इच्छुक रहेको प्रमाण पेस गरेका छन्।

यो नियुक्तिले इयान मार्टिनकै भूमिकालाई पनि बढाएको छ। यद्यपि, मानवअधिकारसम्बन्धी उनको विशेषज्ञता र अनुभव पनि उनको भावी भूमिकामा एउटा महत्त्वपूर्ण पक्ष रहनेछ। मानवअधिकार सम्बन्धमा नि:सर्त मानवअधिकारसम्बन्धी आफ्ना संवैधानिक दायित्व तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्नु पर्ने राज्यलाई दबाब दिनु इयान मार्टिनको कर्तव्य र दायित्व दुवै थिए भने अहिले शान्ति स्थापनाका लागि दुवै पक्षमाथि दबाब दिनु, उनीहरूलाई प्रोत्साहित गर्नु उनको नयाँ दायित्व बनेको छ।

खासगरी माओवादी र सरकार पक्षले पाँचबुँदे पत्रद्वारा दुवै पक्षका सेना र हतियार व्यवस्थापन गर्न, मानवअधिकारको स्थिति निगरानीमा सहयोग गर्न र संविधानसभा निर्वाचनमा पर्यवेक्षण गर्न आमन्त्रित गरिएको अवस्थामा कोफी अन्नानका प्रतिनिधिका रुपमा इयान मार्टिनले निर्दिष्ट काम सुरु गर्ने आधार बनिसकेको भए पनि माओवादी पक्षले आफ्नो मान्यता परिवर्तन गरेका संकेतहरू देखापरेपछि राष्ट्रसंघ चिन्तित हुनु अस्वभाविक हैन। आफ्नो घोषित अडानबाट पछि हट्दा त्यसले माओवादीको इमानदारी तथा शान्ति प्रक्रियाप्रतिको प्रतिबद्धताका साथै समग्र विश्वसनीयतामा ठूलो चोट पुऱ्याउनेछ।




हो, माओवादी सोचमा आएको परिवर्तनलाई उसले राष्ट्रसंघलाई लेखेको पाँचबुँदे पत्रकै आधारमा मात्र हेरिनु हुँदैन। पाँच बुँदासँग जोडिएका अन्य सहमतिहरू छन्, सरकार र माओवादीबीच। तिनीहरूको कार्यान्वयन र आचारसंहिताका पालना सम्बन्धित विषय हुन्। तर, ती विषयहरूमा विवाद रहँदा रहँदै र दुवै पक्षबीच अविश्वास चुलिएको अवस्थामा नै सरकारले जस्तै माओवादीले पनि राष्ट्रसंघलाई पत्र लेखी उसको भूमिकाको स्वागत गरेका हुन्। खासगरी आचारसंहिता उल्लंघन तथा अवैध र अन्यायपूर्ण तरिकाले जफत गरिएको सम्पत्ति फर्काउन माओवादीहरू तयार नहुँदा उनीहरूले मुलुकभित्र सर्वसाधारणको विश्वास आर्जन गर्न सकेका छैनन्। अन्तर्राष्ट्रिय जगत् र राष्ट्रसंघको उनीहरूप्रतिको विचार नकारात्मक नबनोस् भनी सुनिश्चित गर्न आफ्नो पाँचबुँदे पत्रप्रति माओवादीहरू इमानदार बन्नै पर्छ। बढी जटिल बन्दै गएको यो विषयमा हतियारसहितका छापामार र ब्यारेकमा नेपाली सेनाको राष्ट्रसंघीय निगरानीबाट सहमतिको दायरा बढाई संविधानसभाको निर्वाचनसम्म मुलुकलाई पुऱ्याउने जिम्मा लिएर आएका इयान मार्टिनका लागि पनि यो अवसर र चुनौती सिद्ध हुनेछ।

मुलुकका राजनीतिक पक्षहरूलाई न्यूनतम राजनीतिक इमानदारी देखाउन उनले प्रोत्साहित गर्न सके त्यो नेपालमा शान्ति प्रक्रियामा एउटा महत्त्वपूर्ण कदम र सफलता हुनेछ मार्टिनको। तर, सडक तातिनुपूर्व नै उनले दुवै पक्षलाई न्यूनतम इमानदारी देखाउन दबाब सुरु गर्नु पर्ने देखिन्छ। ■




## समय साता

**भदौ १६**

- अछाममा गएको पहिराले सयौं बेघर, अझै जोखिम कायमै, बाटो बन्द भएका कारण उद्धारमा कठिनाइ ।
- राजाको सम्पत्तिबारे जानकारी दिन दरबारलाई सरकारको ताकेता जारी ।
- महेन्द्रनगरमा फैलिएको इन्सेफ्लाइटिसबाट चारको मृत्यु, दर्जनौं विरामी ।

**भदौ १७**

- बर्दियाको बाढीप्रभावित क्षेत्रमा रोगको प्रकोप, ज्वरो, झाडापखाला र आउँबाट पन्ध्रसय विरामी ।
- इरानमा यात्रुवाहक विमान दुर्घटना, २९ यात्रुको मृत्यु ।

**भदौ १८**

- वार्तावाट समस्याको निकास नआए फेरि भूमिगत भएर जनआन्दोलन थाल्ने माओवादी नेता प्रचण्डको भनाइ ।
- राजदूत नियुक्तिमा संसद्ले गरेको प्रक्रियाप्रति कूटनीतिज्ञहरूको आपत्ति ।

**भदौ १९**

- राजनीतिक मुद्दा नटुंगिएसम्म जनसेना शिविरमा नबस्ने माओवादीको भनाइ ।
- माओवादीद्वारा धुलिखेलका होटल मजदुरलाई जबरजस्ती आफ्नो संगठनमा आबद्ध हुन उर्दी ।

**भदौ २०**

- सरकारको दातृनिकायसँग बैठक, मुलुकमा आएको बाढी, पहिरो र प्राकृतिक प्रकोपमा परेकाहरूको उद्धारका लागि ९ अर्बको राहत दिन आग्रह ।
- बाँकेमा बाढीपीडित र सामुदायिक वन उपभोक्ताबीच झडप, २५ जना घाइते ।
- मुगुमा गएको पहिरोले ३३ परिवार विस्थापित ।

**भदौ २१**

- जतिसुकै व्यवधान आए पनि सरकार जनआन्दोलनको म्यान्डेट र शान्तिवार्ताबाट पछाडि नहट्ने प्रधानमन्त्रीको भनाइ ।
- ट्याक्सी चालकको हत्यापछि राजधानीको यातायात दिनभर अस्तव्यस्त ।

**भदौ २२**

- काठमाडौंको खुलामञ्चमा माओवादीको आमसभा, अतिवादी कम्युनिष्ट शासनको पक्षमा आफूहरू नरहेको माओवादी प्रवक्ता कृष्णबहादुर महराको कथन ।

**रद्द** : संसारकै सबैभन्दा सानो मानिस भएको भनिएका २० इन्च र साढे चार किलोका खगेन्द्र थापा मगरको दाबी गिनिज बुक (विश्व रेकर्ड)द्वारा, उमेर कम भएका कारण ।



**फेला** : कोशी टप्पु आरक्षमा नयाँ प्रजातिको 'रातो पक्षी अर्जुनक' चरा नेपाल पक्षी संरक्षक संघद्वारा पहिलो पटक फेला ।



**नियुक्ति** : सरकारद्वारा सुरक्षानिकायहरूका प्रमुखमा रुक्मांगद कटवाल (नेपाली सेना), ओमभक्त राणा (जनपद प्रहरी), वासुदेव ओली (सशस्त्र) र धनसिंह कार्की (गुप्तचर) ।



**निधन** : गोही सिकारीका उपनामले प्रख्यात वातावरणवादी तथा पत्रकार स्टिभ इरविनको निधन ।



**निर्वाचित** : निर्मलराज पौड्याल (अध्यक्ष), राजकुमार भट्टराई (उपाध्यक्ष), रुद्रबहादुर भट्टराई (महासचिव), सन्तोष श्रेष्ठ (सचिव) लगायत नेपाल विज्ञापन एजेन्सी संघ (आन)का पदाधिकारी ।




## पाता किन नकस्ने ?

*समय* वर्ष ३, अंक १२१ मा प्रकाशित जल्दोबल्दो विषयमा केन्द्रित आवरण लेख 'पाता कस्ने तयारी' पढ्ने मौका पाइयो, यसका लागि धन्यवाद । ऋण लिएर नतिर्ने कालाव्यापारीहरूको कारण मुलुकका ठूला बैंकहरूको अवस्था नाजुक बन्दै गइरहेको छ । हचुवाका भरमा ऋण दिलाउन बैंक प्रशासन र कर्मचारीहरूको संलग्नता देखिएको छ, त्यसले गर्दा उनीहरूलाई उन्मुक्ति दिन मिल्दैन ।

ऋण नतिर्ने कालाबजारीहरूको नामावलीको सूची प्रकाशन गर्नुलाई एउटा गतिलो कदमको सुरुवात मात्र मान्नु पर्छ । तर, सूची प्रकाशन भएपछि कारबाहीले गति लिएन भने औचित्यहीन बन्न जान्छ । शक्तिको आडमा कालो सूचीबाट नामावली हटाउन लगाउनेहरूले ऋण तिर्छन् भन्ने आशा गर्नु भ्रम मात्र हुनेछ । मुलुकका अग्रणी उद्यमी भनेर चिनिएका अनुहार पनि डिफल्टरको सूचीमा देखेपछि उनीहरूको नियत जनताले थाहा पाइसकेका छन् । बैंकहरूलाई कंगाल बनाउने डिफल्टरलाई सजाय दिन सरकारले खुट्टा कमाउनु हुँदैन, अन्यथा विगतमा जस्तै यो प्रकरण 'हात्ती आयो फुस्सा' भई सेलाएर जानेछ ।

■ **चक्रपाणि तिवारी**
कोल्हुवा-१, नवलपरासी

## रोकिएला खेलवाड ?

*समय* वर्ष ३, अंक १२२ को निजामती प्रशासनमा 'अझै खेलवाड' शीर्षकमा छापिएको समाचारप्रति ध्यानकेन्द्रित हुन पुग्यो । लोकतन्त्रले सबै समस्या समाधान नभइहाले पनि केही त सुध्रिएला भनेर सोच्ने कर्मचारीहरू पनि छन्, निजामती प्रशासनभित्र । परिवर्तनको आशा राखेर जनसेवाप्रति समर्पित हुनु पर्छ भनेर सोचाइ राख्ने कर्मचारीहरूलाई समेत पुरानै ढंगले काखा र पाखा गरेर सरकारले काम गर्न कदापि नहुने हो । आफ्नो मान्छेलाई पुरानो राज्यसत्तामा झैं काखी च्यापेर अगाडि बढ्ने हो भने सरकारविरुद्ध नै फेरि आन्दोलन नहोला भन्न सकिँदैन । कोही वर्षौंदेखि काम गर्दा पनि जहाँका त्यहीँ कसैलाई एकाएक काखा च्यापेर माथि लग्ने राजनीतिबाट सरकार मुक्त हुन सक्नु पर्‍यो ।

प्रहरी प्रशासनभित्रको अस्तव्यस्तताको चिरफार गरेकोमा समेत *समय*लाई विशेष धन्यवाद । गरिबका छोरा जो तलैदेखि संघर्ष गरेर योग्यताको आधारमा बढुवाको आस गरेर बसेका हुन्छन्, उनीहरूलाई बेवास्ता गरी आफ्ना नातागोतालाई बाजले कुखुरा टिपेझैं गरेर गैरकानुनी रुपमा बढुवा गर्ने यो सरकारको कार्यशैली परिवर्तन हुनै पर्छ ।

■ **अनिश श्रेष्ठ**
पुल्चोक, काठमाडौं

## प्रोत्साहन दिऊँ नयाँलाई

*समय* वर्ष ३, अंक १२२ मा छापिएको नयाँ हिरोको उदय खेल समाचार पढ्दा नयाँ आशा जागेर आयो । नेपाली खेलकुद जगत्लाई हेर्ने हो भने आन्तरिक रुपमा आर्थिक हैसियत बलियो भए पनि त्यो रकम हिनामिना भइरहन्छ, तर बाहिर आर्थिक अभावको समस्या देखाएर नेपाली खेलकुद क्षेत्र अगाडि बढ्न सकेको छैन न त खेलाडीहरूलाई आर्थिक संरक्षण नै दिन सकिएको छ । अब राष्ट्रले खेलकुदको संरचना परिवर्तन गरी अन्तर्राष्ट्रिय जगत्मा उदाउँदै गरेका राजेन्द्र भण्डारीजस्ता नयाँ हिरोलाई प्रचारमा मात्र ल्याउने होइन, आर्थिक रुपमा पनि सहायता दिएर भविष्यका लागि समेत अन्तर्राष्ट्रिय प्रतियोगितामा विजयको हक जीवन्त राख्नु पर्छ ।

■ **प्रेम पाखिन**
सातदोबाटो, काठमाडौं

## धन्दा रोक्ने कानुन खै?

*समय* वर्ष ३, अंक १२२ मा ज्योतिषीहरूको धन्दा पढ्ने मौका पाइयो । यस्तो पठनीय रिपोर्टका लागि *समय*लाई धन्यवाद । चर्को शुल्क असुलेर पत्रिकामा विज्ञापन छाप्दै आफ्नो धन्दा अगाडि बढाइरहेका ज्योतिषीको भेषमा आउने धन्दावालाहरूलाई ठेगान लगाउन कानुनी व्यवस्था गर्न जरुरी भइसकेको छ ।

राजधानीका महँगा होटलमा बसेर भविष्य हेर्ने नाममा ठग्दै आएका यस्ता ठगहरूबाट लाखौं रुपैयाँ बाहिरिएको अवस्थामा सर्वसाधारणलाई यस्ता ज्योतिषीको नाममा ठगीको धन्दा चलाउनेहरूबाट बच्नका लागि अग्रिम सूचनाको पहिचान गरी सचेत बन्ने समाचार सम्प्रेषण गरेकोमा *समय* परिवारलाई विशेष धन्यवाद ।

■ **राजकुमार लिम्बु, धादिङ**
हाल : काठमाडौं
raj_k@yahoo.com

## पाँच हाइकु

चौध अञ्चल
पचहत्तर जिल्ला
सिंहदरवार

सेतो गुलाफ
युद्धविराम हुँदा
रातो गुलाफ

प्रेम र माया
वैवाहिक जीवन
गृह कलह

मध्यरातमा
जँड्याहाको उपद्रो
सुरक्षाकर्मी

मौजुदा युग
जनपरिचालन
सहिद वृद्धि

■ **रुपेशराज सपना**

## कलेज छान्न सजिलो

*समय* वर्ष ३, अंक १२२ मा छापिएको कलेज छनोट गर्दा ध्यान दिन पर्ने कुराको विषयमा पढ्न पाउँदा खुसी लाग्यो । यसले हामी जस्ता १२ कक्षा उत्तीर्ण गरेर स्नातक तहमा कुन कलेज छान्ने भनेर अलमल परिरहेका विद्यार्थीलाई धेरै सजिलो भएको छ । यसका लागि *समय*लाई धन्यवाद । *समय*को प्रत्येक अंकमा शिक्षासम्बन्धी विभिन्न विषयका रिपोर्टिङ पढ्न पाइयोस् ।

■ **रमेश न्यौपाने**
धैबुङ-५, रसुवा

## ज्योतिषको आवरणमा ठगी

*समय* वर्ष ३, अंक १२२ को ज्योतिषिको ठगीधन्दाको विषयमा आफैं हात हेराउने निहुँमा पसेर ठग ज्योतिषीहरूको पर्दाफास गरेकोमा *समय*लाई विशेष धन्यवाद । मुलुकको पैसा यस्तै धन्दावालाहरूको खल्तीबाट बाहिरिने गर्छ । यसमा कसैले चासो देखाएको पाइँदैन । ठग्नकै लागि बाहिरबाट भित्रिएकाहरू ज्योतिषको व्यवसाय मात्र गरेर बसेका छैनन्, अन्य क्षेत्रमा पनि आफ्ना गिद्धे नंग्रा गाडिरहेका छन् । *समय*ले ठग ज्योतिषीहरूको ठगीको धन्दाको समाचार बाहिर ल्याएर उनीहरूको कर्तुतलाई नांगो बनाएझैं अन्य क्षेत्रमा पनि *समय*को ध्यान जाओस् र यस्ता खोजमूलक समाचार अझै पढ्न पाइयोस् ।

■ **हरिप्रसाद ढुंगाना**
प्यूठान
हाल : स्वयम्भू

**समयको ईमेल ठेगाना samay@vianet.com.np वा samay@bhrikuti.com**

**शिवपुरी बाबाले अति आग्रहका बाबजुद पनि कसैलाई शिष्य बनाएनन् । उनको भनाइ थियो, 'शिष्य बनाएपछि शिष्य नजागेसम्म गुरुले उसको ख्याल राख्नु पर्छ । केही गरी शिष्यले मुक्ति पाउन नसकी अर्को जन्म लिएमा गुरुले पनि फेरि जन्म लिनु पर्छ वा अशरीरी रुपमा या अन्य कुनै प्रकारले उसलाई मार्गदर्शन दिइराख्नु पर्छ ।**



# चाहिन्छ कर्ता त्याग्ने संन्यासी

■ स्वामी आनन्द अरुण

'कला आदर्शपूर्ण हुनु पर्छ, विचार यथार्थपरक हुनु पर्छ र जीवन कलात्मक हुनु पर्छ ।'

यो कथन हो सन्तसम्राट शिवपुरी बाबाको, जसको जीवन नै यस कथनको उत्तम उदाहरण थियो । उनको जन्म दिवस तिथिअनुसार भदौ महिनाको मूल नक्षत्रका दिन उहाँको समाधि मन्दिर ध्रुवस्थलीमा भन्डारा गरी मनाउने चलन छ । यसपालि पशुपतिका जोगीहरू, उहाँका भक्तहरू साथै ओशो संन्यासीहरूको पहिले भन्दा ठूलो उपस्थिति थियो ।

बाहिरबाट झट्ट हेर्दा ओशो र शिवपुरी बाबाको जीवन र दर्शनमा बडो असमानता देखिन्छ । शिवपुरी बाबा सम्पन्न रजौटा परिवारमा जन्मिए । १६ वर्षको कलिलै उमेरमा अमरकण्टकको जंगलमा पसी परमात्मबोध पछि मात्र ५० वर्षका उमेरमा बाहिर निस्के र जीवनका अन्तिम दिनहरूमा भक्तहरूले सेवाभावले ल्याइदिएको अन्नजलमै उनले व्यवहार चलाए, तर ओशोले एक गरिब घरमा जन्मेर गहन साधना गरी विश्वविद्यालयमा पढ्दाखेरि नै संबोधि प्राप्त गरे । त्यसपछि आफैं अर्जित अकुत आम्दानीले एक समृद्धशाली जीवन बाँचे । मैले यसबारे सोध्दा ओशो हाँसेर ठट्यौली पाराले भन्थे, 'हेर त्याग त गर्नै पर्छ । त्यागविना केही हुँदैन । बुद्ध, महावीर र शिवपुरी बाबाजस्ता सन्तले उनका पुर्खाले अर्जेको राजपाठ त्यागे भने मैले पनि मेरा पुर्खाले अर्जेको गरिबीलाई त्यागेको छु । मेरो जीवनदर्शन नै आध्यात्मिक र सांसारिक सम्पन्नताको समन्वयमा आधारित छ । संसार धेरै गरिबीमा बाँचिसक्यो र म चाहन्छु, अब यस संसारबाट यो अभिशाप सधैंका लागि हटोस् । प्रविधिको सहायता र सम्यक् जीवन बाँच्न सकियो भने गरिबी हाम्रा लागि अतीतको कथा मात्र हुनेछ ।'

शिवपुरी बाबा लगभग ५० वर्ष परिव्राजक भई पूरै संसारको परिभ्रमण क्रममा करिब ८० प्रतिशत भाग पैदल हिँडे । ओशो आफ्नो कोठादेखि लगभग ८० मिटरको दूरीमा रहेको प्रवचन स्थलसम्म पनि वातानुकूलित कारमै जान्थे ।

शिवपुरी बाबाले अति आग्रहका बाबजुद पनि कसैलाई शिष्य बनाएनन् । उनको भनाइ थियो, 'शिष्य बनाएपछि शिष्य नजागेसम्म गुरुले उसको ख्याल राख्नु पर्छ । केही गरी शिष्यले मुक्ति पाउन नसकी अर्को जन्म लिएमा गुरुले पनि फेरि जन्म लिनु पर्छ वा अशरीरी रुपमा या अन्य कुनै प्रकारले उसलाई मार्गदर्शन दिइराख्नु पर्छ । यो जानेरै अधिकांश बुद्धपुरुषहरू शिष्य बनाउन अनकनाउँछन् ।' यसै सन्दर्भमा मलाई ऋषिकेशका मस्तराम बाबाको यो कथन सम्झन पुग्छु । जब उनका सेवक प्रकाशजीले वर्षौंको सेवापछि उनीसँग दीक्षा मागे, मस्तराम बाबाको जवाफ थियो, 'देखो यहाँ लेनेदेनेका मै कोही व्यवहार नही करता । जब तक इच्छा है मेरे पास रहो । जब जाने की इच्छा हो, मुझे कहेबिना चुपचाप चले जाना । न मै किसीको आने के लिए कहता हुं । न मै किसीको जाने को कहता हुं ।'

ओशोले पनि आफ्नो बुद्धत्वको १७ वर्षसम्म जति आग्रह गरे पनि शिष्य बनाउन मानेनन्, त्यो आग्रह गर्नेमा यो पंक्तिकार पनि एक थियो । तर, १७ वर्षपछि मनालीमा कृष्णका बारेमा बोल्दा अचानक उनले दीक्षा दिने निर्णय गर्दै भने, 'अब पृथ्वीमा कृष्ण र जनक जस्तो संन्यासी चाहिन्छ । कर्म त्याग्ने संन्यासीले गर्दा धर्मको धेरै हानि भयो अब कर्ता त्याग्ने संन्यासी चाहिन्छ । म नयाँ संस्कृतिको जग बसाल्छु ।' शिवपुरी बाबाले पनि बेनेटको प्रश्नको जवाफमा भनेका रहेछन्, 'एउटा ठूलो क्रान्ति आउँदै छ । पुरानो संस्कृति मरिसक्यो । यसले मनुष्यतालाई सुख दिन सक्दैन । अब यो संस्कृति समाप्त हुन्छ ।' त्यही नयाँ संस्कृतिको जग बसाल्न ओशोले कठीन संघर्ष गरे ।

ओशोले जो दीक्षा लिन आयो त्यसलाई कहिल्यै खाली हात फर्काएनन् । शरीर छोडिसकेपछि पनि हामी जस्ता व्यक्तिका हातबाट लाखौंलाई दीक्षा दिइराखेका छन् । यसरी बाहिरबाट हेर्दाखेरी शिवपुरी बाबा र ओशोका बीच भिन्नता देखिए पनि उनीहरूको मूल उद्देश्य, शिक्षणसार र करुणामा म कुनै फरक देख्दिनँ ।

शिवपुरी बाबालाई ओशो बडो सम्मान र आदर साथ याद गर्थे । उनले आफूलाई मन पर्ने किताबहरूको उल्लेख गर्दा बेनेटद्वारा शिवपुरी बाबाको बारेमा लेखिएको पुस्तक 'द लङ पिल्ग्रिमेज'लाई महत्त्वपूर्ण स्थान दिएका छन् । ओशोकै शब्दमा, 'शिवपुरी बाबा भारतीय नक्षत्रमा विरलै चम्किने तारा हुन् । शिवपुरी बाबा जस्ता विभूतिलाई भेट्नु कि त भाग्यले कि त अनन्त खोजले मात्र सम्भव छ । भारत जहाँ लाखौं व्यक्तिहरू सन्तत्वको दाबी गर्छन्, त्यस्तो भीडमा सच्चा सन्त भेटाउन अति कठिन छ । बेनेट भाग्यशाली थिए । जर्ज गुर्जिएफलाई प्रथमपटक पश्चिममा बेनेटले नै चिनाएका हुन् । सोभियत संघमा फैलिएको असीमित हत्या र हिंसाको त्रासदीले त्यहाँबाट भाग्नु परेका महान् सन्त गुर्जिएफलाई टर्कीको शरणार्थी शिविरमा खाना लिन लाइनमा बसेको अवस्थामा बेनेटले प्रथम पटक देखेका थिए । आफ्ना शिष्यबीच बसेका गुर्जिएफलाई चिन्न गाह्रो छैन, तर शरणार्थीको फोहर शिविरमा मैला, फाटेका कपडामा गुर्जिएफलाई चिन्नु बेनेटको संवेदनशीलता र गुर्जिएफका विलक्षण आँखाको विशेषताले सम्भव भयो । तिनै बेनेटले पछि शिवपुरी बाबा र इन्डोनेसियाका मोहम्मद सुबुदलाई संसारमै चिनाए । बेनेटले मनुष्यतालाई ठूला ऋण लगाएर गएका छन् । बेनेटले नखोजेका भए यी बुद्धपुरुषलाई संसारले चिन्ने थिएन ।

शिवपुरी बाबाले शरीर छोड्ने बेलामा भक्तहरूले अब हामी कसरी बाँच्ने भनी प्रश्न गर्दा शिवपुरी बाबाले भनेका थिए, 'अर्को बुद्धपुरुष आउँछ र तिमीहरूलाई श्रद्धा भए म स्वप्नमा पनि निर्देश गर्नेछु ।' ओशोसँग मैले प्रश्न गर्दा, 'नेपालमा शिवपुरी बाबाका केही शिष्य तपाईंलाई आदर गर्छन्, तर तपाईंसँग दीक्षा लिएमा आफ्नो गुरुप्रति अवज्ञा हुन्छ' भन्छन् । यसको प्रत्युत्तरमा ओशोले प्रवचनमा भने, 'उनीहरूले सक्छन् भने आफ्नो प्रार्थना र ध्यानमा शिवपुरी बाबासँगै सोधून् । उनीहरूले मसँग दीक्षा लिएनन् भने शिवपुरी बाबाको अवज्ञा हुनेछ । शिवपुरी बाबाले नेपालमा जुन कार्य गर्न खोज्नुभएको थियो त्यसैलाई म अगाडि बढाइराखेको छु । शिवपुरी बाबा शरीरमै हुँदा त्यो कार्य हुन सकेन किनभने समय पाकेको थिएन । अब समय पाकिसक्यो ।'

ओशो मनाली प्रवासमा रहँदा मैले सोधेको थिएँ, 'त्यो के कार्य थियो जो शिवपुरी बाबा नेपालमा गर्न चाहनु हुन्थ्यो र जो अब तपाई पूरा गर्न चाहनु हुन्छ ।' ओशोको उत्तर थियो, 'हाम्रो एउटै कार्य हो । प्रमादकै तन्द्रामा सुतिराखेका साधकहरूलाई बोध र जागरण दिनु । उनीहरूलाई आत्मबोध र परमात्मबोध गराउनु । समस्त बुद्धपुरुषको यही उद्देश्य हुन्छ । देश, काल र परस्थितिअनुरुप विधि फरक हुन सक्छ । शिष्यहरू यसमा विवाद गर्छन् । शिक्षणको मूल एउटै हो, त्यो हेर्दैनन् । शिष्य सधैं विभाजित रहन्छन्, गुरुहरू सधैं एक ढिक्का हुन्छन् ।'

osho@tapoban.com

# जसपालका जुँगा

■ मनोज दाहाल

**'साब्, मैले एकदमै गलत काम गरेँ,** अहिले मलाई पछुतो लागिरहेको छ ।' जसपालका कुरा म बुझ्दिनँ । जसपाल के भनिरहेको छ ? अघिल्लो मोडबाट गाडी यु-टर्न नलिएकोमा जसपाल यति साह्रो थकथकाएको हो ? यो जाबो कुरामा थकथकी मान्नुपर्ने के छ र ! दिल्लीको सडकमा एउटा मोडबाट यु-टर्न लिन भुल्यो भने कम्तीमा पनि दुई किलोमिटर अगाडि पुग्नु पर्छ, गाडी फर्काउन । तैपनि मोड कटिसकेपछि अर्को ठाउँबाट गाडी घुमाउनेबाहेक अरू के नै उपाय हुन सक्छ !

'गोजीमा पैसा भएको बेला दिमागको बिर्को खुलेन', जसपाल अर्कै विषयमा कुरा गरिरहेको रहेछ । ऊ एक हातले आफ्नो टाउकोमा धारेहात लगाइरहेको छ । पछाडिबाट आएको एम्बुलेन्सलाई बाटो दिन एकछिन ऊ चुप लागेको बेला मैले सोचेको मेल खाएनछ । म हठात् रोविन एस शर्माको चर्चित उपन्यास 'द मोन्क हु सोल्ड हिज फरारी'का शब्दहरू सम्झन्छु । गल्तीहरू अनुभव हुन्, पाठ सिक्नका लागि । म शर्माको किताब दोहोर्‍याएर पढिरहेको छु । भरखरै मैले गरेको अनुमान गलत ठहरिएकोमा मलाई उति लाज लाग्दैन ।

जसपाल बोली नै रहेको छ, 'नोकरी छोडेपछि फन्डको पैसा आयो ग्वाम्म, मलाई के गरुँ, के गरुँ, भयो र यो गाडी किनिहालेँ ।' जसपालको मारुती भ्यान चढेर हामी लोटस टेम्पल गइरहेका छौं । खासमा यो कुनै मन्दिर होइन, ध्यान केन्द्र हो । तर, कमल फूलको आकारमा बनाएकाले यसको नाम लोटस टेम्पल राखिएको छ । दिल्लीका कुनाकुनामा घुम्नका लागि ठाउँको कुनै कमी छैन । तर, म पहिले नै एकपटक गइसकेको लोटस टेम्पलतर्फ हान्निइरहेको छु । मलाई आज जसपालका कुरा सुन्नु छ । अस्ति उसका कुरा सुन्दासुन्दै उसलाई गाडी निकाल्नु पर्‍यो । विचरा ऊ गाडी निकाल्न छोडेर मलाई आफ्नो कथा सुनाइरहन सक्दैन । 'भैगो, अर्को कुनै दिन', मैले भनेको थिएँ । आज त ऊ मेरै कोठामा आएछ बिहानै । 'साब्, आज लोटस टेम्पलको सवारी पाएको छु । जानुहुन्छ ? कुरा गर्दै जाउँला ।'

'अब क्वाटर पनि छोड्नु पर्छ भनिरहेको छ । पहाड जाने सोचिरहेको छु । तर, यो पेट्रोल गाडी लिएर पहाड कसरी जाऊँ साब्, दिल्लीमा त यसले पानी बराबर तेल खान्छ । पहाडको बाटोमा त यसले म एक्लैलाई पनि तान्दैन, सवारीको के कुरा ।' म के भनेर सम्झाउँ जसपाललाई ? गाडीबारे मलाई केही थाहा छैन । जसपालका विदेशी सवारीहरू दिल्लीका सडक देखेर मुख बिगारिरहेका छन् । हपहपी गर्मीमा लगातार टिस्यु पेपरले मुख चिस्याइरहेका छन् । धन्न हिजो परेको पानीले दिल्लीको राप केही मन्द भएको छ । तर, आज चरक्क घाम चर्किएको छ । भियतनामी युवतीका शुभ्र पाखुरामा खल्खल्ती पसिना बगिरहेको छ ।

'मैले डिजेल गाडी किन्नु पर्थ्यो साब्, माथि पहाडमा सवारी बोकेर केही पैसा कमाउन सक्थें । अब नोकरी सकिएपछि दिल्लीको महँगीमा कसरी बस्नु ?', म लगातार मुन्टो हल्लाइरहेको छु । एम्स अस्पतालअघिको स्काइओभरबाट जसपालले भरखरै गाडी साउथ एक्सन स्टेन्सनतर्फ मोडेको छ । यतापट्टि ट्राफिक निकै कम छ । जसपाल स्वाट्ट स्वाट्ट दिल्लीका अटोरिक्साहरूलाई पछाडि पारिरहेको छ । म उसैलाई हेरिरहेको छु । उसका मोटा र चिल्ला जुँगा देख्दा कसैले जसपालको दुःख अनुमान गर्न सक्दैन ।

'कति वर्ष भयो, गाडी चलाउन थालेको ?'

'झन्डै ५० वर्ष ।' लौ, मैले जसपाललाई उमेर सोधेको होइन । 'होइन, गाडी चलाउन कहिले थालेको ?'

'सन् अन्ठाउन्नमा हो साब्, मैले गाडी चलाउन थालेको । दिल्लीका सडकमा जम्माजम्मी दुईवटा गाडी हुन्थ्यो त्यसबेला । एउटा एम्बसेडर, अर्को फियेट । अब अहिले सारा संसारभरिका गाडी यहाँ जम्मा भएका छन् । एम्बसेडर र फियेट एउटै पनि देखिँदैन ।' तर, अहिले मेरा कानले उसका कुरा सुनिरहेका छैनन् । मैले ५० वर्ष भयो होला भनेर अन्दाज गरेको जसपालले गाडी चलाउनै थालेको यति वर्ष भयो भन्दा म छक्क परेको छु । कति वर्षको भयो होला यो मान्छे ? 'म अहिले अठसट्ठी वर्ष पुगेँ साब् । ३६ वर्ष सरकारी नोकरी गरेर भरखरै छुट्टी पाएँ ।'

'पेन्सन आउँछ होला नि त ?' 'कहाँ पेन्सन आउने साब्, फन्ड डबल गर्ने भनेर पेन्सनको पैसा काट्यो । त्यसैले त अहिले दुःख पाइरहेको छु । नोकरी छोड्दा आएको सबै पैसा गाडीमा खन्याएँ । अब अहिले हातमा पाँच पैसा छैन । कमाइ पनि दुई पैसा छैन ।'

'अहिलेसम्म अफिसकै क्वाटरमा बसिरहेको थिएँ । अब क्वाटर पनि छोड्नुपर्छ रे ।' जसपालको हँसिलो अनुहार हठात् दुखी देखिएको छ । के मैले एक-दुई हजार रुपैयाँ दियो भने जसपाललाई केही भरथेग होला ? टाढाबाट लोटस टेम्पल देखिइरहेको छ । जीउमा आगो झोसेजस्तो गरी मेरो पाखुरा घामले पोलिरहेको छ । विदेशीहरूले झोलाबाट क्यामेरा झिकेका छन् । जसपालले पेन्टको दाहिने खल्तीबाट बिडीको मुठा निकालेको छ । ओहो, यो मान्छे बिडी पनि खाँदो रहेछ ।

'अरू बेला त कहिले देखेको थिएन ?', मेरो प्रश्न सुनेर जसपाल लजाएको छ । पाँच दशकसम्म अर्काका गाडी कुदाएर ठूलाबडालाई बोकेको जसपालमा अदब मान्ने बानी नै परेको हुन सक्छ । नत्र जसपाललाई मसँग किन लजाउनु पर्थ्यो ?


'कहिलेकाहीँ हो साब्', जसपालका जुँगा हल्लिएका छन् । गाडीको झ्यालबाट फुसफुसी धुवाँ फ्याँकिरहेको ऊ अहिले शान्त देखिएको छ ।

'तर, ठिक छ साब्, पोहोर साल ठूलो छोरीले जागिर पाई । उसले कमाउँछे महिनाको तीन हजार ।' हत्तेरिका, यो उमेरमा जसपाललाई छोरीले पालिरहेकी छे ? मैले मनमनै जसपालको छोरीलाई सलाम गरेको छु । ५० वर्षसम्म नोकरी गरेर फुक्का भएको बाबुलाई कमाएर पाल्ने छोरी सम्झेर मेरो मन फुरुंग भएको छ ।

'कति पढेकी छे छोरीले ?'

'पढ्न सकिन साब्, तर मैले पहिले कुदाउने गाडीको साबले जसपाल, तिम्रो लागि मैले के गर्नु पर्छ भनेर सोध्नुभयो । मैले साब्, यो छोरीलाई नोकरीमा लगाउन पाए हुन्थ्यो भनेँ । उहाँले कम्प्युटरको काममा लगाइदिनुभयो ।'

लोटस टेम्पलको बाहिर जसपालले भरखरै गाडी पार्क गरेको छ । ■



## पर्यटन जनशक्तिका लागि एकेडेमी



**पर्यटन उद्योगका** दक्ष जनशक्ति विकासका लागि 'हिमालय एकेडेमी अफ ट्राभल्स एन्ड टुरिजम' स्थापना गरिएको छ। यसै साता राजधानीमा आयोजित एक कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रदीप ज्ञवालीले उक्त संस्थाको उद्घाटन गरेका छन्। सो अवसरमा एकेडेमीका अध्यक्ष सुमन पाण्डेले नेपालमा पर्यटन उद्योगको सम्भावना प्रशस्त भए पनि दक्ष जनशक्तिको अभाव भएकाले एकेडेमी संचालन गरिएको बताएका छन्। एकेडेमीले पर्यटन उद्योगमा आवश्यक जनशक्तिको उत्पादन गर्नेछ। नयाँ दिल्लीस्थित 'करियर मेकर्स'सँग सम्बन्धन प्राप्त भएको र भारतमा दक्ष पर्यटकीय जनशक्ति उत्पादनका अनुभवका आधारमा नेपालमा कार्य गर्न लागिएको पनि सो अवसरमा बताइएको छ। ■

## यारिस कारको सो रुम

**मल्ली अटोमोवाइल्स** प्रालि 'टोयोटा यारिस' कारको एक्सल्कुसिभ डिलर नियुक्त भएको छ। यसले नेपाली बजारमा यारिस कारको बिक्री गर्नेछ। टोयोटाद्वारा जारी विज्ञप्तिअनुसार उक्त कम्पनीका अन्य उत्पादनहरू पनि यसले बजारमा लैजानेछ। काठमाडौंको प्रदर्शनीमार्गमा मल्ली अटोमोवाइल्सको सो रुम पनि हालै उद्घाटन गरिएको छ। ■

## माछापुच्छ्रेको मोवाइल सेवा

**माछापुच्छ्रे बैंकले** मोवाइल प्रयोगकर्ताका लागि अनलाइन मोवाइल बिल भुक्तानी सेवा सुरु गरेको छ। यो सेवा प्रयोग गर्न चाहने ग्राहकले उक्त बैंकको कुनै पनि शाखाबाट मोवाइल बिल भुक्तानी गर्न पाउनेछन्। यसबाट ग्राहकको समयको बचतका साथै तुरुन्त सेवा प्राप्त गर्न सक्नेछन्। यो सेवा वर्षैभरि र सन्ध्याकालीन काउन्टरबाट समेत पाउन सकिनेछ। ■






# तयार छैनन् फर्किन


मोरङको याङशिला गाविसका सचिव मनोज मण्डल धरानमा काम गर्दै

**स्थानीय विकासमन्त्री** राजेन्द्र पाण्डेले पूर्वका स्थानीय निकाय प्रमुखहरूलाई भदौ १३ गते विराटनगरमा सम्बोधन गर्दै गाउँ नफर्किने सचिवहरूलाई कडा कारबाही गर्ने चेतावनी दिएका थिए। तर, मन्त्री पाण्डेले कारबाहीको चेतावनी दिएको एक साता बितिसक्दा पनि सचिवहरूले गाउँ फर्किने चासो देखाएका छैनन्। बरु, उनीहरू मन्त्री पाण्डेको निर्देशन अवज्ञा गर्ने मनस्थितिमा छन्। 'सभामा बोल्नु जति सजिलो हुन्छ, गाउँमा काम गर्नु त्यति नै गाह्रो हुन्छ', सुनसरीको विष्णुपादुका गाविसका सचिव गणेश प्रधान भन्छन्।

प्रधानले धरान-३ स्थित पुरानो सपिङ कम्प्लेक्स भवनमा एउटा टेबल र केही कुर्सी राखेका छन्, जहाँ नागरिकता सिफारिस, जन्मदर्ता, मृत्युदर्ताजस्ता काम लिएर विष्णुपादुकावासी आउँछन्। माओवादीले २०६०, असोज २९ गते बम विस्फोट गराई विष्णुपादुका गाविस भवन ध्वस्त पारेको थियो। 'झन्डै ७ लाखमा बनाइएको भवन माटोमा मिल्यो', प्रधान भन्छन्, 'त्यहाँ बस्ने कुर्सीसम्म छैन।'

सुनसरीको वराहक्षेत्र, पाँचकन्या र मोरङको याङशिला गाविसका सचिवहरूले पनि धरानमै अस्थायी कार्यालय खोलेका छन्। उनीहरू गाउँ फर्किन तयार रहेको तर वातावरण बन्न नसकेको गुनासो गर्छन्।

सजिलोका लागि गाउँमै रहेर काम गर्ने चाहना भए पनि माओवादीले स्वीकृति नदिएकाले आफू दिनैपिच्छे गाडी चढेर धरान धाउन बाध्य भएको मोरङको याङसिला गाविसका सचिव मनोज मण्डल बताउँछन्। मन्त्रीले निर्देशन, चेतावनी दिए पनि माओवादीले 'केही गर्दिनँ' भन्ने विश्वासिलो प्रतिबद्धता व्यक्त नगरेसम्म आफू गाउँ जान नसक्ने मण्डल बताउँछन्।

हुन पनि गाउँमा माओवादीको 'जनसत्ता' कायमै छ। 'जनसत्ता'ले गाविसलाई प्राप्त हुँदै आएको वार्षिक ३ लाख ७५ हजार रुपैयाँबराबरको विकास बजेटको १० प्रतिशत अंश उठाउँछ। यसबाहेक प्रत्येक सचिवले 'लेबी'स्वरुप महिनाको १ दिनको तलब माओवादीलाई बुझाउनु पर्छ। यसकारण




उनीहरू गाउँ जान तयार हुँदैनन् ।

द्वन्द्व चर्किंदै जाँदा सदरमुकाम बस्न थालेका इलामका ४८ मध्ये ३८ गाविसका सचिवहरूले गत भदौ ३ गते गाउँ फर्किने वातावरण बनाइदिन माग गरेका थिए । तर, स्थानीय विकास मन्त्री राजेन्द्र पाण्डेले सचिवहरूको समस्या बुझ्नु त परको कुरा, उल्टै तिनलाई 'कामचोर' भन्ने आसयको संज्ञा दिए ।

माओवादीले २०६१, असोज १४ गते माइपोखरी गाविसको कार्यालय भवनमा आगो लाएको थियो । धनकुटाका ३५ मध्ये ३४ गाविसका सचिवहरू सदरमुकाम बस्छन् । माओवादीले पकडमा राख्न नसकेको भेडेटार गाविसका सचिवमात्रै गाउँमा छन् । धनकुटा नगरपालिका-४ मा रहेको एउटा पुरानो सरकारी गोदाममा काम गर्दै आएका वसन्तटार गाविसका सचिव नारायण खनाल भन्छन्, 'माओवादीको गाउँ जनसरकार भंग नभएसम्म हामी निर्धक्क काम गर्न सक्दैनौं ।'

गाउँलाई राज्यशून्यको अवस्थामा पुऱ्याउने नीतिअनुरुप माओवादीले 'जनयुद्ध'को उत्प्कर्ष-कालतिर यसरी गाविस कार्यालयमा लाएका ताला खुलेको छैन । तर, मन्त्री पाण्डेले यो वास्तविकता नबुझी सरकार र माओवादीद्वारा जारी कागजी आचारसंहिताकै भरमा गाउँ फिर्न सचिवहरूलाई निर्देशन दिएका छन्, जसको उल्लंघन हुने लगभग प्रस्ट छ ।

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

# जग्गा किनेर मानसरोवर यात्रा

**मानिसको आस्थालाई** कसैले छेक्न सक्दैन भन्ने कुरा प्रमाणित गरेका छन्, ललितपुरका महर्जन परिवारले । काठमाडौं उपत्यकाबाट मानसरोवर जान भनी २७ जनाको समूहमा यसै महिना दार्चुला पुगेका यी तीन परिवार मानसरोवर जान भिसा चाहिने वा दार्चुलाको बासिन्दा हुनु पर्ने नयाँ नियम थाहा पाएपछि छक्क परे । २ वर्ष अघिसम्म आम नेपाली निर्बाध मानसरोवर जान सक्थे । महर्जन पनि यही सोचेर आएका थिए ।

शाही सरकारका परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले चीन भ्रमण गरेपछि नेपालीलाई मानसरोवर जान भिसा र नयाँ किमिसको पास चाहिने सहमतिमा हस्ताक्षर गरेर फर्केकाले यो समस्या आएको हो । दार्चुला जिल्ला प्रशासनलाई गृहमन्त्रालयमार्फत बेइजिङस्थित नेपाली राजदूतावासले चिनियाँ सार्वजनिक सुरक्षा मन्त्रालयलाई लेखको यस किसिमको पत्र गत वर्ष पनि भदौ अन्तमा मात्रै दार्चुला पुगेपछि सयौं तीर्थयात्रु फर्किनु परेको थियो ।

सहायक प्रमुख जिल्ला अधिकार शिवराज जोशी भन्छन्, 'तिब्बतसँग जोडिएका नेपालका जिल्लामा बस्ने बासिन्दाले पाउने यस्तो नयाँ किमिसको पासले मात्र मानसरोवर जान पाउने भएपछि महर्जन परिवारका तीनजनाले दार्चुलाका व्यासमा पहिला जमिन किने अनि मात्र नयाँ पास पाए र लागे आफ्नो धोको पूरा गर्न मानसरोवरतिर ।' उनका अनुसार नयाँ किमिसको यो पास प्रतिवर्ष नवीकरण गर्नु पर्ने हुन्छ । यो पास लगेर तीस किमि तिब्बती भूभागसम्म जान सकिनेछ । परम्परादेखि निर्बाध आवतजावत गर्न पाइरहेका नेपालीहरू अचानक यस्तो व्यवस्थाबारे थाहा पाएपछि धेरै जस्तो रोएर पनि फर्के यसबाट एकातिर परम्परागत हक कुण्ठित भएको छ भने अर्कोतर्फ आन्तरिक पर्यटक जो दार्चुला पुग्थे मानसरोवर जान आगामी दिनमा घट्ने निश्चित छ ।

यसबाट परेको समस्याबारे मन्त्रालयसम्म जानकारी गराएको बताउँदै जोशी भन्छन्, 'परराष्ट्रमन्त्री पाण्डेले नेपालीको नदुखेको टाउको डोरी बाँधेर दुखाउने काम गरेका छन् । यसबारे वर्तमान गठबन्धन गम्भीर हनु आवश्यक छ ।' मानसरोवरको बाटो आम नेपालीका लागि बन्द भएको पीडाले व्यासका बासिन्दालाई अझ धेरै पिरोलेको छ । यही मौसममा श्रद्धालुका कारण व्यासमा रौनकता थपिन्थ्यो । यसपालि त तिब्बतको बाटो खुलेझैं लागेन उनीहरूलाई ।

नेपाल-तिब्बत जोड्ने यो बाटो सदियौं पुरानो हो । उनीहरू परम्परादेखि नै चलिआएको नियमअनुसार नै आफ्ना आराध्यदेव कैलाश र मानसरोवर पुग्न चाहन्छन्, तर यो कति सम्भव हुनेछ । आगामी दिनमा सरकारको बागडोर लिनेहरूले यो कुरा तय गर्नेछन् । वर्तमान नियममा तोकिएको तीस किमिको पास लिनेहरू ताक्लाकोटभन्दा केही अघि मात्र पुग्न सक्छन् ।

■ **श्याम भट्ट/महेन्द्रनगर**


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org





# कुमारीमाथि कुदृष्टि

■ केशव लामिछाने/पोखरा
तस्विरहरू : सुदर्शन रञ्जित

**केही वस्तु यस्ता हुन्छन्,** जसलाई पैसासँग दाँज्ने कुराको कल्पनासम्म पनि गर्न सकिँदैन । लाखौं मनले दैनिक पूजा गर्ने कुमारी माछापुच्छ्रेको टाउकोमा मान्छेको खुट्टाले कुल्चने प्रसंग आएपछि पोखरेली संस्कृतिविद् तीर्थ श्रेष्ठको जवाफ थियो, 'यो प्रस्ताव पैसाको लागि दिदीबहिनीहरूलाई बेच्न सक्नेहरूको लागि मात्र ।' हिमालको टाउकोमा टेकेर मान्छेले झन्डा गाड्न पाउनु पर्ने माग चर्कन थालेपछि श्रेष्ठ जस्तै धेरै प्रकृतिप्रेमी पोखरेलीको मुटुमा खिल गड्न थालेको छ ।

उत्तरबाट पोखरालाई पहरा दिँदै ठिंग उभिएको माछापुच्छ्रे पोखराको प्रतीकका रुपमा संसारभरि परिचित छ । माछापुच्छ्रे छोपिएको समयको पोखरा यात्रा अधुरो हुन्छ । माछाको पुच्छर जस्ता दुईवटा चुचुरा भएको यो हिमालको स्वरुपले प्रकृतिका पारखीहरूलाई लोभ्याउँदै आएको छ । त्यसमाथि पनि अहिलेसम्म साँचिएको यसको अर्को लोभलाग्दो विशेषता हो कुमारीपन । त्यही कुमारीत्व तोड्न पाउनु पर्ने माग अहिले उठ्न थालेपछि पोखरेलीहरूको मनमा खिल गडेको हो ।

त्यसो त झन्डै डेढ दशकदेखि नै हो माछापुच्छ्रे हिमाल आरोहण खुला गरिनु पर्ने हल्ला कहिलेकाहीँ उठाइन थालेको । फेरि अहिले केही महिनादेखि पोखरामा आरोहण खुला गरिनु पर्ने विषय एउटा मुद्दाकै रुपमा अगाडि सारिन थालिएको छ । रैथाने र पोखराप्रेमीहरू यो हिमालको कुमारीत्व साँचिराख्नु पर्ने पक्षमा छन् भने काठमाडौंका केही पर्यटनको क्षेत्रमा काम गर्ने केही संघसंस्था त्यसको विपक्षमा । हिमाल खोलिनु पर्ने माग गर्नेको अगुवाइ नेपाल पर्वतारोहण संघले गरिरहेको छ । संघका सल्लाहकार भूगोलविद् डा. हर्क गुरुङ कुमारी माछापुच्छ्रेको आरोहण खुला गरिनु पर्ने पक्षका अगुवा नेता हुन् । उनले नै २०५० सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई आरोहण खुला गरिनु पर्ने निष्कर्षसहितको प्रतिवेदन बुझाएका थिए ।

'अहिलेसम्म कुमारी हिमाल भनेरै पर्यटकले मन पराइरहेको र आफ्नो सँगसँगै पोखराको पनि अरू अलग र अग्लो विशेषता बनाएको हुनाले खुला गरिन नहुने पोखरेलीहरूको तर्क रहँदै आएको छ । पोखराप्रेमी पर्यटनविद् झलक थापा उचाइमा होचो भए पनि पोखरेलीहरूको आस्था एवं श्रद्धापूर्ण माछापुच्छ्रेको उचाइ इन्ची टेपले नाप्न नसकिने बताउँछन् । यो हिमाल ६ हजार ९ सय ९७ मिटर मात्रै छ । संसारभरका हिमालहरूमध्ये सुन्दर मानिएका ३ हिमालमध्येको एक हिमाल हो माछापुच्छ्रे । माछापुच्छ्रेसँगै सुन्दर हिमालहरू नेपालकै पूर्वको आमादब्लम र स्विजरल्यान्डको मार्टरहन हिमाललाई मान्छेको पाइतालाले कुल्चिसकेको छ । 'यही एउटा माछापुच्छ्रे मात्रै चोखो रहेकाले यसको महत्त्व धेरै छ', भन्छन् संस्कृतिविद् तीर्थ श्रेष्ठ ।

सधैं सधैं कुमारीत्वको पक्षमा मात्रै पोखरेलीको आवाज आइरहेपछि अहिले आरोहणको पक्षमा रहेका डा. गुरुङ र नेपाल पर्वतारोहण संघले पोखरेली र माछापुच्छ्रे हिमाल फेदीका मानिसहरूको आर्थिक उन्नति हुने तर्क अघि सारेर लोभ्याउन थालेका छन् । तर, यो तर्कभित्र पर्वतारोहण संघको अर्कै दाउपेच लुकेको छ भन्ने भेउ पाउन सोझासाधा पोखरेलीहरूलाई गाह्रो भएन । पोखरामा आउँदा हिमालफेदीका मान्छेहरूको आर्थिक उन्नति हुनसक्ने लोभ देखाउनेहरूले सरकारसँग भने अर्कै तर्क र





सर्त पेस गरेका छन्। डा. गुरुङले सरकारलाई दिएको प्रतिवेदनमा नेपाल पर्वतारोहण संघले पोखरामा निर्माण गरेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयलाई सबैभन्दा धेरै चन्दा दिनेलाई माछापुच्छ्रेको कुमारीत्व तोड्ने अनुमति दिइनु पर्ने उल्लेख छ। तर, संघले अहिलेसम्म करोडौं खर्च भयो भन्दै आएको संग्रहालयको नाजुक हालत र भ्रष्टाचार सबैका अगाडि स्पष्ट छ।

नेपालमा आरोहणका लागि खुला गरिएका ३ सय २८ हिमालमध्ये ३३ वटाको राजस्व संघले लिँदै आएको छ। तिनै हिमालफेदीका गाउँको विकासको उद्देश्य राखेर संघलाई राजस्व संकलन गर्न दिइएको हो। तर, भ्रष्टाचारमा चुर्लम्म डुबेको संघले फेरि माछापुच्छ्रे आरोहण गर्नेका लागि संग्रहालयमा चन्दा हाल्नेबाट आएको रकम के कति पारदर्शी हुने हो भन्ने आफैंमा शंकाभित्र छ। माछापुच्छ्रे पहिलोपटक चढ्न अनुमति दिने नाममा संग्रहालयका नाममा पैसा संकलन गर्ने एक मात्र उद्देश्य भएको त सरकारसँग राखिएको सर्तका रुपमा दिएको सुझावबाट पनि प्रस्ट छँदै छ।

माछापुच्छ्रे फेदीका गाउँको विकासका लागि आर्थिकस्रोत खोज्न माछापुच्छ्रे आरोहण खुला गर्नु पर्ने तर्कको वजन देख्दैनन्, श्रेष्ठ। आर्थिक उन्नतिका लागि त हिमाल फेदीको पीपर भन्ने ठाउँलाई गन्तव्य बनाउने गरी पर्यावरणीय पदयात्रा सुरु गर्न सकिने उनको तर्क छ। 'संसारमा पाइने जम्मा ७ थरि कालिजमध्ये ६ थरि एकै ठाउँमा पाइने एक मात्रै ठाउँ हो माछापुच्छ्रे फेदी। पुतली र वनस्पति अनि वन्यजन्तुको विविधता पनि उत्तिकै बाक्लो छ त्यहाँ।' चराविज्ञसमेत रहेका झलक थापा भन्छन्, 'अहिले पनि पक्षी हेर्नका लागि केही पर्यटक आउँछन्।' यो विविधताबारे प्रचार गर्न सके गाउँको उन्नति हुनसक्ने बताउँछन्, थापा।

आरोहण खुला गरेका हिमालहरूका फेदीको गाउँको आर्थिक उन्नति हुन्छ भन्ने तर्कप्रति पनि धेरै असहमत छन्। युवा फोरम नेपाल पोखराका अध्यक्ष जीवन बराल भन्छन्, 'त्यसो भए अन्नपूर्ण, धौलागिरी र मनास्लु फेदीका गाउँको विकास भएको हुनु पर्ने हो। तर, भएको छैन नि। माछापुच्छ्रे आरोहण खोल्दैमा पर्यटक ओइरो लाग्ने भए त अन्नपूर्ण, धौलागिरी र मनास्लु अनि अरू अरूमा पनि लाग्नु पर्ने हो नि खै त लागेका ?' सगरमाथाभन्दा पनि अघि चढिएको जेठो हिमाल हो, अन्नपूर्णमा १९७० पछि आरोहण भएको उल्लेख्य अभिलेख छैन। धौलागिरी र मनास्लुको हालतच त्यस्तै छ। अन्नपूर्ण आरोहणका लागि एकजना पनि उक्लिएको थाहा हुँदैन। तर, त्यसको फेदीसम्मै पुगेर हेर्न जानेहरूको हजारौंको हुल बर्सेनि लाग्ने गरेको छ। संस्कृतिकर्मी श्रेष्ठ कञ्चनजंघा आरोहण गर्न जाने कोही नभएर त्यसको फेदीका नेपाली गाउँमा कुनै परिवर्तन नभएको तर त्यही हिमाल हेर्न भारतको दार्जीलिङमा पर्यटकको भीड लाग्नुबाट हिमाल आरोहण गर्नेहरूले भन्दा हेर्न आउनेहरूका कारण आर्थिक उन्नति बलियो हुने विचार राख्छन्। उनी भन्छन्, 'कुमारी माछापुच्छ्रेको कुमारी विशेषता घटाएरभन्दा राखेरै धेरै पर्यटक तान्न सकिन्छ।'

त्यसो त पूर्वका कयौं हिमाल र अन्नपूर्ण र धौलागिरी शृंखलाकै थुप्रै हिमाल पहिलो पटक आरोहणको कीर्तिका लागि बाहेक पुनः आरोहण गर्न पर्यटक आएका छैनन्। त्यसैले कुमारी माछापुच्छ्रेको कुमारीत्व तोड्नका लागि मात्रै तोड्न दिन नहुनेतर्फ नेपाल पर्वतारोहण संघको अन्नपूर्ण च्याप्टर पनि सहमत भइसकेको छ। आरोहण खुला गर्न नहुने विचार बोकेका नयाँ पुस्ताले कुमारी माछापुच्छ्रेलाई विश्वसम्पदा सूचीमा राख्नु पर्ने माग समेत गरेका छन्। ■

**माछापुच्छ्रे आरोहण खुला गरेर पर्वतीय संग्रहालयका लागि अर्थ संकलन गर्न खोजेको संघको आर्थिक पक्ष शंकास्पद मात्रै होइन, अनियमित पनि छ। हिमाल चढ्नुभन्दा हेर्न आउनेहरू नै धेरै हुने भएकाले पवित्र हिमालको लोभलाग्दो विशेषता मेट्न नहुने तर्क छ पोखरेलीहरूको।**






तेजबहादुर बस्नेत

लोकसेवा आयोग

# स्वार्थीहरूको तारोमा

■ **किरण भण्डारी/काठमाडौं**

**संक्रमणकालमा हुल** इज्जत र नाराबाजीको भरमा नाजायज फाइदा लिन अग्रसर अवसरवादी समूहको पछिल्लो सिकार लोकसेवा आयोग भएको छ। विभिन्न सेवा समूहका शाखा अधिकृत तहको लिखित परीक्षाको नतिजा प्रकाशनमा धाँधली भयो भन्ने आधारहीन आरोपका कारण आयोगका नियमित काममा समेत बाधा पुगेको छ।

'निष्पक्षता'को प्रतीक बनेको आयोगले आफूलाई चोखो सावित गर्न उच्चस्तरीय छानबिन समिति गठन गरी अग्निपरीक्षाबाट उत्रिनुपरेको छ।

धाँधलीको आरोप खेपिरहेको आयोग सचिवालय छानबिनबाट निर्दोष सावित भए पनि सचिवालयमाथिको प्रहार जारी छ। आयोगका पदाधिकारीसमक्ष स्मरणपत्रको ठेली, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रतिनिधिसभा राज्य व्यवस्था समितिमा उजुरीको ओइरो र बेनामी धम्कीको क्रमसमेत अझै नरोकिएको गुनासो आयोग स्रोतको छ।

लोकतन्त्र स्थापनाबाट मर्माहत भएका तत्त्वहरू समेत प्रजातन्त्रको स्तम्भमध्येको संवैधानिक निकायलाई बदनाम गराउने दाउपेचमा लागेको आरोप लगाउनेहरू पनि छन्। प्रतिनिधिसभा राज्य व्यवस्था समितिमा विचाराधीन सैनिक ऐन संशोधन विधेयकमा सैनिक अधिकृतको भर्ना-बढुवामा आयोगको संलग्नता व्यवस्था गरिएकोमा त्यस्तो प्रावधानमाथि सेनाको गम्भीर आपत्ति र लोकसेवामाथिको प्रहारलाई अलग्याएर हेर्न नसकिने धारणा राख्नेहरूको संख्या पनि ठूलो छ।

प्रशासन र न्यायसेवाका विभिन्न सात समूहको अधिकृत पदका लागि भएको लिखित परीक्षामा अनुत्तीर्ण भएका उम्मेदवारहरूले आयोग सचिवालयको संलग्नतामा परीक्षा धाँधलीपूर्ण भएको भन्दै गरेको विरोधले आमसमुदायमा केही दिन आशंका उब्जाए पनि झन्डै २ साताको छानबिनले परीक्षा निष्पक्ष भएको निचोड निकालेको छ।

आयोगको ५५ वर्षको इतिहासमा पहिलोपटक धाँधलीको आरोप लागेपछि बनेको उच्चस्तरीय छानबिन समितिले भदौ १४ गते प्रतिवेदन तयार गरी अध्यक्ष तीर्थमान शाक्यसमक्ष बुझाएपछि आशंका मेटिएका छन्।

आयोग सदस्य उर्मिला श्रेष्ठको अध्यक्षतामा गठित समितिमा डा. भीमदेव भट्ट, डा. गणेशमान गुरुङ, डा. श्रीकृष्ण यादव, श्रीमती विजया केसी सदस्य थिए। छानबिनलाई थप विश्वसनीय बनाउन नायव महान्यायाधिवक्ता कृष्णप्रसाद प्रसाई र कानुन मन्त्रालयका सहसचिव भेषराज शर्मा पनि सदस्यको हैसियतले कार्यरत थिए।

लोकतन्त्रको आगमनसँगै विभिन्न सरकारी-अर्धसरकारी निकाय, प्रतिष्ठान, विकास समिति, विश्वविद्यालयमा जथाभावी माग राखेर 'आन्दोलन' चलिरहेको बेला परीक्षामा अनुत्तीर्ण भएकाहरूले आयोगलाई निराधार आरोप लगाएर कमजोर तुल्याउने प्रयास गरेको निष्कर्ष छानबिन प्रतिवेदनले निकालेको छ।

स्वतः स्थायी, करार, बढुवा, पदस्थापन लगायतका तजबिजी मागप्रति सरकार सकारात्मक देखिएकाले आयोगमाथि पनि अवसरवादी तत्त्वहरू खनिएको ठहर गरिएको छ। प्रधानमन्त्री र मन्त्रीहरूबाट सस्तो लोकप्रियताको लोभमा जस्तोसुकै मागमा जथाभावी आश्वासन दिइएकाले लोकसेवाको अस्मितामा समेत धावा बोल्ने मनोबल अनुत्तीर्ण हुनेहरूमा देखिन्छ।

'भीड जम्मा गरेर माग राखे जे पनि पाइन्छ भन्ने सन्देश गएको छ', आयोगका एक सदस्य नाम उल्लेख नगर्ने सर्तमा भन्छन्, 'लोकसेवालाई पनि धम्काएर जागिर खाऔँ भन्ने मानसिकताले काम गरेको देखिन्छ।'

प्रशासन र न्यायसेवाका विभिन्न समूहको १ सय ५९ पदका लागि २०६२ साल फागुन महिनामा संचालित लिखित परीक्षाको नतिजा आयोगले साउन १७ र २१ गते प्रकाशित गरेको थियो। अन्तिम नतिजा प्रकाशनका लागि अन्तर्वार्तासहित विभिन्न चरण बाँकी रहेकै बेला असफल हुनेहरूले आन्दोलन सुरु गरेर पदपूर्ति प्रक्रियामा गतिरोध उत्पन्न गरेका छन्।

सरकारको नीति निर्माण तहको प्रवेशद्वार मानिने

## आरोप

- प्रश्नपत्र लिक गरिएको,
- एक घन्टामा परीक्षा हलबाट बाहिरिएका उम्मेदवार पास भएको,
- ३३ प्रतिशत महिलालाई उत्तीर्ण गराएको,
- घर, कोठा, अफिसमा लगी परीक्षण गर्दा प्राप्तांक साटिएको,
- आयोगका उपसचिवद्वयका नातेदार पास भएको,
- पूर्वसचिव हेमराज पौडेललाई परीक्षण गर्न दिएको उत्तरपुस्तिका अन्य व्यक्तिलाई परीक्षण गर्न दिइएको ।

## छानबिनको ठहर

- प्रत्येक विषयको कम्तीमा ५ सेट प्रश्न तयार गरिने र तीमध्ये अध्यक्षले परीक्षाको दिन छनोट गर्ने हुँदा लिक हुने सम्भावना देखिएन,
- उजुरीमा पोलिएका परीक्षार्थीको उत्तरपुस्तिका पुनःपरीक्षण गर्दा सबै प्रश्नको उत्तर दिएको देखियो,
- आयोगको नतिजा मेरिट प्रणालीबाट गरिएकाले पुरुष र महिला भनेर आयोगले भेदभाव सरोकार नराखेको,
- कोडिङ गरिएको कापीको मुठा कसलाई जाँच्न दिने भनी अध्यक्षले चिन्ह लगाएर निर्णय दिने हुँदा कसैले पनि थाहा पाउन नसक्ने,
- आयोगले अवलम्बन गरेको परीक्षा पद्धति हेर्दा कुनै व्यक्तिले चाहँदैमा कसैलाई पास गराउन नसक्ने,
- अहिले विवादमा परेका कुनै पनि पत्रका उत्तरपुस्तिकाहरू पूर्वसचिव हेमराज पौडेललाई परीक्षण गर्न नदिइएको ।

शाखा अधिकृतको परीक्षा धाँधलीपूर्ण भयो भन्दै विष्णुराज गौतमको संयोजकत्वमा संघर्ष समिति नै गठन गरी अनुत्तीर्णहरूले आन्दोलन चलाएका हुन् ।

आयोगका कर्मचारीको श्रीमती नातेदार उत्तीर्ण भएको, एकै घरका ३ दिदीबहिनी पास भएको, कोडिङ डिकोडिङ गर्दा अंक साटासाट गरिएको, परीक्षणका लागि जथाभावी कापी बाँडिएको, महिलालाई मनखुसी आरक्षण दिएको लगायतका आरोप संघर्ष समितिले लगाएको थियो । छानबिनले यी सबै आरोप निराधार भएको देखाएको छ ।

विवाद गर्नेहरूले सबैभन्दा बलियो तर्कको रुपमा अघि सारेको आयोगका पूर्वसचिव हेमराज पौडेलको सहभागितालाई उठाइएको थियो । संघर्षमा उत्रिएका अनुत्तीर्णहरूले पौडेलले लगेको उत्तरपुस्तिका वन मन्त्रालयका शाखा अधिकृत कोषहरि निरौलालाई दिएको र निजले तीनजना आफन्तलाई उत्तीर्ण गराएको भन्ने तर्क प्रमुख थियो ।

तर आयोगका प्रवक्ता माधव ढकाल 'पौडेललाई २ वर्षदेखि लोकसेवाले कुनै पनि परीक्षाको कापी परीक्षण गर्न' नदिएको बताउँछन् । आयोग कर्मचारीमध्ये केहीका आफन्त उत्तीर्ण भएको विषयलाई पनि उत्तिकै जोडदार आरोप बनाइएको छ । तर, आयोगले अवलम्बन गरेको पद्धतिमा एकदुई कर्मचारीले चाहेर पनि कुनै हालतमा धाँधली गर्न सम्भव नभएको देखिन्छ ।

परीक्षा संचालनको सबै निर्णय सचिव वा आयोग अध्यक्षले अन्तिम घडीमा गर्ने र उनीहरू स्वयंलाई समेत कुनै पनि उत्तरपुस्तिका वा उम्मेदवारको नाम थाहा नहुने पद्धति संचालनमा छ । आयोगका अधिकांश कर्मचारीका नातेदारहरू यो परीक्षामा सामेल भएका बेला एकाध कर्मचारीलाई धाँधली गर्न दिएर अरू मुकदर्शक भएर बस्छन् भनी बखेडा खडा गर्नु अराजकताबाहेक केही पनि नभएको ठहर जोकोहीले निकाल्न सक्छन् ।

'लोकसेवा आयोगले अपनाउने पद्धतिअनुसार आयोगका सदस्य वा अध्यक्षले पनि को पास भयो को फेल भयो भन्ने जानकारी सूचना निस्केपछि मात्र थाहा पाउँछन्', प्रवक्ता ढकाल दाबी गर्छन् ।

प्रश्नपत्र लिक वा परीक्षणका बेला धाँधली वा प्राप्तांक चढाउँदा गडबडी सम्भव नहुने गरी पद्धति बसालिएको देखिन्छ । एउटै विषयको कम्तीमा ५ सेट प्रश्न तयार गरी सहभागीको संख्या हेरेर परीक्षाको दिन वा अघिल्लो दिन मात्र छनोट गरी प्रश्न बनाउने गरिएको छ । उत्तरपुस्तिका संकलन गरी नाम हटाएर कोडिङ गरी परीक्षणको लागि पठाइन्छ । नतिजा प्रकाशित गर्ने दिन मात्र डिकोडिङ गरिने हुँदा धाँधली गर्न असम्भवप्रायः भएकोमा अधिकांश निजामती कर्मचारीको एकमत छ ।

प्रश्नपत्र तयार गर्नेदेखि परीक्षण गर्नेसम्म विभिन्न चरणमा संलग्न हुने विज्ञहरूको संख्या ५ सय हाराहारी भएको जानकारी दिँदै प्रवक्ता माधव ढकाल भन्छन्, 'प्रश्नपत्र बनाउन वा कापी जाँच्न कसलाई दिने भन्ने विषयमा अध्यक्षले अन्तिम समयमा कुनै नाममा चिन्ह लगाएर टुंगो लगाउने हुँदा कुनै हालतमा पनि धाँधली सम्भव छैन ।'

पाठ्यक्रम, तथ्यांक तथा प्रकाशन, दरखास्त, परीक्षासंचालन शाखा, मोडेरेसन एकाइ र प्रश्न बैंक गरी आयोगका आधा दर्जन शाखाको अलग अलग काम भएकाले पनि निष्पक्षतामा भरोसा पुगेको छ ।

परीक्षामा संगीता घिमिरे सुवेदीले लेखासमूहको द्वितीय पत्रको परीक्षा एक घन्टामा छाडेको भए पनि निजले चारवटा परीक्षा पास गरेको आरोप पनि छानबिनपछि मिथ्या साबित भएको छ । पाठ्यक्रम शाखाका उपसचिव खगेन्द्रप्रसाद सुवेदी र सूर्यप्रसाद शर्माका नातेदार उत्तीर्ण भएको भन्ने आरोपले मुद्दालाई चर्काएको भए पनि छानबिनले उनीहरूलाई निर्दोष देखाएको छ । महिलाहरू बढी उत्तीर्ण भएकोलाई पनि धाँधलीको मापदण्ड बनाइएको छ । विभिन्न कोणबाट आरोपितहरू सबैको उत्तरपुस्तिका पुनःपरीक्षण गरेर छानबिन समिति ठहरमा पुगेको हो ।

आवेदन बढी भएपछि स्वतः बढी उत्तीर्ण हुन्छन् । लोकसेवाको परीक्षामा महिलाको सहभागितामा व्यापक वृद्धि भएपछि उत्तीर्ण हुनेको संख्या बढ्नुलाई पनि स्वभाविक रुपमा लिनु पर्ने आयोगको तर्क छ । सामान्य प्रशासन समूहमा ४१, राजस्व १ र लेखा १ गरी ४३ महिलाले यसपाला लिखित परीक्षा उत्तीर्ण गरेका छन् ।

'उत्तरपुस्तिकालाई कोडिङ गर्नेबित्तिकै पुरुष वा महिला कसको कापी हो भन्ने चिनिँदैन', प्रवक्ता ढकाल भन्छन्, 'त्यसैले महिला वा पुरुषलाई पास वा फेल गर्ने भन्ने प्रश्न नै उठ्दैन ।'

महिला मन्त्रालय र लैंगिक मूलप्रवाहीकरण कार्यक्रम (एमजिइपी)ले संचालन गरेको तयारी कक्षाले गर्दा महिलाहरू अधिक संख्यामा उत्तीर्ण भएकोमा नाना थरिको आरोप-प्रत्यारोप लगाउन नहुने सम्बन्धितहरू बताउँछन् । लोकसेवा तयारीमा रहेका महिलाको लागि चार वर्षदेखि कोचिङ संचालनमा सक्रिय सहसचिव श्यामसुन्दर शर्मा भन्छन्, 'महिला उत्तीर्ण भए भन्दैमा अन्यथा सोच्नु सरासर अन्याय हो । मन्त्रालयले मेहनतका साथ चलाएको कोचिङको प्रतिफल हो, लोकसेवाको नतिजा', हाल राष्ट्रिय योजना आयोगमा रहेका शर्मा भन्छन् ।

प्रहरीको हालैको बढुवामा भएको चलखेलले प्रहरीमा नियुक्ति र बढुवामा लोकसेवाको भूमिकाको पीडितहरूले माग गरेका छन् । सेनामा आमजनताको प्रवेश सुनिश्चित गरी समावेशी बनाउन प्रस्तावित सैनिक विधेयकमा लोकसेवाको भूमिका राखिएको छ । यस परिवेशमा आयोगविरुद्ध विभिन्न कोणबाट भएको प्रहारलाई निरपेक्ष भएर हेर्न नहुने विज्ञहरुको राय छ ।

दुई साताअघि राज्य व्यवस्था समितिसमक्ष उपस्थित प्रधानसेनापति रुक्मांगत कटवालले विधेयकका विभिन्न प्रावधानमध्ये लोकसेवाको प्रवेशप्रति गम्भीर आपत्ति प्रकट गरेका थिए । त्यसको भोलिपल्ट मुख्यालय पुगेका समिति सदस्यहरूसँग उनको त्यही गुनासो दोहोरिएको थियो ।

पदपूर्ति र बढुवा प्रक्रिया बिल्कुल तजबिजी र व्यक्तिवादी रहेकाले सेनाको अधिकृत तहमा यसको स्थापनादेखि नै ठालु वर्गको एकलौटी वर्चस्व रहेको छ । जब कि लोकसेवा आयोगले मुलुकका कुना कुनाका निम्न र मध्यमवर्गका व्यक्तिहरूलाई सरकारी हाकिम बनाएको छ । यद्यपि, यसले लिने परीक्षामा निश्चित जातको मात्र वर्चस्व रहेकाले त्यसलाई फराकिलो बनाउन जरुरी छ । सेनाको भर्ना प्रक्रियामा लोकसेवालाई प्रवेश गराउन पाए सेनाप्रति जनताको अपनत्व विकास गर्न सकिन्छ भन्ने आसय विधेयकको छ । 'लोकसेवा आयोग प्रजातान्त्रिक अंग हो । यसको भूमिका बढाएमा राज्यका सबै अंगमा सुधार गर्न सकिन्छ', पूर्वसचिव श्रीकान्त रेग्मी भन्छन्, 'प्रजातन्त्रलाई कमजोर बनाउन खोज्नेहरू नै अहिले विभिन्न बहानामा आयोगविरुद्ध जाइलागेका छन् ।'

**चुनावका समयमा मधेशका दलित बस्तीहरू राजनीतिक दलका नेताहरूका भोट बैंकका रुपमा प्रयोग हुन्छन्। अशिक्षाको कारण राजनीति चेतना नहुँदा राजनीतिक दलका नेताहरूको खोक्रा आश्वासनमै आफ्ना समस्या समाधान हुने आशा मुसहर समुदायले गरेका हुन्छन्।**

# दोस्रो दर्जाका नागरिक



ओठमा मुस्कान भए पनि आफ्ना बाबुआमाजस्तै यी मुसहर बालबालिकाको भविष्य पनि अँध्यारो नै छ।

राजेश घिमिरे

**मधेसमा सबैभन्दा पछाडि** परेका मुसहर जातिले अझै जमिनदार र सामन्तीको शोषण भोगिरहेका छन्। दलित समुदायभित्रका पनि 'दलित' मुसहरहरू जमिनदारको शोषणमा परेर एकातिर उनीहरूले भोगचलन गर्दै आएको जमिन खोसिँदै गएको छ भने अर्कोतिर जातीय छुवाछूतको चरम शोषण खेप्दै आएका छन्। भूमि र नागरिकता दुवैबाट वञ्चित मुसहर दोस्रो दर्जाको नागरिक भएर बाँचिरहेका छन्।

पुस्तौंदेखि महोत्तरीको बर्दिवास-३ मा बस्दै आएका मुसहरले नागरिकता नभएका कारण उपलब्ध आफ्ना अधिकारसमेत उपभोग गर्न पाएका छैनन्। जन्मदर्ता भएका १२ जना मुसहरलाई नागरिकता दिन प्रशासनले आनाकानी गरेपछि यहाँका ४१ परिवारका करिब २ सयजना नागरिकताविनाका नागरिक भएका छन्।

अशिक्षा र गरिबीमा पिल्सिएका मुसहरले नागरिकता नभएका कारण आफूले जानेको पेसा समेत गर्न नपाएको बताएका छन्। नागरिकता नभएका कारण बेरोजगार भएका बिल्टु सदा भन्छन्, 'ट्याक्टर चलाउन जानेको छु, तर नागरिकता नभएका कारण लाइसेन्स नबनेकाले बेरोजगार बस्नु परेको छ।'

सीमित जग्गामा गरेको खेतीले ३ महिना पनि खान नपुग्ने मुसहरले दिनभर जंगलमा गएर दाउरा ल्याएर बजारमा बिक्री गरेर जीविका चलाउँदै आएका छन्। उनीहरूको शैक्षिक अवस्था पनि नाजुक छ।

मुसहरहरूको प्रमुख समस्याको रुपमा रहेको नागरिकताको लागि पटक पटक जिल्ला प्रशासन कार्यालयसमक्ष प्रक्रिया पुऱ्याएर निवेदन दिँदा समेत स्थानीय जमिनदारको मिलेमतोमा प्रशासनले नागरिकता नदिएको गुनासो उनीहरूको छ। पीडित इचेली सदा भन्छन्, 'नागरिकता दिएपछि अधिकार खोज्छन् भनेर यहाँका जमिनदारहरूले आफूहरूलाई नागरिकताबाट वञ्चित गराउन प्रशासनलाई दबाब दिने गरेका छन्।' उनीहरूले नागरिकता नभएका कारण पुस्तौंदेखि बस्दै आएको जग्गाको समेत लालपुर्जा पाएका छैनन्। तर, मुसहरलाई नै ललाई फकाई गरेर प्रलोभन देखाएर जग्गा लिएकाहरूको जग्गा भने धमाधम दर्ता भएर लालपुर्जा लिइरहेका प्रशस्त उदाहरण दिन्छन्, इचेली।

नागरिकताको समस्या राष्ट्रिय समस्या भएकाले यसलाई सहजरुपमा वितरण गरिने प्रतिनिधिसभा घोषणा २०६३ मा उल्लेख भए पनि मुसहरलाई नागरिकता दिलाउनको लागि अझसम्म कुनै पहल भएको छैन। विशेष गरेर तराईका दलितहरूको प्रमुख समस्याको रुपमा रहेको नागरिकताको समस्याले गर्दा नागरिकको अधिकारबाट यो समुदाय पूर्णरुपमा वञ्चित भएको छ। प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेय भन्छन्, 'मुसहरलाई नागरिकता दिनु पर्नेमा नीतिगतरुपमा हामी सहमत भए पनि कानुनभन्दा बाहिर गएर नागरिकता दिन नसकिने हुँदा रीत पुगेमा मुसहरलाई तत्काल नागरिकता उपलब्ध हुन्छ।' मतदाता नामावलीमा नाम भएका कारण निर्वाचनको समयमा सबै नेताले मुसहरको नागरिकताको समस्या समाधान गर्ने आश्वासन बाँड्ने गरेको बताउँदै पीडित जुठी सदा भन्छिन्, 'चुनाव जितेर गएपछि नागरिकता त बनेन, नेताहरूको मुख समेत देख्न पाइँदैन।' चुनावका समयमा तराइका दलित बस्तीहरू राजनीतिक दलका नेताहरूका भोट बैंकका रुपमा प्रयोग हुन्छन्। अशिक्षाको कारण राजनीति चेतना नहुँदा राजनीतिक दलका नेताहरूको खोक्रा आश्वासनमै आफ्ना समस्या समाधान हुने आशा यी समुदायले गरेका हुन्छन्। ९० प्रतिशतभन्दा बढी मुसहरसँग भूमि नभएको गैरसरकारी संस्थाहरू बताउँछन्।

स्थानीय बासिन्दाको सनाखत सहित २०५९ सालमा मुसहरलाई नागरिकता दिलाउनको लागि पहल भएको थियो। तर, जमिनदारहरूको मिलेमतोमा तत्कालीन प्रमुख जिल्ला अधिकारी विमल ढकालले सबै प्रक्रिया पूरा गर्दा समेत अन्तिममा गएर मन्त्रिपरिषद्को निर्णय चाहिन्छ भनेर नागरिकता नदिएको गुनासो स्थानीय वृद्ध इचेलीको छ।

उता मुसहरहरू बस्दै आएको जग्गासमेत स्थानीय जमिनदारहरूले अतिक्रमण गरेर १५ बिघाबाट २ बिघा ८ कट्ठामा खुम्च्याइदिएका छन्। भूमिअधिकार मञ्च महोत्तरीका अध्यक्ष सोमबहादुर कार्की भन्छन्, 'मुसहरलाई फकाई फुलाई गरेर उनीहरूले भोगचलन गरेको ऐलानी जग्गा यहींका जमिनदारले आफ्नो नाममा दर्ता गरेका छन्, तर मुसहरको अवस्था भने दिनदिनै दयनीय बन्दै गएको छ।' सरकारी र गैरसरकारी संस्थाहरूले दलित र पिछडिएका समुदायको लागि करोडौं रकम खर्च गरेका छन्, तर यस्ता पीडित समुदायसमक्ष लक्षित कार्यक्रम पुग्न सकेका छैनन्। प्रशासनको मिलेमतोमा भारतीय नागरिकहरूले सजिलै नेपाली नागरिकता लिने गरेका छन्, तर नेपाली नागरिकलाई भने सधैं अल्झाउने गरेको पीडित रामवृज सदा बताउँछन्।

स्थानीय जमिनदारहरू स्वयंले नागरिकता बनाइदिने आश्वासन बाँडेर मुसहरहरूको जमिन लिने समेत गरेका छन्। केही वर्षअघि स्थानीय मदन देउवाले मुसहरलाई नागरिकता बनाइदिन्छु भनेर दुई कट्ठा जमिन लिएको बताउँदै रामवृज सदा भन्छन्, 'नागरिकता बनाइदिन्छु भन्यो र जमिन दिइयो, तर अहिले हामीलाई भेट्न समेत आउँदैन।' मधेसका करिब दुई लाखको हाराहारीमा रहेका मुसहरको मानव विकास सूचकांक कर्णाली लगायतका दुर्गम क्षेत्रका बासिन्दाको भन्दा न्यून छ।

■ **गोविन्द परियार/महोत्तरी**



कञ्चनपुरमा बालकको मृत्युपछि तनावग्रस्त राजमार्ग

# रिस राजमार्गमा

**ससुरालीमा आफन्तको** मृत्युको खबर सुनेर डडेल्धुराबाट हिँडेका राजेश पन्त भदौको पहिलो साता कञ्चनपुरको मौरीफाँटास्थित महेन्द्रराजमार्गमा सुकुमवासीद्वारा रोकिए। एक घन्टासम्म अनुनय विनय गरेपछि पनि उनीहरूको मन पग्लिएन। आफ्ना माग पूरा गर्न सरकारलाई दबाव दिने उद्देश्यले उनीहरूले राजमार्गमा जाम गरेका बताउँदै पन्त सहितको समूहलाई जिप जंगलबाट मात्र लान पाइने उर्दी गरिदिए। विवश उनीहरूले दुई घन्टा जंगलमा चक्कर काटेर बल्ल पुन: राजमार्गमा आई महाकाली किनारमा पुग्न्जेल चिताको आगो सेलाउन आँट्दैथियो। हैरान पन्तले दुखेसो पोख्दै भने, 'यो कहाँको नियम हो। आफ्ना माग पूरा गर्न सबैको बाटो नै बन्द गरिदिँदा पनि सरकार मुकदर्शक भएर हेरिरहन्छ।'

पन्त मात्रै होइन। यस्ता राजमार्ग बन्दले सुदूरपश्चिमेली मात्र नभई यहाँ हुँदै यात्रा गर्ने सर्वसाधारण दिक्क भइसकेका छन्। विगत दुई महिनादेखि झन्डै दुई साता राजमार्ग ठप्प पारिएका छन्। यसबाट लाखौं रुपैयाँको व्यवसायिक हानि त भएको छ नै सर्वसाधारणलाई पनि उत्तिकै मर्का परेको छ।

देशको यातायातको मेरुदण्डको रुपमा मानिएको महेन्द्रराजमार्ग अहिले आएर आफ्ना माग पूरा गराउने साधनको रुपमा विगत डेढ महिनादेखि प्रयोग हुँदै आइरहेको छ। सुकुमवासीदेखि आरक्षपीडितहरूले आफ्ना माग पूरा गराउन सरकारलाई दबावका लागि राजमार्गलाई निसाना बनाइरहेका छन्। यी सबैभन्दा अचाक्ली त यातायातकर्मीकै लापरवाहीका कारण बढेका दुर्घटनाले राजमार्ग बन्द हुने गरेका छन्। एक महिनामा यातायातकर्मीहरूको लापरवाहीका कारण सातवटा दुर्घटनामा ६ जनाको मृत्यु भएको छ।

विगतका दिनमा माओवादी, राजनीतिक दलहरूले विरोध स्वरुप राजमार्ग जाम गर्ने गरेको र त्यसबाट आहत व्यवसायी र सर्वसाधारणले लोकतन्त्र पुनर्वहालीपछि यो झन्झटबाट मुक्ति पाउनेको साटो झन् समस्या बढिरहेको छ। विगतमा माओवादीले राजमार्ग अवरुद्ध गर्दा सेनाले स्कर्टिङ गरेर गन्तव्यमा पुऱ्याउने गर्थ्यो। अहिले आएर प्रशासनिक निकायले बन्द राजमार्ग खोलाउनमा सक्दो प्रयास गरे पनि सफल हुन सकिरहेको छैन। यस्ता बन्दहरूले अन्तत: यात्रीहरू नै समस्यामा पर्ने गरेका छन्। घन्टौं जाम हुँदा बीच बाटोमा नै यात्रीहरू अलपत्र पर्ने गरेका छन्। सामान्यतया सरकारी पक्षलाई दबाब दिन गरिँदै आएको राजमार्ग जाम सरकारले माग पूरा गर्ने आश्वासन दिएपछि फिर्ता हुने गरिए पनि दुर्घटनामा आफन्तको मृत्यु भएपछि मृतकका आफन्तहरूले उचित क्षतिपूर्ति माग गर्दै सडक जाम गर्ने परिपाटी नै बसालेका छन्।

साउनको पहिलो साता महेन्द्रराजमार्गको गुलरिया-अत्तरिया सडक खण्डमा मोटरसाइकल दुर्घटनामा परी एक बालकको घटनास्थलमै मृत्यु हुँदा फरार मोटरसाइकलचालक र क्षतिपूर्तिको माग गर्दै मृतकका आफन्तहरूले झन्डै ४१ घन्टा पूर्ण रुपमा राजमार्ग जाम गरे। प्रशासन र मृतकका आफन्तहरूबीच अन्तमा चालकको खोजी गर्ने र उचित क्षतिपूर्ति दिने आश्वासन पाएपछि मात्र अवरुद्ध सडक खोलिएको थियो। नाम नछाप्ने सर्तमा महेन्द्रनगरका एक ट्राफिक प्रहरी भन्छन्, 'चालकहरूको लापरवाहीका कारण दिनहुँ राजमार्गमा दुर्घटना हुने गरेका छन्।'

अनौपचारिक रुपमा लोकतन्त्रको प्राप्तिपछि आफू स्वतन्त्र हुन खोज्ने मानसिकताले पनि राजमार्ग नै तारो बनिरहेको छ। कुनै एउटा समस्याका कारण अर्को समस्या खडा नहोस् भनेर पटक-पटक राजनीतिक दल र स्थानीय व्यक्तिहरूसँग सहमति भए पनि अचानक दोहोरिने घटनाका कारण राजमार्ग बन्दको समस्या दोहोरिँदै गएको छ। 'यसबाट पक्कै पनि प्रशासन खुसी छैन', निमित्त प्रमुख जिल्ला अधिकारी विष्णु अधिकारी भन्छन्। यसरी जाम गर्नुपछिको मानसिकता मुख्यतया क्षतिपूर्तिबापत ठूलो रकम माग हुने गरेको छ। कुराकानी मिलेमा राजमार्ग खोल्न उनीहरू सहमत हुन्छन्, तर यो समस्याले पछि गएर ठूलो रुप नलेला भन्न सकिँदैन।

■ श्याम भट्ट/महेन्द्रनगर (तस्विर पनि)

## बन्दको लहर

| मिति | स्थान | घटना/कारण | बन्द |
|---|---|---|---|
| साउन ४ | कञ्चनपुर | एक बालकको मृत्यु | २ दिन |
| साउन ६ | कञ्चनपुर | एक महिला घाइते | २ दिन |
| साउन ७ | कैलाली | एक व्यक्तिको मृत्यु | १ दिन |
| साउन १९ | कैलाली | दुर्व्यवहार | ४ दिन |
| साउन २६ | कैलाली | एक व्यक्तिको मृत्यु | ३ दिन |
| भदौ १ | बर्दिया | एकको हत्या | २ दिन |
| भदौ ७ | कैलाली | एक घाइते | ३ घन्टा |
| भदौ ६-७ | कञ्चनपुर | पुन:स्थापनाको माग | २ दिन |
| भदौ १५ | कञ्चनपुर | दुर्व्यवहार | १ दिन |
| भदौ १८ | कञ्चनपुर | एकको मृत्यु | २ दिन |

# कुरा बढी, काम कम

■ रुद्र खड्का/नेपालगन्ज (तस्वीर पनि)

**राहत नपाएर छटपटाइरहेका जनतालाई पटक–पटक अधिकारीहरूले घटनास्थलको भ्रमण गरेपछि के सहयोग गरेका छन् त ?**

न उनीहरू प्राविधिक हुन् न त उनीहरू बाढी पीडितहरूको लागि राहत लिएर घटनास्थल पुगेका हुन् । तैपनि गत भदौ १० गतेको मुसलधारे पानीले डुबान र पहिरोले अस्तव्यस्त भएका जनताले यो साताभरि सरकारका मन्त्री र सांसदहरूको खुब घुइँचो देखे ।

डुबानले घरमा भएको सबै अनाज नष्ट भएको छ, जिउ सन्चो छैन, बाढीपीडितहरूलाई तुरुन्त राहत चाहिएको छ, तर सरकारका मन्त्रीहरू र सांसदहरू राहतको आशाले छटपटाइरहेका सर्वसाधारणलाई खानेकुरा र औषधी लिएर होइन 'स्थलगत अध्ययन'को लागि बाढी पहिरोपछि मध्य र सुदूरपश्चिम घुमिरहेका छन् ।

एक साताको अवधिमा गृहमन्त्री कृष्णप्रसाद सिटौलाले हेलिकोप्टरबाट सुरु गरेको बाढी प्रभावित डुबान क्षेत्रको यात्रा पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रदीप ज्ञवाली हुँदै सूचना तथा सञ्चार राज्यमन्त्री दिलेन्द्रप्रसाद बडु र प्राकृतिक स्रोत तथा साधन व्यवस्था समितिका संयोजक प्रकाश ज्वालाको समूहसम्मले बाढी प्रभावित क्षेत्रको भ्रमण गरेको छ । त्यस्तै संयुक्त राष्ट्रसंघका आवासीय प्रतिनिधि माथ्यु कहानेले पनि डुबान क्षेत्रमा राहत चाहिएको खण्डमा सहयोग गर्न तयार भएको भन्दै बाँके, बर्दियाको भ्रमण गरे ।

राहत नपाएर छटपटाइरहेका जनतालाई पटक–पटक अधिकारीहरूले घटनास्थलको भ्रमण गरेपछि के सहयोग गरेका छन् त ? हेलिकोप्टरबाट बाढीप्रभावित क्षेत्रमा पुगेर लाखौं रुपैयाँ खर्च गरेका मन्त्री र सांसदहरूले फर्केपछि सरकारलाई सहयोग गर्न सिफारिस गर्ने बाढीपीडितहरूसमक्ष प्रतिबद्धता जनाए पनि सरकारले तत्काल बाँके र बर्दियाको लागि १०/१० लाख र अछाममा ४ लाख रुपैयाँ दिने निर्णय गर्नुबाहेक अन्य सहयोग पुऱ्याउन सकेको छैन । राहत स्वरुप गृहमन्त्री सीमित क्षेत्रमा च्यूरा र गुड बोकेर पुगेका थिए ।

बर्दियाका प्रमुख जिल्ला अधिकारी शिव नेपालका अनुसार गृहमन्त्रालयले उपलब्ध गराएको १० लाखमध्ये ६ लाख रुपैयाँ च्यूरा र गुड बाँड्दैमा सकिएको छ । एउटै घटनामा ठूलो संख्यामा सांसदहरू र मन्त्री पुग्नाले बाढीपीडितहरूलाई उक्त घटनामा सरकारले चासो दिएको अनुमान लगाउँदै सहयोगको आशा ठूलो थियो । बाँके, खडैचाका रामगोपाल बर्मा भन्छन्, 'बाढीपछि धेरै मान्छेको जमघट र हल्लाखल्ला धेरै हुँदा पीडितहरूलाई चाहिएको सहयोग होला भन्ने लागेको थियो, तर अहिलेसम्म सुरुका दुई छाकको लागि च्यूरा र गुडबाहेक केही पाएका छैनौं ।' घर भत्केकाहरू खुलास्थान र स्कुलमा बस्नु परिरहेको छ, उनले गुनासो गरे ।

यो सहयोग पनि सरकारको भन्दा विभिन्न गैरसरकारी संस्थाहरूले रेडक्रसलाई उपलब्ध गराएको स्रोतबाट व्यवस्था गरिएको हो । बाढीपीडितहरूलाई सहयोग गर्न रेडक्रसले एक चरणलाई एक साताको म्याद राख्दै पीडितहरूलाई पहिलेकै अवस्थामा पुऱ्याउन पाँच चरणमा विभाजन गरेर विभिन्न उद्धारका काम गर्नु पर्ने आवश्यकता ठहऱ्याएको छ । तीन चरणसम्म विस्थापितहरूलाई व्यक्तिगत सहयोगमा जोड दिने योजना बनाएको रेडक्रसले चौथो चरणपछि भौतिक संरचना र अन्य दीर्घकालीन काम थाल्ने योजना बनाएको छ ।

बाढीपीडितहरूलाई पहिलेकै अवस्थामा पुऱ्याउन रेडक्रसले तयार पारेको पाँच चरणसम्म बाँके र बर्दियामा ११ करोड रुपैयाँ आवश्यक पर्ने प्रारम्भिक


राहत नपाएपछि सदरमुकाम गुलरियामा विरोध र चक्काजाम गर्दै बाढीपीडितहरू

रिपोर्ट सार्वजनिक गरिएको छ । बाँकेमा करिब दुई करोड र बर्दियामा ९ करोड रुपैयाँ बराबरको क्षति भएकोसम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूले जनाएका छन् ।

रेडक्रसका वरिष्ठ अधिकृत ईश्वर रेग्मीका अनुसार बाँकेमा बाढीपीडितहरूको लागि दाताहरूले सहयोग गर्ने प्रतिबद्धताअनुसार अर्थ संकलन हुने अनुमान गरिएको छ । तर, बर्दियाको लागि आवश्यक पर्ने नौ करोड रुपैयाँमध्ये अहिलेसम्म ५० लाख सहयोग गर्ने दाताहरूले प्रतिबद्धता जनाएको बर्दियाका प्रमुख जिल्ला अधिकारी नेपालले बताए । अहिलेसम्म सेभ द चिल्ड्रेन, रेडक्रस, लुथरन विश्व फेडरेसन, डिएफआइडी, आइसिआरसी लगायतका संस्थाहरूले बाढीपीडितहरूको उद्धारको लागि चाहिने रकम उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् । गैरसरकारी संस्थाहरूको प्रतिबद्धताअनुसार बाँकेमा उद्धारको लागि चाहिने रकम संकलन हुने सम्भावना देखिए पनि बर्दियामा सहयोग रकम जुट्न सकेको छैन ।

संयुक्त राष्ट्रसंघअन्तर्गत बालकोष, जनसंख्या कोष, स्वास्थ्य संगठन, खाद्य कार्यक्रम लगायतले बाढीपीडितहरूलाई सहयोग पुऱ्याइरहेको आवासीय प्रतिनिधि माथ्यु कहानेले बताए । यसका अलावा केयर, अक्साफाम, वर्ल्डभिजन, एक्सन एड, फिडा इन्टरनेसनल लगायतका संस्थाहरू पनि बाँके, बर्दियाका बाढीपीडितहरूको उद्धारमा लागिरहेका छन् । तर, धेरै जसो संस्थाहरूको प्राथमिकता स्वास्थ्य सेवा र च्यूरा तथा गुड वितरणमा परेको छ । माओवादीको बाँके जनसरकारले पनि ५० हजार रुपैयाँको सहयोग कोष खडा गरेर बाढीपीडितहरूलाई सहयोग गरिरहेको जनाएको छ ।

धेरै गैरसरकारी संस्थाहरू र सरकारका विभिन्न निकायहरू बाढी पहिरोको उद्धारमा लागिरहेकै बेला बर्दियामा भने पीडितहरूले घटनाको दस दिन बितिसक्दा पनि राहत नपाएको भन्दै लगातार पाँच दिनदेखि सदरमुकाममा विरोध र चक्काजामका कार्यक्रम गरेका छन् । राहत पाउन आन्दोलन गरिरहेका गुलरिया नगरपालिका शिवशंकर टोलका कमरुद्दिन शेखका अनुसार घटनाको १० दिन बितिसक्दा पनि राहत बाँड्न कोही आएका छैनन् ।

'गाउँमा तेह्रवटा घर भत्केका छन्, बालबालिका र अन्यले सहजपूर्ण तरिकाले खाना पाएका छैनन्', शेखले भने, 'राहतको लागि प्रशासन र रेडक्रस धाउँदा जहिले पनि भोलि आऊ भन्छन् ।' अप्ठेरो पर्दा पनि सरकार र गैरसरकारी संस्थाहरूले सहयोग नगरेको उनले गुनासो गरे । घटनाको दोस्रो दिन २ सय ५० ग्राम च्यूरा र गुड तथा प्रतिपरिवार ५ केजी चामलभन्दा अरू केही सहयोग नपाएको उनले बताए ।

'घर नहुँदा कहिले अर्काको घरमा त कहिले स्कुलमा गएर सुतिरहेका छौं', बाढीले घर भत्काएदिएपछि घरबारविहीन भएका बर्दिया शिवशंकर टोलकै दुरबुजे गोडियाले राहत वितरण पक्षपातपूर्ण तरिकाले भएको आरोप लगाएका छन् । तर, बर्दियाका प्रमुख जिल्ला अधिकारी नेपालले उपलब्ध भएजति राहत पीडितहरूलाई बाँडिरहेको जनाउँदै बाढीपीडितहरूले थप सहयोगको लागि दबाब दिन आन्दोलन गरेको अनुमान लगाउँछन् । बाढीका कारण बाँकेमा ६ जनाको मृत्यु हुनाको साथै ३५ हजार मान्छे प्रभावित भएका छन् भने बर्दियामा पनि ६ को मृत्य सहित ५० हजार सर्वसाधारण बाढीको मारमा परेका छन् । सात हजार परिवार



प्रत्यक्ष प्रभावित भएको बर्दियामा ७ सय घर बाढीले बगाएको र २ हजार घरपालुवा जनावर मारिएको जिल्ला प्रशासनले जनाएको छ।

केही सञ्चारमाध्यममा बाढीप्रभावित क्षेत्रमा विभिन्न रोगको महामारी फैलिएको समाचार प्रकाशनमा आएपछि संयुक्त राष्ट्रसंघीय लगायत अन्य गैरसरकारी संस्थाहरू स्वास्थ्योपचारमा बाढीप्रभावित बस्तीमा पुगे पनि अहिलेसम्म कुनै पनि रोगले प्रकोपको रुप नलिएको अन्तर्राष्ट्रिय उद्धार समितिका डा. श्रीराम तिवारीले बताए। बाढीपीडित उद्धार समिति बर्दियाका सदस्य राजेन्द्र कडेलका अनुसार कयौं गैरसरकारी संस्थाहरू बाढीपीडितलाई खाना र लत्ताकपडा आवश्यक भइरहेका बेला स्वास्थ्य शिविरमा बढी जोड दिएर आवश्यक सेवामा ध्यान दिन सकेका छैनन्। 'पहिलो आवश्यकता बाढीप्रभावितलाई खाना, बस्न र लत्ताकपडा हो, साथै स्वास्थ्यमा दुईचारवटा संस्था जुटे पनि भइहाल्ने अवस्थामा धेरैको चासो स्वास्थ्य बनिरहेको छ', उनले भने। स्वास्थ्य सेवाको लागि आवश्यक समन्वय नहुँदा अघिल्लो दिन एक संस्थाले स्वास्थ्य शिविर राखेको ठाउँमा भोलिपल्ट अर्को संस्थाले सोही ठाउँमा त्यस्तै सेवा दिँदा पैसा, समय र जनशक्ति खेर गइरहेको कडेलले बताए।

सर्वसाधारणले राहत नपाएको गुनासो गरिरहेका बेला मन्त्री र सांसदहरूले आर्थिक मीतव्ययिता पनि नअपनाएको पीडितहरूले गुनासो गरेका छन्। 'सरकारका एकजना प्रतिनिधिले वास्तविक अवस्था बुझे पुगिहाल्ने अवस्थामा ठूलो संख्याका सांसदहरू र मन्त्री पुग्दा खर्च बढाए', होलियाका श्याम हरिजन भन्छन्, 'धेरै मान्छे आएर खर्च बढाउनुभन्दा पीडितहरूलाई राहत र औषधी पठाइदिएको भए राम्रो हुने थियो।' नेपालगन्ज-काठमाडौंका थुप्रै जहाजका उडान हुँदाहुँदै गृहमन्त्री सिटौला बाढीप्रभावित क्षेत्रको भ्रमणपछि हेलिकोप्टरबाटै काठमाडौं फर्केका थिए। उनी काठमाडौं फर्केलगत्तै मन्त्री ज्ञवाली र राज्यमन्त्री बडु नेपालगन्ज हुँदै हेलिकोप्टरबाट अछाम पुगेका थिए। दुईजना मन्त्रीहरू काठमाडौं फर्किएलगत्तै सांसद ज्वालाको नेतृत्वमा अर्को दलबल बाढीप्रभावित क्षेत्रमा पुग्यो।

### भिडन्त

बाँकेको राप्तीपारि क्षेत्रका सर्वसाधारण डुबानमा परेपछि स्थानीय प्रशासनले अग्लो भाग झोरा जंगलमा बस्न अनुमति दिएका बाढीपीडित र उक्त स्थानका सामुदायिक वनका उपभोक्ताबीच भिडन्त हुँदा दुई दर्जन घाइते भएका छन्।

बाढीपीडितलाई जंगलमा बस्न स्थानीय प्रशासनले अनुमति दिएलगत्तै बाढीपीडितहरूले रुख कटान गर्न थालेपछि सामुदायिक वनका उपभोक्ताहरूबीच विवाद सुरु भएको थियो। सामुदायिक वनका उपभोक्ताहरूले रुख काट्न अवरोध पुऱ्याएपछि केही बाढीपीडितहरूले उनीहरूका घरमा आगो लगाएपछि एकापसमा भिडन्त भई उपभोक्ताहरूले गोली प्रहारसमेत गरेका थिए। ■

## थपिएको छ पीडा

**एक दशक लामो** सशस्त्र द्वन्द्वबाट थलिएका मध्य तथा सुदूरपश्चिम जिल्लाका हजारौं बासिन्दा बर्खा सकिएपछिको बाढी पहिरोका कारण विस्थापित भएका छन्। गत वर्ष समयमा मनसुन नहुँदा धानबालीको उत्पादनमा आएको ह्रासबाट मर्माहत भएका उनीहरू दसैंको मुखमा फेरि बाढी तथा पहिरोका कारण बिचल्लीमा परेका छन्। कुबेलाको 'मनसुन विस्फोट'ले यतिबेला मध्यपश्चिमका बाँके र बर्दिया जिल्लामा संक्रामक रोगहरू फैलिन थालेका छन्।

गृहमन्त्रालयका प्रवक्ता वामनप्रसाद न्यौपाने भन्छन्, 'यस वर्षको बाढीजन्य विभिन्न समस्या हालसम्म व्यवस्थापन गर्न सकिएको छ।' तर, गृहमन्त्रालयले तत्काल २५ करोड रुपैयाँ उपलब्ध गराउन दातृनिकायसँग आग्रह गरिसकेको छ। गृहमन्त्रालयले १० हजार ५ सय परिवारका करिब ५० हजार व्यक्तिलाई तत्काल राहतको आवश्यकता रहेको बताएको छ। यसका लागि उक्त रकम आवश्यक रहेको जनाउँदै अर्थमन्त्रालयको समन्वयबाट दातृनिकायलाई आग्रह गरिएको छ। 'तत्काल उद्धार तथा राहत अनि विस्थापनमा परेकाहरूको पुनःस्थापन तथा भौतिक पूर्वाधार पुनर्निर्माणका लागि त्यति रकम लाग्ने अनुमान गरिएकाले दातृनिकायसँग अनुरोध गरिएको हो', गृहमन्त्रालय दैवी प्रकोप व्यवस्थापन शाखाका उपसचिव थिरबहादुर जिसी भन्छन्, 'सहयोगका लागि अनुरोध गरिए पनि उक्त रकम आइपुग्ने वा नपुग्नेबारे भने कुनै टुंगो छैन।'

यसपटकको बाढी पहिरोबाट विशेषगरी मध्य तथा सुदूरपश्चिमका बाँके, बर्दिया, अछाम र डोटी जिल्ला विशेष प्रभावित छन्। सरकारले राहत तथा उद्धारका नाममा अहिलेसम्म बाँके र बर्दियामा १०/१० र अछाममा ५ लाख रुपैयाँ मात्र पठाएको छ।

दैवीप्रकोप पीडितहरूको राहतका लागि गृहमन्त्रीको अध्यक्षतामा केन्द्रीय दैवीप्रकोप उद्धार समिति व्यवस्था गरिएको छ, जसले पीडित परिवारको राहतका लागि बजेट निकासा लगायतका काम गर्छ। केन्द्रीय समितिका निर्णय र निर्देशन कार्यान्वयन गर्ने जिम्मा जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको हुन्छ। प्रजिअको अध्यक्षतामा अर्को समिति हुन्छ जसले उद्धार र राहत वितरण प्रबन्ध गर्छ। बाढीपहिरोमा परी मृत्यु, घाइते, घरवारविहीन र विचल्लीमा परेकालाई सरकारले उपलब्ध गराउने राहत पर्याप्त छैन। 'बाढी पहिरोमा परेर मृत्यु हुनेलाई १५ हजार रुपैयाँको व्यवस्था गरिएको छ', जिसी बताउँछन्।

उद्धारमा निकासा भएको रकम तथा सामग्रीको वितरणका लागि यस वर्ष सरकारले 'एकद्वार' नीति अपनाएको छ र यसको सम्पूर्ण जिम्मा नेपाल रेडक्रस सोसाइटीलाई दिइएको छ। जिसी भन्छन्, 'राहत वितरणमा राजनीतिक हानथाप नहोस् भनेर यो उपाय अबलम्बन गरिएको हो।' रेडक्रसका अनुसार यस वर्षको बाढी पहिरोबाट मर्नेहरूको संख्या ४० नाघेको छ भने सयौं हराएका छन्। बाँकेमा मात्रै ६३ जना व्यक्ति बाढीमा परेर अहिलेसम्म हराइरहेका छन्। 'अहिले तत्कालीन राहत उपलब्धताका लागि हामी सक्रिय छौं', नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष उमेशप्रसाद ढकाल भन्छन्, 'बाढीले निम्त्याएको मानवीय तथा धनजनको क्षति र त्यसलाई निराकरण गर्नका लागि केही समय कुर्नु पर्ने हुन्छ।'

बाढीप्रभावित क्षेत्रमा देखिएको अहिलेको मुख्य स्वास्थ्य समस्या देखिएको छ। बाढीप्रभावित क्षेत्रमा झाडापखाला, आउँ, निमोनिया ज्वरो, रुघाखोकी, आँखा पाक्ने र छाला जस्ता संक्रामक रोगबाट पीडित भएका छन्। इपिडेमियोलोजी तथा सरुवारोग नियन्त्रण महाशाखाका निर्देशक डा. जिडी ठाकुरले बाढीप्रभावित क्षेत्र बाँके र बर्दियामा २ हजार ३ सय र अछाम र डोटीमा झन्डै पाँच सय बिरामीलाई स्वास्थ्योपचार सेवा उपलब्ध गराएको बताएका छन्। 'अहिलेसम्म संक्रामक रोगलाई नियन्त्रण गरेका छौं', डा. ठाकुर भन्छन्, 'संक्रामक रोगको महामारी हुन नदिन सतर्क भएका छौं।' स्वास्थ्य सेवा विभागले सरकारका तर्फबाट १३ लाख र निजी क्षेत्रबाट ७ लाख रुपैयाँबराबरको औषधी प्रभावित क्षेत्रमा पुऱ्याएको जनाएको छ।

बाढीप्रभावित क्षेत्रमा फैलिएको सरुवा रोग नियन्त्रणका लागि राजधानीबाट भर्खरै खोप तथा औषधीहरू प्रभावित क्षेत्रमा पुगे पनि स्वास्थ्यकर्मीको अभाव त्यहाँ रहेको छ। 'जिल्लामा चिकित्सकहरूको दरबन्दी खाली भएकाले प्यारामेडिक्सहरूको सहयोगमा हामीले सेवा पुऱ्याइरहेका छौं', डा. ठाकुर भन्छन्।

बाढी पहिरोसँगै प्रदुषित पानी गाउँघरमा पस्ने र मरेका अथवा सडेगलेको जीवजन्तु कारण महामारी फैलनुमा उत्प्रेरकको भूमिका खेल्छन्। युनिसेफको सहयोगमा रेडक्रसले प्रदुषित पानीका कारण रोग संक्रमण हुन नदिन आवश्यक 'किट' उपलब्ध गराएको छ। तर, खडेरी र बाढीका कारण ध्वस्त भएको यस वर्षको अन्नबालीले खाद्यान्न अभाव भएर भोकमरी फैलन सक्छ। यसबाट कुपोषणजस्तो दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउने जनस्वास्थ्य विशेषज्ञहरू बताउँछन्।

बाढी आएका बेला तराई क्षेत्रमा स्वास्थ्य समस्या अन्यत्रभन्दा भिन्दै देखिएको छ। जमिनमा जम्ने पानीमा लामखुट्टेलगायतका किराका कारण औंलो, जापानी इन्सेफ्लाइटिस तथा मेनिन्जाइटिस रोग फैलन सक्ने सम्भावना पनि त्यत्तिकै छ। बाँके र बर्दिया औंलो तथा जापानी इन्सेफ्लाइटिस अति प्रभावित जिल्लामा पर्छन्।

■ **मनीष गौतम/काठमाडौं**

# मात पैसाको

■ किरण भण्डारी/काठमाडौं

**शान्तिवार्तामा दरार बढ्दै गएपछि माओवादीले कर उठ्ती र चन्दा असुलीलाई देशव्यापी बनाएका छन् । रोडा, ढुंगा, बालुवाको ठेक्का करोडभन्दा माथिको रकममा लाग्ने तराईका केही जिल्लाबाट ठूलो रकम असुलिरहेको माओवादीले भदौको दोस्रो सातादेखि काठमाडौंसँग जोडिएको धादिङ नौबीसेका दुईवटा कर संकलन केन्द्रमा पनि धावा बोलेको छ ।**



**कर, कानुनी व्यवस्था** र सेनामाथि सरकारको एकलौटी नियन्त्रण हुन्छ, कानुनी राज्यको अवधारणामा । माओवादीहरूले त्यो अवधारणालाई चुनौती मात्र दिएका छैनन्, सिद्धान्ततः व्यवहार नै धराशायी तुल्याएका छन् नेपालमा र सरकार निरीह बनेको छ ।

स्थानीय निकायको विकास बजेट, प्राकृतिक स्रोत र सरकारले लगाउने प्रत्यक्ष करमा माओवादीको हिस्सा लोकतन्त्र बहालीपछि क्रमशः बढ्दै ५० प्रतिशतसम्म पुगेको छ ।

समानान्तर सत्ता भएको दाबी गर्दै माओवादीले जिल्ला विकास समितिसहित जिल्लास्तरीय कार्यालयबाट लगाइने रोडा, ढुंगा, बालुवाको ठेक्का, कवाडी, कर, काठ लिलामीलगायतबाट असुली बढाउँदै लगेको तथ्यहरूले देखाएको छ । नयाँ सत्ताको रुपमा आफूलाई प्रस्तुत गरे पनि पूर्णतया अपारदर्शी शैलीमा संचालित माओवादीले जिल्लास्तरका ठेक्कापट्टा र वन पैदावरबाट मात्रै वार्षिक २ अर्ब हाराहारी उठाउने तथ्यले प्रमाणित गरेको छ ।

साथै उनीहरूको व्यवहारले विद्रोही सत्ताको चरित्र, भ्रष्टाचारविरुद्धको प्रतिबद्धता र पारदर्शिताका मामिलामा के उनीहरू सात दलभन्दा फरक होलान् र ? भन्ने प्रश्न पनि उब्जाएको छ ।

शान्तिवार्तामा दरार बढ्दै गएपछि माओवादीले कर उठ्ती र चन्दा असुलीलाई देशव्यापी बनाएका छन् । रोडा, ढुंगा, बालुवाको ठेक्का करोडभन्दा माथिको रकममा लाग्ने तराईका केही जिल्लाबाट ठूलो रकम असुलिरहेको माओवादीले भदौको दोस्रो सातादेखि काठमाडौंसँग जोडिएको धादिङ नौबीसेका दुईवटा कर संकलन केन्द्रमा पनि धावा बोलेको छ ।

उता सुर्खेतमा सरकारको टेलिफोन र विद्युत् महसुल कार्यालयमै घुसी ५० प्रतिशत आफ्नो भागमा जम्मा गरिनु पर्ने उर्दी जारी गरेका छन् । काठमाडौंभित्रै पनि विभिन्न सेवाको राजस्वमा हस्तक्षेप गरेर राज्यको कर प्रणालीमाथि आक्रमण गर्ने तयारीमा छ, माओवादी । सेनाको प्रधानसेनापतिको नियुक्तिमा समेत प्रचण्डले देखाएको चासोले माओवादीले सर्वत्र हस्तक्षेप गरिरहेको देखिन्छ ।

भौगोलिक हिसाबले धादिङ जिल्लामा परे पनि काठमाडौंको नागढुंगादेखि ५ किलोमिटरको दूरीमा रहेको खत्रीपौवाको रोडा, ढुंगा, बालुवा कर संकलन गर्न राखिएको ढाँट अहिले माओवादीको कब्जामा छ । माओवादी अभियानले राजधानीसमेत अक्रान्त छ । राजधानीका होटल व्यवसायीहरू व्यवसाय चलाउन नसक्ने अवस्थामा पुगेको व्यथा सुनाउँछन् भने व्यापारी उद्योगपतिहरू माओवादीको चन्दा आतंक छल्न विदेशमा लगानीको सम्भावना खोज्न थालेका छन् । निजी बैंकका एक वरिष्ठ कर्मचारीका अनुसार 'पुँजी पलायन'ले झन्डै रेकर्ड तोडेको छ, विगत एक महिनामा ।

माओवादी नेतृत्व भने जबरजस्ती चन्दा संकलन नगरेको तर जनसत्ताको प्रचलित कानुनअनुसार कर असुली गरेको बताउँछ । 'हामीले आफूलाई नयाँ सत्ता भनेका छौं । सत्ता भनेपछि विधायिका, न्यायपालिका, कार्यपालिका र सेना सबै हुन्छ ।' माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा भन्छन्, 'त्यसैले हामीले जबरजस्ती रकम असुलेको हैन, कर लगाएको भन्ने तथ्यलाई आम समुदायले बुझिदिनुपर्‍यो ।'

राज्य संचालनका लागि बजेटको व्यवस्था गर्न पुरानो सरकारले पनि कानुनको आडमा नै कर असुलिरहेको बताउँदै उनी भन्छन्, 'सरकारलाई पनि कसैले स्वेच्छाले कर तिरेको छैन ।' उनको भनाइले निजी व्यवसायीहरूसँग मागिएको लाखौं रकमलाई माओवादीले कर भनेर परिभाषित गर्न खोजेको देखिन्छ । हिमालयन बैंकको बनेपा शाखाबाट माओवादीले १० लाख मागी दिएको धम्कीलाई कर मान्ने कि चन्दा ? प्रश्न खडा भएको छ ।

नदी पैदावरबाट वार्षिक ५ करोडभन्दा बढी रकम असुल्ने केही जिविसमध्ये धादिङ पर्छ । नौबीसेमै रहेको सडक कर संकलन केन्द्र पनि माओवादी धम्कीपछि उठिसकेको छ । नौबीसे मात्र होइन, सडक विकास बोर्डले राजमार्गका विभिन्न ठाउँमा देशभर ठेक्कामा चलाएको यस्ता केन्द्रमध्ये अधिकांशमा माओवादीको कब्जा छ ।

दुईपांग्रेसँग ५ रुपैयाँ र चारपांग्रेसँग ३५ रुपैयाँको दरले असुली हुने यस्तो कर पृथ्वी राजमार्गमा मात्र दैनिक १ लाख रुपैयाँभन्दा बढी असुली हुने गरेको थियो । सडक करका साथै माओवादीले राजमार्गका दर्जनौं ठाउँमा अड्डा जमाएर कर उठाइरहेका छन् ।

चन्दा, सहयोग वा करको नाममा ठेकेदारहरूसँग जिल्लास्तरका ठेक्कापट्टामा न्यूनतम २० प्रतिशतसम्म असुलिरहेको माओवादीले अब सेवा



महेन्द्र राजमार्गअन्तर्गत सर्लाहीको रानीगन्जस्थित पोस्टमा सवारीसाधनसँग रकम असुली गर्दै माओवादीहरू

क्षेत्रमा पनि हात हालेको छ। सुर्खेतका नेपाल टेलिकम, विद्युत् प्राधिकरण, वन कार्यालय र नगरविकास समितिको राजस्वमा ५० प्रतिशत दाबी गरी माओवादीले काउन्टर नै कब्जा गरेको समाचारले उनीहरू आम्दानीको क्षेत्र फराकिलो बनाउन अग्रसर रहेको पुष्टि हुन्छ। वार्ताबाट निकासभन्दा पनि सेना, कर र कानुनी व्यवस्थामा कब्जा जमाएर माओवादी आफूलाई बेलगाम नयाँ सत्ताको रुपमा स्थापित गर्न उद्यत देखिएको छ।

सरकारी राजस्वमा कब्जा जमाउँदै गएका माओवादीले आय कर, मालपोतजस्ता सहरी कार्यालयमा समेत हस्तक्षेप गर्ने दिशामा अघि बढिरहेको स्रोतहरूको दाबी छ।

स्वघोषित करको दायरा फराकिलो बनाउँदै लगेको माओवादी सत्ताले आफ्नो बजेट पारदर्शी बनाउन भने अहिलेसम्म जरुरी सम्झेको छैन। 'नयाँ सत्तामा नौवटा स्वायत्त गणतन्त्रभित्र १६ सयभन्दा बढी सांसदहरू छन्', शर्मा भन्छन्, 'तिनीहरूले नै आम्दानी खर्च र करको विषयमा निर्णय लिने हुँदा हाम्रो सत्ताभित्र हिसाब किताब पारदर्शी छ।'

माओवादीका अर्थ विभाग हेर्ने वार्ताटोलीका अर्का सदस्य देव गुरुङका अनुसार माओवादी सेना र नौवटा स्वायत्त गणतन्त्रको संचालनको लागि मात्र झन्डै वार्षिक दुई अर्ब रुपैयाँको जरुरी छ। दुवै नेता लेबी, स्वेच्छिक चन्दा, कर र श्रमदानलाई पार्टीको स्रोत भएको बताउँछन्।

शान्तिवार्ता आचारसंहितामा 'कसैको इच्छाविपरीत चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने' भन्ने उल्लेख भए पनि त्यो कागजमा मात्र सीमित भएको छ।

माओवादीको नाममा जनसांस्कृतिक परिवारले हालै इटहरी र धरानमा प्रस्तुत गरेको सांस्कृतिक कार्यक्रममा १ लाख रुपैयाँसम्मको टिकट बिक्री गरेर उनीहरूले स्वेच्छापूर्वक चन्दा उठाइरहेका छन् कि बलजफ्ती भन्ने छर्लंग पारिदिएका छन्। साथै धन देखे महादेवको तीन नेत्र भन्ने उखान माओवादीमा पनि चरितार्थ भएको छ।

बाह्रबुँदे समझदारी, आठबुँदे र पाँचबुँदे सहमतिमा दुवै पक्षले जबरजस्ती चन्दा उठाउन नपाउने उल्लेख छ। द्विपक्षीय समझदारीको आधारमा २५ बुँदे युद्धविराम आचारसंहिता बने पनि त्यो सार्थक हुन सकेको छैन।

'कसैलाई दबाब नदिई चन्दा उठाउन पाइन्छ, डर त्रास देखाएर मात्र असुल्न नपाइने हो', समितिका संयोजक प्राध्यापक वीरेन्द्रप्रसाद मिश्र भन्छन्, 'आचारसंहिता उल्लंघनबारे आएका गुनासा वार्ताटोलीसमक्ष पुऱ्याउने गरेका छौं।' जबरजस्ती चन्दा मागियो भनेर कोही व्यक्ति नआएसम्म यो आरोप पुष्टि गर्न नसकिने उनले बताए।

सरकारी आम्दानीमा माओवादीको अतिक्रमणको उदाहरण केही सातादेखि छरपस्ट भइरहेका छन्। इलाममा निकासी करको ५० प्रतिशत दाबी गर्दै जिविसको ढाँट कब्जा, झापा दमक नगरपालिकाको पार्किङ सेवा शुल्कको उठ्ती, पर्सामा कवाडी कर संकलनमा जिविसले आह्वान गरेको टेन्डरमा रुकावट, बारा, रुपन्देही, कञ्चनपुर जस्ता अधिक राजस्व उठ्ने जिल्लामा चलखेल माओवादी अतिक्रमणको प्रतिनिधि सन्दर्भ मात्र हुन्।

स्थानीयस्तरका सरकारी स्रोतमध्ये स्थानीय निकाय र वन क्षेत्रबाट माओवादीले अत्यधिक रकम संकलन गरिरहेको जानकारहरूले बताएका छन्। स्थानीय निकायको राजस्व र बजेटबाट माओवादीले १ अर्ब रुपैयाँभन्दा अधिक रकम संकलन गर्ने गरेको दाबी स्थानीय विकास मन्त्रालय स्रोतको छ। जिविसमा ठेक्कापट्टाबाट संकलन हुने राजस्वमा केही वर्षदेखि यथावत् रहनुलाई नै माओवादीको हिस्सा मान्छन्, मन्त्रालयका अधिकारीहरू।

'माओवादीलाई कम्तीमा २० प्रतिशत छुट्याएर ठेक्का हाल्ने गरिएको छ', ती अधिकारी भन्छन्, 'यो वर्ष त ठेक्का नै हाल्न नदिने वा कम्तीमा ५० प्रतिशत भाग मागिएको छ।'

खोलाका पैदावरहरूको ठेक्का कतिपय जिल्लामा जिविस र माओवादीले कार्टेलिङ गरी ठेक्का दिलाउने गरेका छन्। सर्लाही जिविसको कवाडी ठेक्का माओवादीको दबाबमा ३ लाखमा स्वीकृत भयो भने सागरनाथ वन क्षेत्रको जडिबुटी संकलनको ठेक्का पनि ३ लाखमा नै लाग्यो। तर, अति न्यूनतम रकममा लागेका ती दुवै ठेक्कामा माओवादीले ठेकेदारहरूसँग १८-१८ लाख रुपैयाँ लिएको दाबी स्थानीय स्रोतहरूको छ।

मोरङ, बारा, सिन्धुपाल्चोक, धादिङ, मकवानपुर, रुपन्देही, कञ्चनपुर लगायतका जिल्लाको जिविस ठेक्काबाट माओवादीले यस्तै तरिकाबाट करोडौं रुपैयाँ हात पार्ने गरेका छन्।

स्थानीय निकायमा राजस्व संकलनबाट भन्दा

अधिक रकम जिविस, नगरपालिका र गाउँ विकास समितिबाट खर्च हुने बजेटबाट माओवादीले संकलन गरिरहेका छन् । आन्तरिक स्रोत र केन्द्रले दिने अनुदानसमेत स्थानीय निकायको बजेट वार्षिक ९ अर्ब हाराहारी छ ।

मुस्ताङबाहेक सबै जिल्लाको स्थानीय निकायको खर्चबाट माओवादीहरूले प्रत्यक्ष-अप्रत्यक्ष रकम असुलिरहेको स्रोतको दाबी छ । अधिकांश रकम उपभोक्ता समितिमार्फत खर्च हुने हुँदा माओवादीले राम्रै रकम हात पार्ने गरेका छन् । 'विकास खर्चमा माओवादीले आफ्नो प्रभाव हेरी २० देखि ५० प्रतिशतसम्म लिने गरेका छन्', एक भुक्तभोगी स्थानीय विकास अधिकारी भन्छन् ।

स्थानीय निकाय जनप्रतिनिधिविहीन भएको ४ वर्ष नाघे पनि पूर्व सरकारहरूले मनोनीत वा कर्मचारी जे भए पनि समितिबाट गाविस, नगरपालिका र जिविस संचालन गरेको थियो । दुई साताअघि सरकारले सम्बन्धित निकायका कर्मचारी प्रमुखलाई पूरा अधिकार दिएपछि बाह्य प्रभाव झनै बढ्ने अड्कल काटिएको छ ।

'विगतमा टीके वा कर्मचारी नै भए पनि स्थानीय सरकार समितिबाट चलेको थियो', पूर्व स्थानीय विकास सचिव खेमराज नेपाल भन्छन्, 'समिति नभएर व्यक्ति सर्वेसर्वा भएपछि झनै लथालिंग हुन्छ । साथै बाह्य शक्तिले झनै आक्रमण गर्छ ।'

आधाभन्दा बढी गाविस कार्यालय ध्वस्त रहेका बेला निःसर्त अनुदानलाई सरकारले चालू आर्थिक वर्षदेखि ५ लाखबाट १० लाख पुर्‍याएपछि माओवादीको थैली झनै भारी हुने भएको छ ।

चन्दा असुली र सरकारको राजस्वमा अतिक्रमण चर्काएर सरकारलाई संसद् विघटनका लागि दबाब दिन खोजेको माओवादी नेताहरूको भनाइबाट पुष्टि हुन्छ । 'आठबुँदे सहमतिले दुवै सत्तालाई स्विकारेको छ', माओवादी नेता शर्मा भन्छन्, 'सहमतिअनुसार संसद् भंग होस्, हामी पनि जनसत्ता विघटन गरेर कर उठाउने कार्यक्रम रोक्छौं ।'

सरकार कमजोर भएका बेला मासिने गरेका तराईको वन र हिमाली क्षेत्रका जडिबुटीलाई माओवादीले आफ्नो दुहुनो गाई बनाइरहेका छन् । वन मन्त्रालयका अधिकारीहरू र सामुदायिक वन महासंघका अनुसार तराईको वन र जडिबुटीको कारोवारबाट माओवादीले कम्तीमा वार्षिक ५० करोड आम्दानी गरिरहेका छन् । जिल्ला वन कार्यालयबाट विधिवत् हुने बोलपत्र आह्वान र काठ तथा जडिबुटीको चोरी निकासीमा माओवादीको संलग्नता रहने गरेको अनुभवीहरू बताउँछन् ।

'अन्त त माओवादीको राज छ, झन् जंगलका त राजा नै उनीहरू हुन्', वन मन्त्रालयका एक उच्च अधिकारी भन्छन्, 'माओवादीको स्वीकृतिविना सिन्को पनि कसैले उठाउन दिँदैन ।' अन्यत्र जस्तै लिलामीको ठेक्का हाल्दा नै माओवादीको भाग छुट्याउने प्रचलन पूर्वदेखि पश्चिमसम्म व्याप्त छ । ती अधिकारीका अनुसार वन कार्यालयले लिलामी गरी छोडपुर्जी दिने काठमा माओवादीले जिल्ला हेरी प्रतिसिएफिट ६५ देखि १ सय ५० रुपैयाँसम्म असुल्ने गरेका छन् । यसैले वनको राजस्वमा गत वर्ष २० करोड रुपैयाँले गिरावट आएको थियो । माओवादीको स्थानीय कमान्डरले 'ग्रिन सिग्नल' नदिई राष्ट्रिय र सामुदायिक वनमा काठ संकलन, लिलामी, बिक्री वितरण केही पनि गर्न नसकिने अवस्था छ । बारा, नवलपरासी र कैलालीमा झन्डै १० लाख क्युफिट काठको गोलिया माओवादीले उठाउन नदिएकाले कुहिने सम्भावना बढ्दै गएको छ ।

काठको अवैध चोरी निकासीबाट भने उनीहरूले गर्ने आम्दानीको अनुमान लगाउन सकिने अवस्था छैन । वनले गर्ने लिलामीको परिमाण घट्दै जाँदा पनि बजारको बढ्दो मागलाई उछिन्ने गरी आपूर्ति भइरहेकाले तस्करीलाई पुष्टि गर्छ ।

माओवादीको आशीर्वाद पाएका काठतस्करलाई बारा वन कार्यालयले पक्राउ गरेको प्रत्युत्तरमा माओवादीले वन कर्मचारीलाई नै अपहरण गरी सौदावाजी गरेको घटनाले ठेकेदार र माओवादीबीचको लगनगाँठो कतिसम्म कसिएको भन्ने छर्लंग पार्छ । काठ तस्करउपर कानुनी कारबाही गर्ने प्रयास गर्दा बारा वनबाट दुईपटक कर्मचारी अपहरणमा परिसकेका छन् । वन संरक्षणमा खटिएका अरू जिल्लाका कर्मचारीको मनोवृत्ति पनि बाराको भन्दा पृथक् छैन ।

'माओवादीको नाममा वनका कर्मचारी, प्रहरी र सेनाको मिलोमतोमा फडानी भइरहेको छ', वार्ताटोलीका सदस्य शर्मा भन्छन्, 'हामीले वन संरक्षणसम्बन्धी कडा नीति अख्तियार गरेका छौं ।'

सामुदायिक वनको स्रोतमा पनि माओवादीको एकछत्र वर्चस्व छ । माओवादीसँग 'कुरा नमिलाई' सामुदायिक वनले कार्ययोजनाअनुसार काम गर्न नपाउने महासंघका अध्यक्ष भीमप्रसाद श्रेष्ठ बताउँछन् । 'कुरा मिलाउने' भनेको समुदायको आम्दानीबाट माओवादीलाई हिस्सा दिन राजी हुनु हो । 'माओवादीलाई कम्तीमा २० प्रतिशत चन्दा दिएपछि मात्र माओवादीले काम गर्न दिने गरेका छन्', श्रेष्ठ भन्छन् । सरकारी ढुकुटीमा जम्मा हुन नसकेको जडिबुटीको रोयल्टीबाट माओवादीले करोडौं आम्दानी गरिरहेका छन् । उत्तरी भेगमा पाइने यार्सागुम्बा, पाँचऔंले, चिराइतो, शिलाजित लगायतका महँगा वस्तु संकलनदेखि बिक्री वितरणसम्म पुरै माओवादीको नियन्त्रणमा छ ।


यार्सागुम्बाको लागि प्रख्यात डोल्पामा वन कार्यालय र जनसरकारले असुलेको राजस्व अन्तरले जडिबुटीमा माओवादीको एकलौटी प्रभुत्वलाई प्रस्ट पार्छ । गत वर्षको सिजनमा यार्सागुम्बाबाट डोल्पामा सरकारले २७ लाख राजस्व असुलेको थियो भने माओवादीले राजस्व १८ करोड पुर्‍याएको थियो ।

स्थानीय निकाय र वन्य क्षेत्रबाट मात्र करोडौं असुल्ने माओवादीको अन्यत्रको आम्दानी अनुमान लगाउन गाह्रो छ । तराईका जिल्लामा समेत सुरक्षाकर्मीको अनुपस्थितिले माओवादीको गैरराजनीतिक गतिविधिलाई प्रश्रय मिलेको मान्छेहरू पनि छन् । सरकारले हालै तराईका जिल्लाका ५९ प्रहरी चौकी पुनःस्थापित गरेको छ ।

डर, त्रास, धम्की, तिकडम वा सरकारी निरीहताको फाइदा उठाउँदै माओवादी द्रव्य संकलनमा जति मोहित देखिएको छ उति नै कहालीलाग्दो चुनौती सरकारसमक्ष उपस्थित भइरहेको छ । खुला राजनीतिमा प्रवेश गरिसकेका माओवादीले आफ्नो व्यवहारलाई नसच्याउने र सरकार मुकदर्शक भएर बसिरहने हो भने सरकारले अनुमान गरेको राजस्व नउठ्ने निश्चित छ ।

माओवादीले अर्थ संकलनलाई एकसूत्रीय एजेन्डा बनाएर कतै हिसाब किताब नबुझाउने हो भने कार्यकर्तामा पैसाको मात त देखिन्छ नै, साथै अपारदर्शिताले उब्जाउने विभिन्न प्रहारको सामना उसले आफ्नो संगठनभित्रबाट नै अत्यधिक गर्नु पर्नेछ । ■





रुद्र खड्का

# डुंगा कर

सुर्खेत घाटगाउँ प्रवेशको भेरी नदीमा माओवादीद्वारा सञ्चालित डुंगा । विगतमा डुंगा सञ्चालनबापत जिविसले संकलन गर्दै आएको कर गत असारदेखि माओवादीले उठाउँदै आएका छन् ।

**जिविसले उठाउने** गरेको बर्दियाको राजापुर जान कर्णालीमा सञ्चालन हुँदै आएको डुंगा कर असारदेखि माओवादी नियन्त्रणमा गएको छ। जिविसको डुंगा गायब पारी माओवादीले एकजना ठेकेदारबाट दैनिक ३ हजार १ सयका दरले डुंगा कर असुलिरहेका छन्। माओवादी कार्यकर्ता सुमनका अनुसार कोठियाघाटमा माओवादीले नै ३ लाख ७५ हजार रुपैयाँमा स्टिमर डुंगा खरिद गरी ठेकेदारलाई सञ्चालन गर्न दिएको हो।

स्थानीय स्रोत र साधन स्थानीय जनताकै भएको नारा दिँदै बाँके र बर्दिया जिविसले उठाउँदै आएको कर पछिल्ला दिनमा हाकाहाकी माओवादीले असुल गरिरहेका छन्। 'समानान्तर सरकार भएका कारण हामी कर उठाउँछौं', बाँके माओवादी जनसरकार प्रमुख पूर्णा सुवेदी भन्छिन्, 'सेनाको भरणपोषण र सत्ताको काम कारबाही चलाउनको लागि पनि कर नउठाई हुँदैन।' पशुमेला कर, यातायात कर तथा नदी नालाहरूबाट झिकिने बालुवा, गिटीबाट कर असुल गरिरहेका छन्। यसको साथै हरेक सामुदायिक वनबाट पनि ४० प्रतिशत कर माओवादीले उठाउँदै आएको छ। जिविस बर्दियाको प्रमुख आम्दानीको स्रोत बढैया तालको माछाबाट माओवादीले वार्षिक ३० लाख रुपैयाँ संकलन गर्ने लक्ष्य लिएको छ।

माओवादीका अनुसार यतिखेर बाँके जनसरकारको बजेट वार्षिक डेढ करोड छ भने बर्दिया जनसरकारको १ करोड। माओवादीको बजेटमा जम्मा हुने अधिकांश स्रोत जिविसको जस्तै हो। 'कर प्रणालीलाई व्यवस्थित गर्ने प्रयासमा छौं', जनसरकार प्रमुख सुवेदी भन्छिन्, 'चाँडै यातायात करको विस्तृत रुपरेखा सार्वजनिक गर्दै छौं।'

माओवादी गतिविधिको तीव्रताले चालू आर्थिक वर्षमा जिविस बाँकेले स्थानीय स्रोतको लागि आह्वान गरेको टेन्डरमा आवेदन परेन। माओवादी त्रासका कारण टेन्डर भरेका एकाध ठेकेदारले समेत सञ्चालन गर्ने हिम्मत गरेनन्। नदीनालाको बालुवा, गिटी, पशुहाट, डुंगा सञ्चालन, कवाडी संकलन लागि पाँचपटक टेन्डर गर्दा पनि आवेदन परेन। माओवादीले जिविस बराबरकै हिस्स दाबी गरेपछि कसैले पनि भर्ने आँट नगरेको हो।

तीन वर्षअघि नै ९१ लाख रुपैयाँ कर असुलेको बाँके जिविसको प्रतिकूल अवस्था भए पनि ५० लाख रुपैयाँ स्थानीय साधन र स्रोतबाट राजस्व संकलन गर्ने योजना तुहिएको छ। तर, माओवादीले असारदेखि बाँकेका विभिन्न नदीनालाको गिटीबाट दिनहुँ १० हजारभन्दा बढी कर संकलन गरिरहेका छन्।

■ **रुद्र खड्का/नेपालगन्ज**

# हरियो वन माओवादीको धन

**माओवादी अवरोधका** कारण करिब दुई महिनादेखि पर्सा जिविसको दुई करोड रुपैयाँ बराबरको कर असुली ठेक्का अलपत्र परेको छ। पर्सा जिविसले जिल्लामा कवाडी कर संकलनका लागि चारपटक बोलपत्र आह्वान गरे पनि माओवादीले मोटो रकम माग गरेपछि ठेकेदारले टेन्डर प्रतिस्पर्धामा भाग लिएनन्। टेन्डर नभर्न दबाब दिने उद्देश्यले माओवादी जनसरकार प्रमुख रामाश्रय राम दलबलसहित जिविस घेराउ गर्न पुगेका थिए।

माओवादी जनसरकारले जिविसलाई बुझाउने ठेक्का रकमको तीस प्रतिशत चन्दा दिनु पर्ने बताएपछि ठेकेदारले टेन्डर प्रतिस्पर्धामा सहभागिता जनाएनन्। अहिले माओवादी र ठेकेदारबीच बोलपत्रमा भाग नलिने र पछि बढाबढका क्रममा थोरै मूल्यमा ठेक्का स्विकारेर फरक रकम ठेकेदारले जनसरकारलाई तिर्ने सहमति भएको छ। माओवादी अवरोधका कारण ठेक्का नलागेपछि जिविसमा आइतवार सम्पन्न सर्वपक्षीय भेलाले गत आवमा जिविस परिषद्ले तोकेको १ करोड रुपैयाँ मूल्यमा नै कवाडी करको बोलपत्र आह्वान गर्ने निर्णय भएको थियो। तर, ठेकेदारहरूले माओवादीको भागसमेत छुट्याउनु पर्ने बाध्यता भएकाले न्यूनतम अंक ५० लाख रुपैयाँ मात्र तोक्न माग गर्दै निर्णय पुस्तिकामा नोट अफ डिसेन्ट लेखेका थिए।

पर्सा जिविसको टेन्डरमा अवरोध पुऱ्याएको माओवादी नयाँ सत्ताले गाउँ गाउँमा ढाट राखेर सवारी, निकासी र कवाडी कर संकलन गरिरहेको छ। 'माओवादीसहितको अन्तरिम विधान र अन्तरिम सरकार गठन नभएसम्म चन्दा र कर असुली जारी राख्नेछौं', पर्सा जनसरकार उपप्रमुख पिएल श्रेष्ठ भन्छन्।

माओवादीका स्थानीय कार्यकर्ता जनसरकारको धाक देखाउँदै काठ तस्करको मिलेमतोमा दिनहुँ वन फडानी गरिरहेका छन्। माओवादीको आश्रय पाएका काठ तस्करलाई बारा वनका कर्मचारीले पक्राउ गरेपछि माओवादीले वन कर्मचारीलाई नै अपहरण गरेर काठ तस्करउपर कानुनी कारबाही नगर्ने सर्तमा छुटाएका घटना दुईपटक सार्वजनिक भइसकेका छन्। यहाँका काठ माओवादीको संलग्नतामा चोरी नाका हुँदै भारतीय बजारसम्म पुऱ्याइन्छ।

■ **रवि दहाल/वीरगन्ज**




## उदासीन सरकार

**माओवादी राज्यले** बेपत्ता पारेका नागरिकको विवरण सार्वजनिक गर्न राजधानीमा सडकमा धर्ना, जुलुस र आमसभामा व्यस्त भएका बेला माओवादीहरूबाट पीडितहरू एक महिनादेखि सरकार, सांसद र मानवअधिकारवादीहरूको ढोका चहार्दै छन्। तर, कसैबाट पनि चित्तबुझ्दो आश्वासन पाउन नसकेको उनीहरूको अनुभव छ।

माओवादीले 'सशस्त्र क्रान्ति'का नाममा मारेका निर्दोष नागरिकका छोराछोरीले स्थापना गरेको 'आतंकपीडित टुहुरा समाज, नेपाल'का सदस्यहरूहरूले उठाएका मागप्रति सरकार, सांसद तथा नागरिक समाजका अगुवाहरूले बेवास्ता गरेकोमा चिन्तित बनेका छन्।

न्यायिक छानबिन आयोग गठन, पीडकलाई सजाय र पीडित पक्षलाई समुचित न्याय, सामाजिक सुरक्षा एवं क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था, हत्या गरिएकालाई सहिद घोष्णा, विस्थापितले घर फर्किन उपयुक्त वातावरण र लुटिएको सम्पत्ति फिर्ता, अंगभंग भएकाहरूको उचित उपचार जस्ता सामयिक विषय लिएर उनीहरु अघि सरेका छन्। स्मरण पत्रमा 'द्वन्द्वका नाममा राज्य वा माओवादी पक्षबाट भएका मानवअधिकार ज्यादतीका सत्य तथ्य पत्ता लगाउन अधिकारसम्पन्न उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरियोस्' भन्ने माग प्रमुख हो। तर, दुई साताको लामो प्रयासपछि भदौ २० मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई स्मरण पत्र दिन गएका समाजका सदस्यहरू कोइरालाका सहयोगीहरूको असहयोग र खरो व्यवहार झेलेर फर्कनु पऱ्यो। यसअघि नागरिक समाजका अगुवा डा. देवेन्द्रराज पाण्डेले 'हामी आफैं टुहुरा छौं, हाम्रो कुरा कसैले सुन्दैन' भन्दै पन्छाएका थिए।

समाजका सचिव गृहमन्त्री कृष्णप्रसाद सिटौलाले माग उपयुक्त भए पनि सरकार-माओवादी वार्ता संकटग्रस्त बेलामा महत्त्व दिन नमिल्ने राजनीतिक बाध्यता औंल्याए। करिब दुई महिनाअघिको भेटमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगका इयान मार्टिनसँगको भेटबाट पनि उनीहरू आशावादी हुन सकेनन्। समाजका अधिकारी भन्छन्, 'इयानले पनि खासै महत्त्व दिएनन्।' ■

# माओवादी : पैसाको पछि पछि

**जिविस मोरङले** आर्थिक वर्ष २०६२/६३ का लागि विराटनगरको सिर्जना कन्स्ट्रक्सनलाई ४१ लाख ४१ हजार रुपैयाँमा ढुंगा, गिटी, बालुवा र रोडाजस्ता खोला पैदावर निकासी करको ठेक्का दिएको थियो। तर, यस वर्ष ठेक्का रकम झन्डै दोब्बर वृद्धि भयो। उर्लाबारीको मनीष श्री ट्रेडर्सले ७५ लाख ५१ हजार रुपैयाँमा उक्त ठेक्का हात पाऱ्यो।

एक वर्षमै निकासी करको ठेक्का रकममा झन्डै दोब्बर वृद्धि हुनुको कारण के हो ? जिविस अधिकारीहरू केही बताउन चाहँदैनन्। तर, माओवादीको दबाबमा जिविसले एकै वर्षमा यसरी निकासी करको ठेक्का रकम दोब्बर वृद्धि गरेको बुझ्न गाह्रो छैन। स्रोतका अनुसार माओवादीले आफ्नो 'जनसेना' पाल्न खोला पैदावरबाट हुने आम्दानीको निश्चित प्रतिशत अंश माग गरेपछि जिविसले ठेक्का रकम वृद्धि गरेको हो।

सरकारी राजस्वमा जम्मा गर्न र माओवादीलाई बुझाउन जिविसले निकासी करको ठेक्का रकम वृद्धि गर्नुको सोझो असर ढुवानी व्यवसायीहरूलाई परेको छ। कोशी ट्रक व्यवसायी संघका महासचिव पुरुषोत्तम काफ्लेका अनुसार गत वर्षसम्म खोला पैदावरमा प्रतिसेफ्टी ५० पैसाको दरले निकासी कर तिर्नु पर्थ्यो। आर्थिक वर्ष २०६३/६४ सुरु भएपछि प्रतिसेफ्टी डेढ रुपैयाँको दरले कर तिरेर मात्रै खोला पैदावरको जिल्ला निकासी सम्भव भएको छ।

जिविस र जिल्ला वन कार्यालयले लिने गरेको दोहोरो करविरुद्ध सडक संघर्षमा उत्रिएका ढुवानी व्यवसायीहरूले निकासी करको अप्रत्याशित र अस्वभाविक वृद्धिलाई पनि आफ्नो दस सूत्रीय मागको एउटा महत्त्वपूर्ण बुँदा बनाएका थिए।

खुला राजनीतिमा प्रवेशसँगै माओवादी अझ बढी पैसाको पछि लागेको अर्को उदाहरण मोरङमै भेट्न सकिन्छ। माओवादीले गत वर्ष जिल्लाकै सबैभन्दा बढी आर्थिक कारोवार हुने ग्रामीण बजार मानिएको दर्वेशाको डुमानाबाट उठ्ने करको ५ प्रतिशत अंश लगेको थियो। यस आर्थिक वर्ष २०६३/६४ मा माओवादीले १० प्रतिशत रकम माग गरेको छ। तर, डुमाना हाटको ठेक्का लाउने उपभोक्ता समितिसँग माओवादीको एउटै रसिद छैन। जसले कति पैसा माओवादी पार्टीको हातमा पऱ्यो र कति उसका कार्यकर्ताको गोजीमा भन्ने प्रश्न पैदा गरेको छ।

सरकारी राजस्व आफ्नो भागमा नपर्दा माओवादीलाई कतिसम्म औडाहा हुँदो रहेछ भन्ने इलामको घटनाले प्रस्ट पार्छ। निकासी करको ५० प्रतिशत रकम आफ्नो भागमा नपरेपछि माओवादीले इलामको सीमान्त क्षेत्रमा आफूले पनि ढाट नराख्ने र जिविसलाई पनि राख्न नदिने घोषणा गरेको छ।

'जनसेना भरणपोषण'का लागि माओवादीले जिल्ला विकास समिति, इलामसँग निकासी करको ५० प्रतिशत रकम मागेको थियो। गत साउन ३ गतेको बैठकमा जिविसले माओवादीको मागलाई स्वीकृत पनि गरेको थियो। तर, स्थानीय विकास मन्त्रालयले साउन १५ गते माओवादी र जिविस इलामबीच भएको सहमति पालना हुन नसक्ने निर्णय गऱ्यो।

स्थानीय विकास मन्त्रालयको निर्णयविपरीत जिविसले माओवादीलाई निकासी करको ५० प्रतिशत रकम उपलब्ध गराउन सकेन अनि माओवादीले साउन १० गते इलामको किटेनीबाट जिविस




कर्मचारीहरूलाई फर्काएर आफैंले ढाट राख्यो। किटेनीबाट खेदाइएका जिविस कर्मचारीहरूले आइतवारेमा ढाट राखेर कर उठाउन थाले।

आइतबारेमै निकासी कर तिरेका उद्योगी, व्यापारी, किसानले किटेनीमा फेरि दोस्रोपटक कर तिर्न आनाकानी गरेपछि माओवादीले आफ्नो ढाट त्यहाँबाट उठायो र सदरमुकाम नजिकको बिब्ल्याँटे बजारमा राख्यो। तर, उद्योगी, व्यापारीहरू जिविस र माओवादीको दोहोरो करविरुद्ध संगठित भए। फिक्कल उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानीराम श्रेष्ठको नेतृत्वको एक टोलीले भदौ १५ गते जिल्ला प्रशासन कार्यालय, इलाम र माओवादीको सम्पर्क कार्यालयमा ज्ञापनपत्र बुझाउँदै ४८ घन्टाभित्र कुनै एउटा ढाट नहटाए आन्दोलनमा उत्रिने चेतावनी दियो।

उद्योगी, व्यापारीको चेतावनीपछि माओवादीले आफ्नो ढाट त हटायो, तर जिविसलाई पनि निकासी कर असुल्न नदिने घोषणा गर्‍यो। यस्तै अवस्था झापामा छ। ठेक्का लाउने विषयमा सहमति हुन नसक्दा झापाका स्थानीय निकायहरूको दैनिक १ लाखभन्दा बढी राजस्व गुम्दै छ। स्थानीय निकायको ठेक्का लाउने विषयमा सहमति जुटाउन जिल्लामा क्रियाशील ५ राजनीतिक दल र माओवादीबीच गत भदौ १८ गते छलफल भएको थियो। तर, माओवादीले ठेक्काको ५० प्रतिशत रकम आफूले पाउनु पर्ने दाबी गरेपछि छलफल कुनै निष्कर्षविना टुंगियो।

यहाँसम्म कि माओवादीले दमक नगरपालिकाको पार्किङ सेवा शुल्क पनि उठाउन छाडेको छैन। 'इलाका जनसरकार कार्यालय, झापा'को लेटरप्याड प्रयोग गरी पार्किङ शुल्क उठाउन माओवादी कार्यकर्ताहरू बिहानैदेखि खटिएका भेटिन्छन्।

उता, सिरहाको लहानमा अचेल माओवादीले व्यापारीसँग व्यक्तिगत रुपमा चन्दा उठाउन छाडेको छ। बरु, उद्योग वाणिज्य संघ, लहानसँग एकमुष्ट रकम उठाउँछ। व्यापारीहरू माओवादीलाई दिने रकम उद्योग वाणिज्य संघलाई बुझाउँछन्।

**■ ओमआस्था राई/धरान**

# विज्ञापन युद्ध

**रुपन्देहीको पर्रोहा** नमुना गाविसले स्थानीय दैनिक पत्रिकामा हाटबजार र खोलाहरूको ठेक्कासम्बन्धी बोलपत्र आह्वान गर्‍यो। त्यसको दुई दिनपछि भदौ १९ गते गाउँ जनसरकारले त्यही ठेक्काका लागि सोही पत्रिकामै अर्को सूचना प्रकाशित गर्‍यो।

माओवादीको सूचनामा गाविसको बोलपत्रप्रति आपत्ति जनाइएको छ। त्यसमा लेखिएको छ, *सो सूचनालाई हाम्रो गाजसले अवैध घोषणा गर्दछ। र, हाम्रो तर्फबाट उपरलेखित खप्पर खोला, रन्यौरा बजार, मुर्गिया बजारका साथै बौराहा खोला र मुर्गियाका सटरहरूको समेत देहायमा उल्लेखित निम्नतम ठेक्का रकममा बोलपत्र आह्वान गरिन्छ।*

माओवादीले प्रकाशित गरेको सूचनामा गाविसले आह्वान गरेभन्दा बढी शीर्षकमा ठेक्का आह्वान गरिएको छ। तर, गाविसले तोकेको न्यूनतम रकमभन्दा निकै कम रकम कायम गरिएको छ। एउटै पत्रिकामा गाविस र माओवादी दुवैले प्रकाशित गरेका फरक फरक बोलपत्रमध्ये कुनलाई आधिकारिक मान्ने ? ठेकेदारहरू दोधारमा परेका छन्। त्यसमाथि सरकारी बोलपत्र लिन र दिन बुटवल धाउनु पर्छ भने माओवादीले पर्रोहामै व्यवस्था गरेको छ। पर्रोहाबाट विस्थापित गाविस कार्यालय अहिले पनि बुटवलको सडक विभागको हाताभित्र नै छ। माओवादीले स्थानीयस्तरका सरकारी निकायका बजेटहरू आफ्नो स्वीकृतिमा अनिवार्य जस्तै गराएको छ। तर, पर्रोहामा समझदारी हुन नसकेपछि त्यस्ता छुट्टाछुट्टै बोलपत्र आह्वानका सूचनाहरू सार्वजनिक भएका हुन्।

माओवादी स्रोतका अनुसार गाविस तहमा आधा बजेट जनसरकारलाई बुझाएर ठेक्कापट्टा आह्वान हुने गरेको छ। करोडौं रकमको कारोबार हुने तिनाउ नदीको ढुंगा, गिटी ठेक्का प्रकरणमा पनि जिल्ला विकास समिति र माओवादीबीच भागबन्डा भएको थियो। झन्डै १३ करोडको सो ठेक्का विवाद ठेकेदारले दुवैलाई आधा आधा रकम बुझाउने आन्तरिक सहमति बनाएपछि मात्र सल्टाइएको बताइएको छ।

समाचार स्रोतले ठेकेदार एउटै भएको तर माओवादी र जिविसलाई १३ करोडमध्ये आधा आधा रकम बुझाएको बताएको छ। तर, दुवै पक्ष यसको औपचारिक पुष्टि गर्न चाहन्नन्।

माओवादी रुपन्देहीका सेक्रेटरी माधव शर्मा नयाँ सत्तामार्फत गाउँ गाउँमा ठेक्कापट्टा, विकास निर्माणका गतिविधिहरू गरिरहेको बताउँछन्।

'जहाँ जहाँ सकिन्छ, त्यहाँ त्यहाँ हस्तक्षेपकारी भूमिका खेल्छौं', सेक्रेटरी शर्माले भने, 'सात दलसँगको समझदारीअनुसार दुवै सत्ता विघटन भएका छैनन्। ती विघटन नहुँदासम्म हाम्रो सत्ता सक्रिय रहनु र हाम्रै किसिमले चल्नु अस्वभाविक हैन।' गुल्मी, अर्घाखाँची, पाल्पा लगायतका जिल्लामा ग्रमीण सडक निर्माण, विकास निर्माण, ठेक्कापट्टा लगायत प्रायः सबै योजना माओवादीको सत्ताले तोकेको रकम बुझाएर मात्र सञ्चालनमा छन्।

पछिल्लो पटक माओवादीले एक करोडभन्दा बढी रकममा कपिलवस्तुको बाणगंगा नदीका नदीजन्य वस्तुको ठेक्का दिएको छ।

माओवादीको चन्दा आतंक बढेको विभिन्न स्थानीय व्यवसायी गुनासो गर्छन्। खास गरी माओवादीका विभिन्न मोर्चा र भातृ संगठनहरूले चन्दा संकलनलाई तीव्र पारेका छन्। आफ्नो पार्टीमाथि चन्दा आतंकको आरोपको खण्डन गर्दै माओवादी रुपन्देहीका सेक्रेटरी शर्मा पार्टीले तीन महिनादेखि नै चन्दा संकलन बन्द गरेको बताउँछन्।

**■ दीपक ज्ञवाली/बुटवल**



# सडक नै कब्जा

**साउनको पहिलो साता** माओवादीले महेन्द्र राजमार्गको सर्लाहीको रानीगन्जमा ढाट राखेर यात्रु र मालवाहक सवारीसाधनबाट शुल्क असुल्न थालेपछि राजमार्गमा गुड्ने हजारौं यात्रुलाई माओवादीले कर संकलन गर्ने तरिकाको ज्ञान भयो। कम्व्याट ड्रेसमा तैनाथ सशस्त्र माओवादी चनाखो बनेर ड्युटी गर्ने र काउन्टरमा बसेका सादा पोसाकका 'कमरेड'हरूले रसिद काट्ने गर्न थालेका छन् भने नजिकै नवलपुरमा रहेका सैनिक अधिकारीहरू, सदरमुकाम मलंगवाका सुरक्षा अधिकारीहरू आफ्ना कारणले वार्ता नभाँडियोस् भन्दै केन्द्रमा जानकारी पठाएर औपचारिकता निर्वाह गर्नेतिर लागे। सडकमा गुडेका गाडीबाट कति रकम असुल हुन्छ, माओवादीले कसैलाई जानकारी दिन आवश्यक ठान्दैनन्।

'महेन्द्र राजमार्गको लालबन्दी-टुटेश्वर खण्डमा सुरक्षा गस्तीको निम्ति सक्रिय हुन्छन् तथा उक्त टुकडीलाई भरणपोषण खर्च स्वरुप' भन्दै सडकमा गुडेका सवारीसाधनबाट पैसा असुलिन्छ र रसिद पनि दिइन्छ। तर, माओवादीको पैसा असुली काम सडकमा मात्र सीमित छैन, उनीहरू घरमा गएर चन्दा उठाउने काममा संलग्न छन्। मुद्दामामिला फैसला गर्दा पनि पार्टीका लागि चर्को जरिवाना तिर्नु पर्ने निर्णय सुनाइन्छ।

गाउँघरका विवादबाट पैसा असुल्ने काममा माओवादी कसरी लागिपरेका छन् भन्ने एउटा उदाहरण हुन्, अत्रौलीका विनोदकुमार यादव। यादव आफ्नो कहानी यसरी सुनाउँछन्, 'हरिवनका महेन्द्र चौधरीले मेरो १० कट्ठा भोग गर्दै आएका थिए, माओवादीले महेन्द्रबाट ५० हजार जरिवाना गर्ने र जग्गा मलाई दिलाउने निर्णय गरे। निर्णय गरेर पैसा लिए, तर मेरो जग्गा फिर्ता गराउन गम्भीरता देखाएनन्।'

विनोदका तीन दाजुभाइले पूर्वपश्चिम सडकको रानीगन्जस्थित माओवादी पोस्टमा आमरण अनशन बस्ने निर्णय सार्वजनिक गरेपछि माओवादीले तत्कालका लागि सामसुम पारे। यादव र चौधरीबीचको जग्गा विवाद वर्षौंदेखिको हो। जिल्लामा लाग्ने सबै स्थानीय ठेक्काहरूमा माओवादीको ठाडो हस्तक्षेप यहाँ सामान्य बनेको छ। केही वर्षदेखि ठेक्कापट्टामा माओवादीको चित्त बुझाउनु पर्ने बाध्यता ठेकेदारहरूमा थियो। तर, यसपालि त सात दल र जिल्ला विकास समिति पनि माओवादी दबाबको अगाडि निरीह बने।

असारमा जिल्ला विकास समितिले ठेक्काको औपचारिक आह्वान गर्‍यो भने माओवादीको अरनखटन र निर्देशनअनुसार ठेकेदारहरूले बोलपत्र कबोल गरे। जडिबुटी र कवाडी ठेक्का पाउन ठेकेदारले माओवादीलाई १८ लाखका दरले ३६ लाख बुझाउने सहमतिमा जिल्ला विकास कार्यालयले ठेक्काको औपचारिकता निर्वाह गर्‍यो। जिल्ला विकासलाई न्यूनतम ३ लाखका दरले ६ लाख प्राप्त हुनेछ भने माओवादीले कम्तीमा ३६ लाख असुल्नेछन्।

जिल्ला वन कार्यालय, जिविस, गाविस लगायतका ठेक्काहरूबाट उनीहरूले सर्लाहीमा मात्र १ करोडभन्दा बढी रकम असुल्ने अनुमान छ। जिविसको ठेक्का लिन ठेकेदारहरूले माओवादीलाई ६० लाख बुझाउने सहमति जनाएको जानकारहरू बताउँछन्। स्थानीय विकास अधिकारी दिलीपकुमार चापागाईंले सहमतिमा ठेक्का लागेको बताउँछन्। पौडेलले भने, 'द्वन्द्व समाधानको समयमा हामी पनि केही लचिलो हुनु पर्छ भन्ने लाग्यो, त्यसैले माओवादी र सात दलको निर्णयअनुसार सहमतिमा काम गर्‍यौं।' जिविस, सात दल र माओवादीको संयुक्त भेला बोलाएर सहमतिमा ठेक्काका लागि बोलपत्र आह्वान गर्ने 'अधिकार' लिन सफल भएको थियो।

तर, एक वर्षअघि सात दल र माओवादीको दबाबमा जिविसले खारेज गरेको कृषिजन्य उत्पादन कर भने यसपाला माओवादीले खुसुक्क उठाउन थालेका छन्। सडकमा बस्ने जिविस ठेकेदारहरुले 'स्थानीय नयाँ सत्ता, जिल्ला जनसरकारको कार्यालय, कृषिजन्य सामानको ठेक्का उठाउने ठेक्का ठेकेदार शेखर झा' लेखिएको अर्को रसिदबाट पनि शुल्क उठाएका छन्। यो ठेक्का किन र कसरी लाग्यो भन्ने सार्वजनिक जानकारी कसैलाई छैन।

झा, माओवादीले तोकेका ठेकेदार हुन्, तर रकम असुल्न माओवादी कार्यकर्ता आफैं सादा पोसाकमा खटिने देखिन्छ। सरकारी नियमअनुसार राजमार्गमा ढाट राखी (वनबाहेक)ले पैसा असुल्न पाइँदैन। तर, सर्लाहीमा माओवादीको प्रत्यक्ष रेखदेखमा रकम असुली भइराखेको छ र गाडी रोक्न सबैले नदेख्ने गरी डोरी राखिएको छ। आवश्यक परेको बेला डोरी तानेर मालवाहक गाडी रोकिन्छ र पैसा असुलिन्छ।

दुई महिनाअघि माओवादीलाई २० लाख रुपैयाँ चन्दा तिरेका मलंगवाका व्यापारीमाथि माओवादीले थप ४० लाख रकम दिन दबाब दिएका छन्। व्यापारी र माओवादीका जिल्ला नेतृत्वबीचको पटक पटकको कुराकानीपछि माओवादी कम्तीमा १८ लाखभन्दा कम नलिने अड्डी लिएपछि व्यापारीहरूले चन्दा नदिने औपचारिक निर्णय गरे। २० भदौमा बैठक स्थलबाटै उद्योग वाणिज्य संघका अध्यक्ष रंगलाल अग्रवालले जानकारी दिए, 'हामीले चन्दा दिन नसक्ने निर्णय गर्‍यौं।'

त्यसो त एक साता अघिदेखि नै संघले जिल्लाभरका व्यापारीलाई चन्दा नदिन र माओवादीको दबाब आएमा फोनबाट जानकारी गराउन अपिल जारी गरेको थियो। संघले जारी गरेको अपिलप्रति माओवादी जिल्ला सचिव रामप्रित यादव 'सुरेन्द्र'ले असन्तुष्टि जनाइसकेका छन्।

**■ चूडामणि पौडेल/सर्लाही**

# ठेक्कामोह

**नदीनालाबाट** ढुंगा बालुवा निकाल्ने ठेक्कामाथि माओवादीले अवरोध सिर्जना गरेपछि जिल्ला विकास समितिको चालू आर्थिक वर्षको झन्डै १ करोड आम्दानी संकटमा परेको छ।

माओवादीहरूले साउनमै त्यस्तो ठेक्काको कर संकलन गर्ने अनुमति आफूहरूसँग लिन ठेकेदारहरूसँग सार्वजनिक आह्वान गरे पनि जिविसले ठेक्का दिएको थियो।

माओवादीहरूले दबाब दिएपछि अहिले ठेकेदारहरूले आफूले तिरेको अग्रिम रकम फिर्ता माग्दै जिविसमा १५ ठेकेदारले निवेदन दिएको जानकारी जिविसका खरिदार श्रीधर आचार्यले दिएका छन्। तर, अब त्यस्तो अवरोध कसरी हटाउने वा ठेकेदारहरूको रकम फिर्ता गर्ने भन्ने बारेमा जिविस निष्कर्षमा पुगिनसकेको स्थानीय विकास अधिकारी नरहरि बरालले बताए।

जिविसले यसअघि ठेकेदारहरूबाट मासिक वा त्रैमासिक रुपमा पैसा संकलन गर्दा ढिलो भएको खण्डमा जरिवाना स्वरुप ब्याज लिनेगरेको थियो। तर, यो वर्ष भने वर्षभरिकै पैसा एकैपटक तिरेर ठेक्का लिएकाले काम गर्न पाएका छैनन्।

**■ केशव लामिछाने/पोखरा**

# खोसियो आम्दानी

**जिल्लाका आम्दानीका** स्रोतहरूमाथि कब्जा जमाउन तम्सेका माओवादीले महोत्तरी जिविसअन्तर्गतका ठेक्का आफूहरूलाई पाउनु पर्ने अडान लिएपछि जिल्ला विकास अधिकारी काठमाडौं गएका छन्। गत साता उत्पादित, हाडखोर, बनकस लगायतका ठेक्का माओवादीले आफूहरूलाई दिनु पर्ने जिकिर गर्दै अरू ठेकेदारलाई टेन्डर हाल्न नदिएपछि विवाद चर्किएको हो।

माओवादीले आफैं टेन्डर आह्वान गरेपछि सात दलका नेता र माओवादीसहितको सर्वपक्षीय बैठकले जिविसलाई टेन्डर खोल्न दिने लिखित सहमति गरेको थियो। तर, सहमतिपछि जिविसले टेन्डर आह्वान गरे पनि माओवादीले अन्य ठेकेदारलाई धम्कीपूर्णरुपमा टेन्डर हाल्न नदिएकाले विवाद झनै चर्किएको छ। माओवादीले अन्य ठेकेदारलाई टेन्डरको रसिद काटेको बताउँदै जिल्ला विकास अधिकारी दीर्घनारायण पौडेल र रसिद काट्ने जिविसका कर्मचारीलाई अपहरण गरेर दुई घन्टापछि रिहा गरेका थिए। यसअघि ४५ लाखमा ठेक्का लाग्दै आए पनि माओवादीले आह्वान गरेको ठेक्कामा ९२ लाख तोकिएको थियो। माओवादी नेता राजेन्द्र शाहले ४५ लाख जिविसलाई, २० लाख जिल्लाको विकास निर्माणका लागि र बाँकी रकम जनसेना पाल्न खर्च गरिने भएकाले टेन्डरको रकम बढाएको बताएका थिए। माओवादी र अन्य ठेकेदारबीच चर्केको विवादका कारण जिविसले ठेक्काको निर्णय अझै गर्न सकेको छैन। माओवादी र अर्को पक्षका ठेकेदारबीच विवाद बढेपछि दुवै पक्षबीच कार्यालय परिसरमै भिडन्तको अवस्थामा पुगेका थिए।

**■ गोविन्द परियार/जलेश्वर**



▲ माओवादीद्वारा राजधानीमा आयोजित कार्यक्रममा नेताहरूका साथ व्यापारीहरू

भास्वर ओझा

# पैसामा स्वेच्छाचारिता

■ मधुसूदन पौडेल/काठमाडौं

**माओवादी 'नयाँ सत्ता'को** आर्थिक संरचना कस्तो होला ? माओवादी नेतृत्वका लागि सम्भवतः यो प्रश्न जटिल बन्दै आएको छ। उनीहरूले अहिलेसम्म यसको प्रस्ट जवाफ दिन सकिरहेका छैनन्। माओवादी सत्ता संचालन गर्ने संयुक्त क्रान्तिकारी जनपरिषद्का आर्थिक विभाग प्रमुख देव गुरुङ भन्छन्, 'हाम्रो जस्तो पार्टीको बजेटरी सिस्टम त्यति व्यवस्थित हुँदैन।'

विश्वका कुनै पनि सत्ताका लागि अनिवार्य मानिने वार्षिक बजेटको रुपरेखा भने माओवादीले अहिलेसम्म सार्वजनिक गरेका छैनन्।

माओवादीको आय-व्यय प्रणाली आफैंमा अन्योलग्रस्त देखिन्छ। साथै आर्थिक अनुशासन पालना गर्नु नपर्ने स्वेच्छाचारिता पनि। किनभने अहिलेसम्मका अनुभवले माओवादी पार्टी, भातृ संगठनहरू र स्वायत्त गणतन्त्रहरू एकैसाथ सहयोगका रसिद लिएर पुगेका हुन्छन्, उद्यमी, व्यवसायी र नागरिकका घरहरूमा। माओवादी नेताहरूले राजधानीमा चन्दा स्वेच्छिक भएको दाबी गरिरहेको भए पनि उनीहरूद्वारा मागिने सहयोग आफैंमा बाध्यता बनिरहेको हुन्छ, बन्दुकको डरमा।

माओवादी आम्दानीका स्रोत धेरै हदसम्म प्रस्ट छन्। तर, खर्च प्रणाली भने त्यत्तिकै मात्रामा अपारदर्शी। आर्थिक विभाग प्रमुख गुरुङ भन्छन्, 'हाम्रो पार्टीको आम्दानी चन्दा, लेवी, श्रमदान र करहरू नै हुन्।' तर, यी शीर्षकहरूअन्तर्गत माओवादीले कति रकम संकलन गर्छ र कुन कुन क्षेत्रमा खर्च गरिएको छ भन्ने कुरा भने माओवादीले बताएको छैन। माओवादी वार्ताटोलीका सदस्य दीनानाथ शर्माको दाबीमा पार्टीभित्र यी कुरा पारदर्शी छन्। जनतामाथि शासन गरेको दाबी गर्दै उनीहरूबाट कर असुल्ने तर रकमको खर्च भने पार्टीभित्रमात्र पारदर्शी छ भन्नु गैरजिम्मेवार मान्न सकिन्छ। किनभने माओवादीले आफैं दाबी गरेको 'जन सत्ता'ले राज्य संचालनका न्यूनतम मर्यादा पालना गर्छ भने आफ्नो आय-व्ययको विवरण जनताले थाहा पाउने गरी सार्वजनिक गर्नु पर्ने मात्रै हैन, उनीहरूको चाहनाअनुसार खर्च पनि गर्नु पर्छ। यो कुनै पनि 'सत्ता'को नैतिक दायित्वभित्र मात्रै पर्ने विषय होइन, अनिवार्य सर्त पनि हो।

माओवादीको औपचारिक बजेटको अवस्था 'गोप्य' वा पार्टीभित्र पनि अव्यवस्थित रहेको भए पनि वर्षमा स्वायत्त गणतन्त्र र 'जनसेना'का लागि २ अर्ब रुपैयाँभन्दा बढी खर्च हुने गरेको देखिएको छ। माओवादीका अनुसार प्रत्येक स्वायत्त गणतन्त्रको वार्षिक बजेट १० करोड रुपैयाँसम्म रहेको छ। जसअनुसार नौवटा स्वायत्त गणतन्त्रहरूले वार्षिक करिब १ अर्ब रुपैयाँ खर्च गर्छन्। त्यस्तै सात डिभिजन माओवादी नेतृत्वले भनेअनुसार उनीहरूको खर्च करिब २ अर्ब रुपैयाँको हाराहारीमा देखिन्छ। यसरी संकलन गरिएको चन्दा-कर कहाँ गएको छ भन्ने प्रश्न खडा भएको छ।

माओवादीले देशव्यापी रुपमा कर, ठेक्कापट्टा र चन्दा उठाउने कामलाई आफ्नो 'कानुन'अनुसार वैध भएको दाबी गरिरहेका छन्। तर, यसरी उठाइएको रकम पार्टीभित्रै पनि लेखापरीक्षण सिस्टममा नजाँदा पार्टीभन्दा त्यसका नेता तथा कार्यकर्ता धनी बन्दै जाने अवस्था देखिएको छ।

सरकार-माओवादीबीचको वार्ता अप्ठेरो मोडमा पुगेका बेला माओवादीको चन्दा अभियान फेरि चर्किएको छ। मुख्य रुपमा जनसेना पाल्न र आफ्ना पूर्णकालीन पार्टी कार्यकर्ताको खर्च संचालनका लागि चन्दा माओवादी आम्दानीको मुख्य स्रोत बनाएको छ। यसपटक माओवादी चन्दाको केन्द्र बनाइएको छ, संकटमा फसेको पर्यटन उद्योग। उनीहरूसँग लाखौं रुपैयाँसम्म चन्दा मागिएको बताएका छन्, होटल संचालकहरूले। तर, माओवादी यो कुरा स्विकार्न तयार छैन। सन् १९९९ पछि पहिलो पटक यो पर्यटकीय मौसममा राम्रो व्यवसाय चल्ने आशामा रहेका होटल व्यवसायीहरू यसबाट निरास बन्न थालेका छन्। होटल संघका अधिकारीहरू भन्छन्, 'व्यवसाय राम्रोसँग चलेमा चन्दा पनि दिन सकिएला, तर व्यवसाय नै चल्न नसक्ने वातावरण बनाएर कसको हित हुन्छ र ?'

पर्यटकीय राम्रो मौसम सुरु हुनै लागेको समयमा पर्यटन उद्योगमा माओवादीले सताउन थालेका समाचार सार्वजनिक भएपछि बुकिङ रद्द हुने क्रम सुरु भएको छ। व्यवसायीका अनुसार बितेको सात वर्षपछि यो वर्षको मौसममा निकै उत्साहजनक बुकिङ भइरहेको थियो।

होटलहरूमा माओवादी मजदुर संगठन अखिल नेपाल ट्रेड युनियन महासंघले युनियन खोल्न र मजदुरका सुविधा बढाउन दबाब दिन थालेपछि ठूला होटल संचालकहरू निकै सन्त्रासमा छन्। महासंघले पाँचतारे होटलमा १० हजार, चारतारेमा ७ हजार र तीन तारेभन्दा तलका होटलहरूमा न्यूनतम ५ हजार तलब हुनु पर्ने माग राखेको छ। महासंघको अधिवेशनमा भाग लिन काठमाडौं आएका मजदुरहरूलाई जबरजस्ती खान र बस्न दिनका लागि दबाब दिइएको गुनासो व्यवसायीको छ। तर, महासंघका अध्यक्ष शालिकराम जमरकट्टेल भन्छन्, 'हामीले ठूला होटलबाट कुनै आर्थिक सहयोग र अन्य सुविधा मागेका छैनौं। वार्ता बिथोल्ने षड्यन्त्रका रुपमा हामीमाथि आरोप लगाइएको छ।' ■

# जनसेनाको खर्च १ अर्ब भन्दा बढी



तेजबहादुर बस्नेत

■ देव गुरुङ
आर्थिक विभाग प्रमुख
संयुक्त क्रान्तिकारी जनपरिषद्

**माओवादीको आर्थिक नीति के हो ?**

हामी आत्मनिर्भर र स्वावलम्बी अर्थतन्त्रको पक्षमा छौं। गरिब जनताको भलाइका लागि उनीहरूको जीवनस्तर उठाउने, रोजगार बढाउने र जनजीविकाको सुनिश्चितता गर्ने कार्यक्रम हामी लागू गर्छौं। भूमिको समान वितरण र बहुराष्ट्रिय कम्पनीको एकाधिकार अन्त्य हुनु पर्छ भन्ने हाम्रो मान्यता हो।

**के माओवादी खुला बजार अर्थतन्त्रको विपक्षमा छ ?**

आन्तरिक रुपमा खुला प्रतिस्पर्धा हुन सक्छ। तर, बहुराष्ट्रिय कम्पनीसँग राष्ट्रिय उद्योगको खुला प्रतिस्पर्धा हुन सक्दैन। खुला बजार अर्थतन्त्रलाई निरपेक्ष रुपमा हेरिनु हुँदैन। उनीहरूका बीचमा आकाश र जमिनको फरक छ।

**नेपाल विश्वव्यापीकरणमा छिरिसकेको अवस्थामा कसरी सम्भव होला र यो कुरा ?**

जब युरोप, अमेरिका र जापानमा विश्व व्यापार संगठनका प्रावधान लागू हुँदैनन् भने नेपालमा कसरी लागू हुन सक्छ ? भूमण्डलीकरण, उदारीकरण र विश्वव्यापीकरणका कुरा बहुराष्ट्रिय कम्पनीहरूको एकाधिकार फैलाउन गरिएको हो। जबसम्म तेस्रो मुलुकको अर्थतन्त्र विकसित मुलुकको हैसियतमा पुग्दैन तबसम्म डब्लुटिओ यी मुलुकहरूमा लागू हुन सक्दैन।

**त्यसो भए माओवादीहरू डब्लुटिओको विपक्षमा छन् ?**

हामी नेपालको राष्ट्रिय हितअनुकूल हुने गरी डब्लुटिओ लागू गर्न चाहन्छौं। त्यसका लागि अहिलेका प्रावधानहरूमा संशोधन र परिमार्जन हुनु जरुरी छ। आफ्नो हित संरक्षण हुने गरी, नेपालमा उत्पादित वस्तुहरू विस्थापित नहुने सर्तमा मात्रै लागू हुन सक्छ।

**माओवादीका सर्तमात्रै स्विकारेर नेपालसँग कसले सम्झौता गर्ला र ?**

हामीले त्यसका लागि हामीले प्रयास गर्ने हो...।

**नेकपा (माओवादी)को आर्थिक संरचना कस्तो छ ?**

श्रमिक वर्गको पार्टी भएकाले हामीले पार्टी सदस्यहरूबाट लेबी उठाउँछौं। श्रम गर्छौं र उत्पादनबाट आउने आम्दानीले पार्टीको खर्च चलाउँछौं। त्यसका साथै चन्दा संकलन पनि हाम्रो आम्दानीको स्रोत हो।

**माओवादीले आफूलाई भन्दै आएको 'नयाँ सत्ता'को बजेट कस्तो छ ?**

हाम्रो पार्टीको खर्च थोरै नै हुन्छ। हामी मीतव्ययी रुपमा पार्टीका गतिविधि संचालन गर्छौं। करिब डेढ लाख पूर्णकालीन पार्टी कार्यकर्ताको खर्च व्यवस्थापन गरिएको छ। तर, हाम्रो बजेटरी सिस्टम त्यति धेरै व्यवस्थित हुँदैन।

**तर एउटा 'सत्ता'सँग आय–व्ययको रुपरेखा त होला नि ?**

हाम्रा स्वायत्त गणतन्त्रहरूले यो काम गरिरहेका छन्। उनीहरूले प्रत्येक ६ महिनामा बजेट तयार गर्छन् र उनीहरूका अधिवेशनमा प्रस्तुत गर्दै आएका छन्। उनीहरूले आ–आफ्नो क्षेत्रमा कर नीति लागू गरेका छन्। अनुकूल समयमा श्रमदानमा भाग लिएर 'स्यालरी'मार्फत रकम जुटाउने काम पनि भएको छ। त्यसअतिरिक्त उनीहरूले 'डोनेसन' पनि उठाउँदै आएका छन्। संयुक्त क्रान्तिकारी जनपरिषद्ले त उनीहरूको समन्वय गर्ने मात्रै हो।

**कस्तो छ, ती 'स्वायत्त गणतन्त्र'हरूको बजेट प्रणाली ?**

अहिले नौवटा स्वायत्त गणतन्त्र स्थापना भएका छन्। प्रत्येकको वार्षिक बजेट ८ देखि १० करोड रुपैयाँसम्म रहेको छ।

**तर माओवादी पार्टीको खर्च ....?**

हामीले जनसेना र विकास निर्माणमा पनि खर्च गर्दै आएका छौं। विकासका कामहरू स्वायत्त गणतन्त्रहरूले गर्दै आएका छन्।

**'जनसेना'को खर्च संचालनका बारेमा व्यापक चर्चा हुँदै आएका छन्। कति छ, सैनिकतर्फको खर्च ?**

हाम्रो सात डिभिजन जनसेना रहेको छ। जनसेनाको खर्च वर्षमा १ अर्ब रुपैयाँभन्दा बढी नै हुन्छ।

**यो खर्च जुटाउने स्रोत के हुन् ?**

लेबी, चन्दा, श्रमदान र करहरू नै हुन्।

**कति उठाउनु हुन्छ लेबी ?**

हाम्रो पार्टीका सदस्यहरूसँग मासिक न्यूनतम २ रुपैयाँ लेबी उठाउँछौं। त्योभन्दा बढी उनीहरूको आम्दानी हेरेर निर्धारण गरिन्छ।

**'जनसेना' पाल्न सरकारबाट पनि रकम लिने कुरा भएका थिए, कार्यान्वयनमा आएन नि ?**

हाम्रो पहिलो प्राथमिकता राजनीतिक मुद्दाहरूको समाधान हो। राजनीतिक कुरा नमिलेसम्म हामीले सरकारबाट पैसा लिने कुरा आउँदैन। राजनीतिक मुद्दाहरू बाँकी रहेको अवस्थामा हामी सरकारको तलबभत्ता लिन चाहँदैनौं।

**तर मुख्य रुपमा त चन्दाबाटै पार्टी चलेको देखिन्छ। किनभने यति धेरै आलोचना हुँदा पनि तपाईंहरू चन्दा उठाइरहनु भएको छ ?**

यसमा जे जति प्रचार गरिएको छ, यथार्थता त्यस्तो हैन। हामीलाई देख्न नचाहने बाह्य शक्ति र अहिले कांग्रेस–एमालेका मित्रहरूले यसलाई बढी उछालेका छन्। तर, हामीबाट कहीं कतै गल्ती नै भएको छैन भन्ने पनि हैन। त्यसका लागि हामी छानबिन गर्न तयार छौं।

**आचारसंहिता उल्लंघन गरेरै पनि चन्दा उठाउने काम नरोकिएको आरोप लागेको छ नि ?**

चन्दा उठाउन पाइँदैन भन्ने कुरा नै गलत हो। आचारसंहितामा पनि चन्दा उठाउन नपाइने भनिएको छैन। तर, कसैको पनि इच्छाविपरीत चन्दा उठाउन पाइँदैन भन्ने कुरामा हामी सजग छौं। जबरजस्ती चन्दा उठाउने काम हामीबाट भएको छैन। चन्दा अन्य पार्टीहरूले पनि उठाउँदै आएका छन् र हामीले पनि स्वेच्छिक रुपमा उठाएका छौं। यदि कसैसँग हामीले जबरजस्ती चन्दा उठाएको प्रमाण छ भने हामी ती कुरामा छानबिन गर्न तयार छौं।

■ मधुसूदन पौडेल/काठमाडौं




भास्वर ओझा

▲ माओवादीले सरकारमाथि दवाव बढाउँदै लगेको छ । राज्यले बेपत्ता पारेका परिवारले सैनिक मुख्यालय भद्रकालीमा धर्ना दिँदै, साथमा माओवादी प्रवक्ता कृष्णबहादुर महरा

# अझै अनिश्चित

**सरकार र माओवादीबीचको आशंका र विवादका कारण बढ्दो अराजकताबाट शान्ति प्रक्रियाकै भविष्य अन्योलग्रस्त बने पनि सात दल र सरकारले माओवादीसँग शीर्ष वार्ताका निम्ति निर्णायक पहल गरेका छैनन् ।**

■ **सुवास देवकोटा/काठमाडौं**

**सात दलसँगको** शीर्ष वार्ताका लागि नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले सुरु गरेको दबाब अभियानका कारण प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सहयात्री सात दलमध्ये एमाले महासचिव माधवकुमार नेपाल र नेपाली कांग्रेस प्रजातान्त्रिक सभापति शेरबहादुर देउवासँगको भेटघाट र छलफल अघि बढाएका छन् । तर, माओवादी अध्यक्ष प्रचण्डसहितको शीर्ष वार्ताको मिति तोक्न प्रधानमन्त्री कोइराला, नेपाल र देउवाको बैठकले पनि सकेन । माओवादीसँग वार्ताका निम्ति सात दलका शीर्षस्थ नेताहरूले एजेन्डा तय गर्नु पर्ने प्रधानमन्त्री कोइरालाको प्रस्तावका कारण अर्को साता पनि शीर्ष शान्तिवार्ता हुने सम्भावना न्यून छ । किनभने, एसियाली राजनीतिक दलहरूको चौथो बैठकमा भाग लिन भदौ २१ गते दक्षिण कोरियाको राजधानी सिउल गएका एमाले महासचिव माधवकुमार नेपाल र नेपाली कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा भदौ २५ गते मात्र नेपाल फर्कंदै छन् ।

काभ्रेको कामीडाँडामा भदौ ११ देखि १५ गतेसम्म भएको माओवादी केन्द्रीय समितिको बैठकले कृष्णबहादुर महराको तीन सदस्यीय वार्ताटोलीको ठाउँमा अध्यक्ष प्रचण्डको नेतृत्वमा दस सदस्यीय वार्ताटोली गठन गरेपछि गृहमन्त्री कृष्णप्रसाद सिटौलाको नेतृत्वमा रहेको सरकारी वार्ताटोलीको औचित्य समाप्त भएको मानिएको छ । माओवादीले सरकारी वार्ताटोली अधिकारविहीन रहेको उल्लेख गर्दै प्रधानमन्त्री कोइरालासहितको टोलीसँग वार्ता गर्नु मात्र औचित्यपूर्ण हुने बताउँदै आएको थियो ।

माओवादीले प्रचण्डसहित वरिष्ठ नेताहरूको वार्ताटोली बनाउनुले अब सरकार पनि प्रधानमन्त्रीकै नेतृत्वमा माओवादीसँग वार्ता गर्न बाध्य हुने निश्चित छ । तर, अझै सात दलले माओवादीसँग हुने वार्ताको एजेन्डा तोकेको छैन, साथै वार्तामा सात दल र सरकारका तर्फबाट को को सहभागी हुनेछन् भन्ने पनि निश्चय गरेको छैन । यसैगरी सरकारी वार्ताटोलीसँग वार्ता नगर्ने निष्कर्ष माओवादीले सार्वजनिक गरे पनि सरकारले अझै आफ्नो वार्ताटोली विघटन गरेको छैन । शीर्ष वार्ताअघि माओवादी नेताहरूसँग अनौपचारिक तथा व्यक्तिगत भेटमार्फत सहमतिको प्रयास अघि बढाउन प्रयत्न गर्ने सरकारले रणनीति बनाएको छ ।

माओवादी बैठकले 'नि:सर्त संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको ऐतिहासिक जनआन्दोलनको आदेशविपरीत यसरी नै अघि बढिरहने धृष्टता गरे' आन्दोलनको अर्को आँधीबेहरी सिर्जना गर्ने निर्णय गर्नासाथ राजधानीमा माओवादीका दबाबमूलक कार्यक्रम दैनिक हुन

# 'संविधानसभामा दुवै हतियार बाहिर आउनुहुँदैन'

**नन्दकिशोर पुन 'पासाङ', डेपुटी कमान्डर, माओवादी जनमुक्ति सेना**

रोल्पा राङ्सीमा ४१ वर्षअघि जन्मिएका माओवादी सैन्य नेता नन्दकिशोर पुन (पासाङ) प्रचण्डको अध्यक्षतामा गठित दस सदस्यीय वार्ताटोलीमा परेपछि राजधानीमा सार्वजनिक भएका छन्। २०५२ देखि नै माओवादी सैन्य आक्रमणको नेतृत्व गरेका पासाङलाई माओवादी सेनाका हतियार कुनै हालतमा सरकारलाई बुझाउनु हुन्न भन्ने पक्षधर मानिन्छ। गत असोजमा रुकुमको चुनवाङमा भएको केन्द्रीय समितिको बैठकपछि 'जनसैन्य प्रतिष्ठान' प्रमुख बनेका पासाङ माओवादीले वार्ता र वक्ता टोलीमा समावेश नगरेकोमा असन्तुष्ट थिए भनिन्छ। *समय*का सुवास देवकोटासँगको वार्तामा भने पासाङ पार्टी नेतृत्वसँग पूरै सन्तुष्ट देखिए र भने, 'पहिले पनि म पार्टीकै निर्देशनमा सैन्य क्षेत्र गएको हुँ र पछि पनि पार्टीले जहाँ खटायो त्यहीँ जान्छु।'



तेजबहादुर बस्नेत

**नयाँ राजनीतिक परिवेशमा युद्धकालमा जस्तै आफ्नो महत्त्व कायम राख्न सक्ने तपाईंलाई विश्वास छ ?**

जनयुद्धको क्रममै पनि आम जनतासँग सहकार्य भइरहेकै थियो। यद्यपि, फेरिएको परिस्थितिमा जनतासँग सार्वजनिकरुपमा प्रस्तुत हुनु र पहिले आन्तरिकरुपमा कुरा गर्नु फरक छैन भन्ने होइन। अहिले सार्वजनिक भएपछि बाह्य र आन्तरिक दुवै काम गर्नु पर्ने भएकाले आफ्नो क्षमताले भ्याएसम्म फरक प्रकारको गम्भीरता र दायित्वबोध गर्नु पर्ने मैले ठानेको छु।

**युद्धमोर्चाबाट कमाएको नाम वार्ता प्रक्रियामा पनि कायम गर्नसक्ने विश्वास छ त तपाईंलाई ?**

सर्वहारा चिन्तनबाट प्रभावित भएकाले मलाई कुनै पद र प्रतिष्ठाको महत्त्वाकांक्षा छैन। देश, जनता र क्रान्तिका निम्ति एउटा इँटा थप्ने कुरामा मात्रै मेरो महत्त्व छ र रह्यो भन्ने मलाई लाग्छ। हिजोको स्थानमा म भइरहुँ वा अझ माथि जाऊँ भन्ने मैले कहिले पनि सोचेको छैन। इतिहासले दिएको जिम्मेवारीलाई मैले बोक्न सक्नु पर्छ भन्ने मात्र मलाई लाग्छ।

**युद्धकालीन अवस्थामा पाएको प्रसिद्धि सम्झँदा अहिले कस्तो लाग्छ ?**

पार्टी नेतृत्वप्रति मेरो श्रद्धा छ। किनकि मलाई यो ठाउँमा ल्याउन पार्टीले मलाई दिएको ठोस जिम्मेवारीको महत्त्वपूर्ण भूमिका छ। आफ्नै क्षमताका कारणभन्दा पनि आमजनता र सहिदहरूको बलिदानका कारण नै म स्थापित भएको हुँ। मेरो छुट्टै प्रतिभाका कारण मैले कुनै कीर्तिमान कायम गरेँ भन्ने मलाई लाग्दैन।

**आफैंले बनाएको योजनाअनुसार भएका लडाइँमा कयौं मानिस मरेको सम्झँदा नरमाइलो लाग्दैन ?**

युद्ध भनेकै जीवनमरणको संघर्ष हो। ऐतिहासिक आवश्यकताअनुसार युद्धमा आफ्नै ज्यान दिन पनि तयार हुनु पर्छ। युद्धमा चोखो र शुद्धता मात्र अवश्य पनि हुन्न। युद्धमा आफ्ना साथीको बलिदान तथा अर्को पक्षको क्षति हुँदा स्वभाविकरुपमा मानवीय संवेदना पैदा हुन्छ। तर, त्यो बलिदान बाध्यता र इतिहासको आवश्यकता हो भन्ने हामीले बिर्सन

थालेका छन्। राज्यले बेपत्ता पारेका परिवारको सैनिक मुख्यालय भद्रकालीमा यही साता भएको धर्नामा प्रहरीले हस्तक्षेप गरेपछि माओवादी अरू आक्रमक देखिएको छ। माओवादीले भदौ २१ गते आफ्नो मजदुर संगठनको सम्मेलनमा पनि ठूलो संख्यामा कार्यकर्ता उतार्दै राजधानी अस्तव्यस्त बनाएको थियो। माओवादी नेताहरूले सार्वजनिकरुपमै 'संविधानसभाको निर्वाचन गर्न माओवादीलाई सत्ता देऊ' भन्दै सरकारलाई दबाब दिन थालेका छन्। सात दल र सरकारले माओवादीसँग शीर्ष वार्ता तथा थप सहमति गर्न ढिलाइ गरिरहँदा शान्ति प्रक्रियाको भविष्यसमेत अन्योलमा परेको देखिएको छ।

अन्तरिम संविधान निर्माण, संसद् विघटन, अन्तरिम सरकार गठन र संविधानसभा निर्वाचनको मिति घोषणासहित 'प्याकेज'मा वार्ता र सहमति हुनु पर्ने मागमा अडिग माओवादीले त्यसैका लागि दबाब अभियान अघि बढाउनुपरेको बताएको छ। सरकारमाथि दबाब बढाउन माओवादीले सरकारको राजस्व स्रोतमा पनि हस्तक्षेप गर्न थालेको छ। पहिले नै अराजकता व्याप्त राजधानी र मुलुकका सबै ठाउँमा माओवादीको दबाब र हस्तक्षेप अभियानले थप अराजकता बढ्ने निश्चित छ भने शान्ति सुरक्षा कायम गर्न पहिल्यै असफल देखिएको सरकारलाई माओवादी दबाब अभियानका कारण बढ्ने अराजकताले अरू असफल पार्ने निश्चित छ। सरकार र माओवादीबीच बढ्दै गएको आशंका र विवादबाट फाइदा लिन खोज्ने तत्त्वले सडकमा अराजकता फैलाउने प्रयास गरेको यसअघि राजधानीमा भएका तोडफोडका घटनाहरूले पुष्टि गरेका छन्।

जनआन्दोलनविरुद्ध राजा ज्ञानेन्द्रलाई राजनीतिक रुपमा समेत सल्लाह दिएको आरोप लागेका रुक्मागंद कटवाललाई सेना प्रमुख बनाउने सरकारको यसै साताको निर्णयप्रति माओवादीको गम्भीर आपत्ति छ र सरकारको यो निर्णयले शान्ति प्रक्रियाको भविष्य संकटमा पर्ने माओवादीले दाबी गरेको छ। कटवाललाई प्रधानसेनापति बनाउने सरकारको निर्णय सार्वजनिक हुनु अघिसम्म पनि सात दलका केही नेताले कटवाललाई प्रधानसेनापति

हुँदैन । ती महान् सहिदहरूको बलिदानकै कारण हामी यहाँसम्म आइपुगेका हौं ।

**यहाँसम्म त आइयो, अब यो आन्दोलनलाई कहाँ पुऱ्याउने योजना छ ?**

केन्द्रीय समितिको बैठकले भर्खरै गरेका निर्णय हामीले सार्वजनिक गरेका छौं । देश फेरि युद्धको भुमरीमा फस्न नपरोस् भन्ने पक्षमा हामी छौं । स्वदेशी तथा विदेशी शक्तिहरूको स्वार्थी खेल असफल पार्नु आम नेपालीको कर्तव्य हो र नेपालीहरूले नै यहाँको समस्या समाधान गर्नु पर्छ भन्ने पक्षमा हामी छौं ।

**बैठकले निर्णय गरेअनुसार आन्दोलन वा विद्रोहले समस्या समाधान होला भन्ने लाग्छ ?**

यो देशमा लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्नु पर्छ भन्ने हाम्रो चाहना र योजना हो । वार्ता प्रक्रिया अघि बढाउन हाम्रो तर्फबाट अधिकतम प्रयास हुनेछ । शान्तिपूर्ण तरिकाबाटै नयाँ नेपालको आधारशिला निर्माण हुनु पर्छ भन्ने पक्षमा हामी छौं । हाम्रो त्यो प्रयासलाई प्रतिक्रियावादीहरूले कुल्चने दुस्प्रयास गरे भने निश्चितरुपमा जनताले विद्रोह गर्नेछन् ।

**माओवादीले भन्ने गरेको जनताको विद्रोहमा माओवादी सेनाको भूमिकाचाहिँ कस्तो हुनेछ ?**

जनताको विद्रोहलाई माओवादीले नेतृत्व दिनु पर्छ भन्ने स्वतः स्पष्ट छ । जनमुक्ति सेनाले पनि त्यो विद्रोहको नेतृत्व गर्नेमा कुनै विवाद छैन ।

**सम्भावित विद्रोहको नेतृत्व गर्न माओवादी सेना अहिले तयारी गर्दै छ त ?**

निरंकुश र फासिस्ट शक्ति अघि आएर जनताको चाहना कुठाराघात गरेमा जनताले विद्रोह गर्छन् र त्यस्तो अवस्थामा हामीले नेतृत्व गर्नै पर्छ ।

**विद्रोहको नेतृत्व गर्ने तयारीमा हुनु हुन्छ, अहिले तपाईंहरू ?**

हामीले हाम्रो योजना नै सार्वजनिक गरेका छौं । हामीले भनेका छौं, हाम्रो पहिलो प्रयास शान्तिपूर्ण तथा वार्ता प्रक्रियाबाटै हुनेछ । शान्तिपूर्ण र वार्ता प्रक्रियाबाट समस्या समाधान नभए मात्र दबाबमूलक आन्दोलन गर्ने भन्ने निर्णय हो, हाम्रो । लोकतान्त्रिक गणतन्त्र चाहने शक्ति एक हुनु पर्छ भन्ने पक्षमा हामी छौं ।

**विद्रोहको योजना तपाईं प्रमुख रहेको जनसैन्य प्रतिष्ठानले नै त बनाइरहेको छैन ?**

हिजो र अहिले जनसैन्य प्रतिष्ठानको भूमिका नितान्त फरक छ । युद्धका बेला हातहतियारको तालिम दिने काममा लागेको जनसैन्य प्रतिष्ठान अहिले लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ति लाग्न जनतालाई प्रशिक्षण दिइरहेको छ । बदलिँदो सन्दर्भमा प्रतिष्ठानको भूमिका पनि बदलिएको छ ।

**शान्ति वार्ता अघि बढ्न माओवादी सेना र हतियार अलग गरिनु पर्ने प्रस्ताव सात दल र सरकारका तर्फबाट आइरहेको छ ?**

जनमुक्ति सेना र हाम्रो हतियार संविधानसभा निर्वाचनका लागि कुनै हालतमा बाधक बन्दैन, बरु सहयोगी नै हुन्छ भन्ने हाम्रो भनाइ हो । संविधानसभा निर्वाचनका लागि बाधक त उताको हतियार हो । त्यो हतियार व्यवस्थापनको कुरा उठ्नु पऱ्यो भन्ने हाम्रो माग हो । राजनीतिक समस्या हल नगरी हतियार व्यवस्थापन गर्ने कुरा आइरहेको छ, त्यसप्रति हाम्रो झनै आपत्ति छ । हतियार व्यवस्थापनको कुरा, अन्तरिम संविधान, संसद् विघटन, अन्तरिम सरकार गठन र संविधानसभा निर्वाचनको मिति घोषणा जस्ता प्रमुख विषय छायाँमा पार्ने षड्यन्त्र हो भन्ने हामीलाई लाग्छ ।

**अन्तरिम सरकार निर्माण र संविधानसभा निर्वाचनको मिति घोषणापछि चाहिँ हतियार व्यवस्थापन गर्न तयार हुनुहुन्छ त ?**

सबै विषय 'प्याकेज'मा समाधान गर्नु पर्ने पक्षमा हामी छौं । अन्तरिम विधान निर्माण, संसद् विघटन र अन्तरिम सरकार गठनपछि संविधानसभा निर्वाचनको मिति घोषणा हुनु पर्छ । त्यसपछि हाम्रो सेना अस्थायी ब्यारेकमा रहन्छ, उनीहरू पनि ब्यारेकमै रहून् । संविधानसभामा दुवै हतियार बाहिर नआउने व्यवस्था गर्नु पर्छ भन्ने त हामीले भनिसकेकै छौं ।

**हतियार व्यवस्थापनबारे लचिलो बनेको पार्टी नेतृत्व तपाईं र बादलको दबाबकै कारण कडा अडान लिन बाध्य बन्यो भनिन्छ नि ?**

त्यो बिल्कुल होइन, भ्रम फैलाइएको मात्र हो । हाम्रो पार्टीले गरेका निर्णयमा एक मत छ । हाम्रो केन्द्रीय समितिले लिएको निर्णय एकदमै वस्तुवादी छ भन्ने मेरो विश्वास छ । व्यवहारमा पनि त्यो सही सावित भइरहेको छ ।

**बैठकमा बादल र तपाईंको अध्यक्ष प्रचण्डसँग फरक मत थिएन त ?**

थिएन, यो प्रचार नै वाहियात हो । बादल र अध्यक्षबीच फाटो गराउन खोज्ने प्रयास मात्र हो यो । बादल र अध्यक्षबीच त पहिले पनि फरक मत थिएन । बादल र मेरो बीच पनि लगनगाँठो हुने कुरै छैन । हाम्रो पार्टीमा कोहीबीच लगनगाँठो भन्ने नै हुँदैन ।

**जनसेना पाल्न चन्दा उठाइएको छ, आम मानिसले जनसेना पाल्न कहिलेसम्म लगानी गरिरहनु पर्ने हो ?**

हामीले राजनीतिक समाधान छिटो होस् भनेको कारण त्यो पनि त हो । समस्याको हल नगर्ने हो भने त फेरि झन् ठूलो समस्या आउन सक्छ ।

**उठाइएको चन्दा र त्यसको खर्च पारदर्शी हुनु पर्दैन ?**

जनताको सहयोगकै कारण जनयुद्ध यो उचाइमा पुगेको हो । हाम्रो पार्टीमा आर्थिक भ्रष्टाचार हुँदैन । कहीं भ्रष्टाचार भएमा हामी कारबाही पनि गर्छौं । आवश्यक भए हामी जनतालाई हाम्रो आम्दानी र खर्चबारे जानकारी पनि दिन सक्छौं । ■

नबनाइने आश्वासन माओवादीलाई दिएको प्रचण्ड निकट स्रोत दाबी गर्छ । प्रचण्डले माओवादीको बैठकमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमै कटवाललाई सेना प्रमुख बनाउनु सरकारको षड्यन्त्र ठहरिने उल्लेख गरेका थिए ।

अध्यक्ष प्रचण्ड र अर्का वरिष्ठ नेता डा. बाबुराम भट्टराईको हत्या गर्ने प्रयास भइरहेको प्रमाण पाइएको उल्लेख गर्दै प्रचण्ड र बाबुरामको सुरक्षा व्यवस्था कडा पार्ने र सार्वजनिक कार्यक्रमहरूमा उनीहरूलाई नपठाउने निर्णय पनि माओवादीले यसै साता गरेको छ । युक्रेनबाट नेपाली सेनाका लागि ल्याइएको हतियार भारतको अहमदावादमा रोकिएको समाचारका कारण पनि माओवादी सरकारप्रति सशंकित बनेको छ । यद्यपि, सरकारले अहमदावादमा आएको भनिएको हतियार नेपाल नभित्रिने उल्लेख गर्दै माओवादीलाई आश्वस्त पार्ने प्रयास गरेको छ ।

यता, माओवादीका हतियार 'व्यवस्थापन' नगरी राजनीतिक मुद्दा समाधानबारे वार्ता नगर्ने पूर्व अडान सरकारले त्यागेको छैन । तर, राजनीतिक समस्या समाधान नभई आफ्ना सेना अस्थायी ब्यारेकमा नबस्ने उल्लेख गरेर माओवादी आफूले संयुक्त राष्ट्रसंघलाई पत्र पठाउँदा सरकारसँग गरेको सहमतिबाट समेत पछि हटेको छ । सरकार र माओवादीबीच वार्ता र थप सहमति नभएकाले नेपालको शान्तिवार्तामा राष्ट्रसंघको सहभागिता अन्योलमा पर्न थालेको छ । सरकार र माओवादीबाट दुवै पक्षका सेना ब्यारेक र अस्थायी छाउनीमा राख्ने पाँचबुँदे सहमतिको पत्र पाएको आधारमा राष्ट्रसंघको टोली इयान मार्टिनको नेतृत्वमा नेपाल आइसकेको छ ।

माओवादी र सात दलको सरकारबीच आशंका र विवाद बढेर शान्ति प्रक्रिया नै संकटमा पर्ने सम्भावना देखिए पनि सरकारका तर्फबाट शीघ्र वार्ताको पहल अझै भएको छैन । माओवादी अध्यक्ष प्रचण्ड निकट स्रोत, कामीडाँडा बैठकपछि प्रचण्डसँग सरकारले सम्पर्कसमेत नगरेको बताउँछ । यद्यपि, माओवादी नेताहरूसँग अहिले पनि सरकारको निरन्तर सम्पर्क रहेको दाबी सरकारी स्रोतको छ । ■

**कुनलाई पहिलो र कुनलाई दोस्रो जनआन्दोलन भन्ने आफैंमा वहसको विषय बन्न सक्छ, तर यस पटकको नेपाली जनताको क्रान्तिकारी उभार खाली आन्दोलन, संयुक्त आन्दोलन वा विद्रोह मात्र नभएर एउटा जनक्रान्ति नै हो ।**



# अवमूल्यन नहोस्

झलनाथ खनाल

**हाम्रो देशमा** २०४६ को राष्ट्रिय जनआन्दोलनपछि करिब १२ वर्षसम्म बहुदलीय शासन प्रणाली रहेको थियो । त्यो शासन प्रणालीविरुद्ध सुरुदेखि नै नेपालको दरवार लागी परेको थियो । त्यसै प्रयासलाई निरन्तरता दिँदै राजा ज्ञानेन्द्रले १८ असोज २०५९ मा निर्वाचित सरकारलाई विघटन गरे र मुलुकमा मनोमानी गर्न थाले त्यसै दिनदेखि सन् २०४६ मा स्थापना भएको बहुदलीय शासन प्रणाली समाप्त भयो र राजाको हुकुमी शासन सुरुवात भएको थियो । त्यसलाई हेर्ने र विश्लेषण गर्ने सवालमा त्यस बेला लोकतान्त्रिक शक्तिहरूबीच सही र एकरूप दृष्टिकोण बन्न सकेन ।

राजाको उक्त तानाशाही कदमविरुद्ध त्यही विन्दुदेखि संयुक्त आन्दोलनको ज्वारभाटा विकास गर्नु जरुरी थियो, तर हामीले त्यस बेला त्यस्तो कार्यदिशा लिन सकेनौं । यसले गर्दा राजतन्त्रले अझ अघि बढेर १९ माघ ०६१ मा सम्पूर्ण सत्ता आफ्नो हातमा लग्यो । त्यो एउटा राजनीतिक सत्ता पलटसमेत थियो । वास्तवमा त्यो यस्तो प्रतिक्रान्तिकारी र प्रतिगमनकारी घटना थियो, जसले १८ असोजमा सुरु भएको प्रतिगमनको प्रक्रियालाई अझ घनीभूत पार्दै राजा ज्ञानेन्द्रको नेतृत्वमा पूर्ण रूपको निरंकुश र हुकुमी शासन प्रणालीको स्थापना गर्न पुग्यो ।

त्यसपछि भने त्यो हुकुमी शासन ध्वस्त गर्नका निम्ति हाम्रो पार्टीको पहल र अगुवाइमा लोकतान्त्रिक आन्दोलन नयाँ स्तरबाट दृढतापूर्वक अघि बढ्न थाल्यो । हाम्रो पहलमा त्यसले पहिले पाँच दलको र पछि सात दलको संयुक्त आन्दोलनको रूप लियो । हुँदाहुँदै त्यसले राष्ट्रव्यापी जनआन्दोलनको आँधी बेहरीको रूप लिन थाल्यो । २४ चैत ०६२ देखि त्यसले जनप्रदर्शन र जनविद्रोहको समेत रूप लिन थाल्यो । राजतन्त्रको हिंस्रक र क्रूर दमनविरुद्ध जनताको संघर्ष व्यापक र तीव्र बन्दै उर्लिन थाल्यो । जनसंघर्षका क्रममा लोकतान्त्रिक शक्तिहरूले विभिन्न ठाउँ कब्जा गर्न थाले । विभिन्न जिल्ला, नगर, चोकहरू कहीं लोकतान्त्रिक चोकहरू घोषित हुन थाले, कहीं लोकतान्त्रिक गणतन्त्र घोषित हुन थाले । जनताले धेरै ठाउँलाई निरंकुश राजतन्त्रको दमनबाट मुक्त घोषित गर्दै जान थाले । यो जनविद्रोहको रूप थियो । त्यस्ता घटना क्रमले राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्लाई समेत व्यापक रूपले उत्साहित पार्दै लग्यो । मुलुक भित्र र बाहिर पनि जनआन्दोलनका छाल उठ्न थाले । राष्ट्रव्यापी जनआँधीका साथ साथै मुलुकको राजधानी सम्पूर्ण रूपले संघर्षमय बन्न पुग्यो । जनप्रतिरोधका क्रममा राजधानी लगायत अनेकौं स्थल रक्ताम्य बने । एक्काइसजनाले जीवन आहुति दिँदै सहिद भए । हजारौं योद्धा घाइते भए, तर तानाशाही दमनले आन्दोलन दबिने प्रश्नै थिएन । राजधानीको चक्रपथमा मात्र पनि लाखौंको संख्यामा जुलुस हुन थाले । शाही राजतन्त्रको नारायणहिटी दरवार र सिंहदरवार जनताको उर्लंदो घेरामा पूर्ण रूपले घेरिन पुग्यो ।

त्यसपछि राजा ज्ञानेन्द्रका सामु या त भाग्ने वा जनताका सामु आत्मसमर्पण गर्नेभन्दा अर्को कुनै बाटो थिएन । हाम्रो पार्टी, सात दल र तमाम लोकतान्त्रिक शक्तिहरू अब देशमा समानान्तर सरकार गठन गरेर राजतन्त्रविरुद्ध अन्तिम विद्रोहमा उत्रिने अवस्थामा पुग्न थालेका थिए । चारैतिर राजनीतिक शक्तिहरू, नागरिक समाज र जनयोद्धाहरू यही हुंकार गरिरहेका थिए । राजतन्त्र राष्ट्रिय र अन्तर्राष्ट्रिय सबै क्षेत्रबाट पूर्ण रूपले अलग बनको थियो । त्यस्तो अवस्थामा पुगेपछि राजतन्त्रका दूतहरू सात दलसँग सम्पर्क गर्न थाले र सात दलले जसरी अघि बढ्न भन्छन्, त्यसरी नै अघि बढ्न राजा तयार भएको कुरा गर्न थाले । अन्त्यमा २०६३ वैशाख ११ मा आएर राजा ज्ञानेन्द्र नेपाली जनतासामु झुक्न बाध्य भए र परिवर्तनको पक्षमा घोषणा गर्न बाध्य भए । ठिक त्यही दिनदेखि नेपाली समाजमा क्रान्तिकारी रूपान्तरण र पुनर्गठनको नयाँ ऐतिहासिक प्रक्रिया सुरुवात भएको छ ।

यसरी विकसित भएको र अझै जारी रहेको नेपाली जनताको ऐतिहासिक विद्रोह २००६ वास्तवमा एउटा जनक्रान्ति नै हो । यसलाई कसैले सामान्य रूपमा 'जनआन्दोलन' मात्र भने, कसैले 'अभूतपूर्व जनआन्दोलन' भने, कसैले 'ऐतिहासिक जनआन्दोलन' भने, कसैले ऐतिहासिक जनविद्रोह पनि भने, त कसैले 'जनआन्दोलन २' भन्न पुगे । नेपालमा ठूला जनआन्दोलन धेरै पटक भएका छन् । केलाई पहिलो केलाई दोस्रो भन्ने यो आफैंमा वहसको विषय बन्न सक्छ, तर यस पटकको नेपाली जनताको क्रान्तिकारी उभार खाली आन्दोलन, संयुक्त आन्दोलन वा विद्रोह मात्र नभएर एउटा जनक्रान्ति नै हो । यहाँनेर प्रश्न उठ्न सक्छ कस्तो संघर्षलाई क्रान्ति भनिन्छ ? हामीले यो प्रश्नको जवाफ वस्तुगत धरातलमा उभिएर खोज्नु पर्छ ।

प्रथमतः जब चालू शासनसत्ता यथास्थितिमा टिक्न नसक्ने अवस्थामा पुग्छ र त्यो अन्तरविरोधले ग्रस्त बन्दै आम जनताको निसाना बन्न पुग्छ,

दोस्रो, जब आमजनता नयाँ विकल्पका साथ उक्त शासनविरुद्ध आम रूपमा संघर्षको मैदानमा उत्रिन बाध्य हुन्छन्,

तेस्रो, जब जनताको त्यस्तो आन्दोलन वा संघर्ष पूर्वयोजनाका आधारमा आयोजना गरिने अवस्थालाई पार गरेर जनउभारको अवस्थामा विकसित हुन्छ र चारैतिर आन्दोलनले लहरको रुप लिन थाल्छ,

चौथो, जब जनताको त्यस्तो लहर वा उभारले विद्रोहको रूप लिन थाल्छ र शासन सत्ताका एक वा अर्को अंगलाई पछि हटाउँदै तथा विभिन्न क्षेत्र कब्जा गर्दै मुक्त क्षेत्र घोषणा गर्न पुग्छ, तब जनताको संघर्षले क्रान्तिको रूप लिन पुग्छ ।

हाम्रो देशमा यस पटक भएको जन क्रान्तिमा यी चारवटै पक्ष पूर्ण रूपमा उद्घाटित भएका छन् । यहाँनेर एउटा प्रश्न खडा गर्न सकिन्छ । के उसो भए नेपालमा यसपटक सामाजिक क्रान्ति नै सम्पन्न भएको हो त ? बिल्कुल होइन । जनताका क्रान्तिकारी संघर्ष विकास गर्दै जाने क्रममा ती संघर्षले दुई ढंगले क्रान्तिको रुप लिन सक्छन् । पहिलो राजनीतिक क्रान्ति र दोस्रो सामाजिक क्रान्ति । प्रथमतः जति बेला जनसंघर्षले राजनीतिक जनक्रान्तिको रुप लिन पुग्छ, त्यस बेला जनताले पुरानो शासन प्रणालीलाई उच्छेद गरिदिन्छन् र नयाँ शासन प्रणाली स्थापना गर्छन् । २०६३ वैशाख ११ सम्म मुलुकमा राजाको हुकुमी शासन प्रणाली थियो । त्यसपछि त्यसलाई उच्छेद गरेर नयाँ बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको स्थापना भएको छ । दोस्रो, राजाको हुकुमी शासन भएका बेला मूलतः सामन्त वर्गको हातमा शासनसत्ता थियो । त्यसपछि त्यसलाई सत्ताच्युत गरेर पुँजीपतिवर्ग र श्रमजीवी वर्गका हातमा शासनसत्ता हस्तान्तरित भएको छ । सात दलको सरकार त्यसकै परिणति हो । माओवादीसहितको अन्तरिम सरकार बनेपछि त्यसले अझै ठोस रुप लिन पुग्नेछ । तेस्रो, जनता त्यति बेला निरंकुश राजतन्त्रविरुद्ध निसाना लगाइरहेका थिए । अहिले नेपाली जनता शक्तिहीन हुँदै गएको ढल्दो राजतन्त्रविरुद्ध निसाना लगाइरहेका छन् । त्यसले प्रधान राजनीतिक अन्तरविरोधको संरचनामा समेत परिवर्तन ल्याएको छ । चौथो, त्यति बेला राजतन्त्र सबैतिर हावी थियो । राज्यको शक्ति सन्तुलन

उसकै पक्षमा थियो, तर अहिले त्यो सन्तुलन परिवर्तनकारी शक्तिको पक्षमा आएको छ। त्यसले गर्दा मुलुकमा प्रगतिशील परिवर्तनका सम्भावना प्रबल बन्न पुगेका छन्। यो राजनीतिक क्रान्तिको प्रक्रिया मुलुकमा आत्मगत शक्ति ठिक रहेको र त्यसले क्रान्तिलाई जारी राख्न सचेत प्रयत्न गर्न सकेको खण्डमा यसलाई सामाजिक क्रान्तिको उचाइतिर विस्तार पनि गर्न सकिन्छ। जहाँसम्म सामाजिक क्रान्तिको प्रक्रियाको सवाल छ जबसम्म शासनसत्तामा मात्र नभएर राज्यसत्तामा नै परिवर्तन आउँदैन, शोषक वर्गका हातबाट शोषित वर्गका हातमा शासन आउदैन, प्रधान र आधारभूत अन्तरविरोधमा नै परिवर्तन आउँदैन, उत्पादन सम्बन्धमा परिवर्तन आउँदैन, सामाजिक-आर्थिक ढाँचामा नै परिवर्तन आउँदैन र क्रान्तिको चरित्रमा नै परिवर्तन आउँदैन तबसम्म सामाजिक क्रान्ति सम्पन्न हुन सक्दैन। तर, यी कुरामा परिवर्तन आएको छैन भन्ने नाउँमा राजनीतिक क्रान्तिको महत्तालाई घटाउन पुग्ने र जनताको क्रान्तिकारी पराक्रमलाई अवमूल्यन गर्ने काम गर्नु हुँदैन। अझ जनक्रान्तिको स्वरुप ग्रहण गरिसकेको जनताको क्रान्तिकारी संघर्षलाई सुधारमा सीमित वा जंगी सुधारको आन्दोलन मात्र देख्नु र तदनुरुप व्याख्या गर्नु एकलकाँटे वा अधिभौतिकवादी दृष्टिकोणको सिकार हुनु मात्र हो।

जहाँ र जहिले सुकै पनि जनक्रान्ति पहिले अधिसंरचनाबाट नै सुरु हुने गर्छ। त्यसपछि आर्थिक आधारमा परिवर्तन ल्याइन्छ। दुवै कुरामा एकैचोटि परिवर्तन कहीँ पनि हुँदैन। चेतनाको भूमिका ठूलो रहने भए पनि क्रान्ति भनेको एउटा वस्तुगत प्रक्रिया हो। कुनै घटनालाई हामीले मान्दा क्रान्ति हुने र नमान्दा क्रान्ति नहुने हुँदैन। घटिसकेको वा घटिरहेको घटनालाई त हामीले विश्लेषणात्मक ढंगले बुझ्न मात्र सक्नु पर्छ। त्यसको चरित्रलाई केलाउन सक्नु पर्छ र त्यसलाई तत्क्षण वहन गर्न वा अझ उन्नतस्तरमा पुर्‍याउन पहल गर्न सक्नु पर्छ। जहाँ क्रान्तिकारी सचेत शक्ति विद्यमान छ र पहलकदमी लिन सक्ने अवस्थामा छ, त्यहाँ उसको काम अधिसंरचनामा आएको परिवर्तनलाई अझ फराकिलो पार्दै आर्थिक आधारमा क्रान्तिलाई विस्तार गर्ने हुनु पर्छ। त्यसैले हामीले वर्तमान राजनीतिक क्रान्तिलाई पनि जारी राख्दै र विकास गर्दै त्यसलाई सामाजिक क्रान्तिमा रुपान्तरित गर्न जोडदार प्रयत्न गर्नु पर्छ, तर ठिक दृष्टिकोण लिन सकिएन र समयमै केही पहल गर्न सकिएन भने राजनीतिक जनक्रान्ति यस्तो उभार र विद्रोहको अवस्थामा पुगेर पनि क्रान्तिकारी आत्मगत शक्तिको आवश्यक होसियारी र पहलको अभावका कारण जनक्रान्ति असफल हुन पुग्छ।

सन् १९०५ मा रूसमा रूसी जनता पनि जारशाहीविरुद्ध विद्रोहमा उत्रिएका थिए। त्यसैले लेनिनले समेत त्यसलाई क्रान्तिको संज्ञा दिए, तर त्यो आवश्यक तयारी नभई उठेको विद्रोह थियो, त्यसैले सफल हुन सकेन। त्यसलाई असफल क्रान्ति भनियो। हाम्रै देशमा २००७ सालमा राणाहरूको १०४ वर्षे शासनविरुद्ध जनताले विद्रोह गरे र राणा शासनलाई समाप्त पारे। त्यसलाई हामीले पनि क्रान्ति भन्ने गरेका छौं, तर राम्रो तयारी र क्रान्तिकारी आत्मगत शक्ति दरिलो हुन नसकेका कारण त्यो क्रान्तिका महत्त्वपूर्ण उपलब्धिहरूलाई जोगाउन सकिएन। चीनमा सन् १९११ मा राजतन्त्रविरोधी क्रान्ति भए पनि सामाजिक क्रान्तिमा रुपान्तरित हुन सकेन। फ्रान्सको सन् १७७९ को राज्यक्रान्तिले पनि तत्काल सामाजिक परिवर्तन ल्याउन सकेन र केही समयमै त्यहाँ बोनापार्टीजम उत्पन्न भयो। तैपनि त्यो एउटा महान् क्रान्ति नै थियो। रूसमा १९१७ को फेब्रुअरीमा भएको पुँजीवादी जनवादी क्रान्तिलाई पनि हेर्न सकिन्छ। त्यो एउटा राजनीतिक क्रान्ति नै थियो। त्यसले रूसी समाजको आर्थिक आधारमा परिवर्तन गरिसकेकै थिएन, तर त्यो क्रान्ति आठ महिना पनि नपुग्दै अक्टोबर क्रान्तिमा विकसित भयो। यी दृष्टान्तले के कुरा पुष्टि गर्छन् भने यस पटक नेपालमा भएको जनताको क्रान्तिकारी उभार वास्तवमा नै जनक्रान्ति हो।

यो जनक्रान्तिले उक्त चारवटा मापदण्ड मात्र पूरा गरेको छैन, त्यसले प्रथमतः राजा ज्ञानेन्द्रको नेतृत्व रहेको निरंकुश राजतन्त्रात्मक हुकुमी शासन प्रणालीलाई समेत समाप्त पारिदिएको छ। दोस्रो, मुलुकमा नयाँ शासन प्रणालीको रूपमा बहुदलीय लोकतान्त्रिक प्रणालीको स्थापना गरेको छ। तेस्रो, यो क्रान्तिले नेपाली लोकतन्त्रलाई समावेशी बनाउने, नेपाल राज्यको लोकतान्त्रिक पुनर्संरचना गर्ने, नेपाली समाजको सामाजिक आर्थिक रुपान्तरण गर्ने र संविधानसभाको निर्वाचनमार्फत नयाँ संविधानको निर्माण गरी मुलुकलाई लोकतान्त्रिक गणतन्त्रको स्तरमा उठाउने प्रबल सम्भावनालाई समेत सामु ल्याएको छ। त्यसैले यो शान्तिपूर्ण ढंगले सुरुवात भएको गौरवमय जनक्रान्ति हो। यसलाई सही ढंगले विश्लेषण र परिभाषित गर्न सक्नु पर्छ। हामीले यो काम अप्रिल महिनाभित्रै गरिसक्नु पर्ने थियो। त्यसो नगरेर हामीले तीन चार महिनाको अत्यन्त महत्त्वपूर्ण समय गुमाएका छौं र यस बीचमा विभिन्न पक्षमा लिनु पर्ने पहल गुमेको छ। सुरुदेखि नै क्रान्तिकारी मानसिकता लिएर त्यसलाई अघि बढाउन यथोचित पहल गर्न सकिएको भए सरकार, संसद् र अन्य विभिन्न क्षेत्रमा अहिलेसम्म निकै प्रगति गरिसकिने थियो।

यो क्रान्तिलाई सही ढंगले परिभाषित नगरी हामी नेपाली जनताको यस पटकको अभूतपूर्व र ऐतिहासिक क्रान्तिकारी संघर्षलाई संचालन, विकास र उत्कर्षमा पुर्‍याउने काम गर्न सक्दैनौं। यसको सही परिभाषा गर्नु भनेको जनताको यो बलिदानपूर्ण संघर्षको सही मूल्यांकन हो, जनताको वीरताको सही पहिचान हो र जनताको वीरता र पराक्रमप्रतिको वास्तविक सम्मान पनि हो। यति काम गर्न नसक्ने दल वा नेतृत्वले नेपाली जनतालाई सही दिशामा मार्गदर्शन गर्न सक्दैन भन्ने कुरा स्वतः प्रस्ट छ। यस कुरालाई नेपाली समाजको रुपान्तरण कार्यमा समर्पित सबैले गम्भीरतापूर्वक लिन सक्नु पर्छ। ■


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| धरानबाट | बिहान ४.२० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |
| वीरगञ्जबाट | बेलुका ८.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

# सुरक्षा निकायमा नियुक्ति


रुक्मांगत कटवाल


ओमविक्रम राणा

**सरकार–माओवादी** शान्तिवार्ता संकट परेको समयमा सरकारले चार कायममुकायम सुरक्षा प्रमुखहरूको कन्फर्म गरेको छ। भदौ २० गतेको मन्त्रिपरिषद्को बैठकले नेपाली सेनाका प्रधान सेनापतिमा रुक्मांगत कटवाल, प्रहरी महानिरीक्षकमा ओमविक्रम राणा, सशस्त्र प्रहरी महानिरीक्षकमा वासुदेव ओली तथा गुप्तचर विभागको प्रमुखमा धनसिंह कार्की प्रमुखका रुपमा नियुक्त भएका छन्।

प्रहरी र गुप्तचर विभागका प्रमुखहरू जनआन्दोलन–२ 'दबाउने' काममा तत्कालीन प्रहरी महानिरीक्षक श्यामभक्त थापा, सशस्त्र प्रहरी महानिरीक्षक सहवीर थापा र गुप्तचर प्रमुख देवीराम शर्मा पौडेल रायमाझी आयोगको सिफारिसको हवाला दिँदै सरकारले निलम्बन गरेपछि कायममुकायम जिम्मेवारी हुँदै प्रमुखको पद हात पार्न सफल भाग्यमानीहरू हुन्।

गृहमन्त्री कृष्ण सिटौलाले रायमाझी आयोगको सिफारिसको हवाला दिँदै प्रहरी र सशस्त्र प्रहरीका दोस्रो वरीयताका अतिरिक्त प्रहरी महानिरीक्षक राजेन्द्रबहादुर सिंह तथा रविराज थापालाई समेत निलम्बन गरेपछि तेस्रो वरीयताका राणा र ओलीलाई कायममुकायम पद सुम्पिएका थिए।

जनपदका एआइजी सिंह, कार्यविभाग प्रमुख भएको आधारमा निलम्बनमा परेका छन् भने कार्यविभाग प्रमुखकै ओली कसरी पुरस्कृत गरिए ? ओलीलाई रायमाझी आयोगले बयानका लागि बोलाइसकेको अवस्था छ। दुवै प्रहरी संगठनका आइजी तथा एआइजीसँग रायमाझी आयोगले बयान लिएको छ, निलम्बित अवस्थामा। तर, आयोगको प्रतिवेदन सार्वजनिक नहुँदै उनीहरूको स्थानमा तेस्रो वरीयताका अधिकारीलाई प्रमुख बनाएर गृह प्रशासनले सुरक्षानिकायलाई राजनीतिको खेल मैदान बनाइदिएको छ। गृहको पछिल्लो निर्णयको मारमा बहालवाला आइजी तथा दुवै संगठनमा बलियो देखिएका राजेन्द्र र रविराज परेका छन्।

नेपाली सेनाको प्रमुखमा भने सांगठनिक हिसाबले कटवालको नियुक्ति स्वभाविक हो। उनी, प्रधानसेनापति प्यारजंग थापा अवकाश भएपछि प्रमुख हुने लाइनमा थिए, राजनीतिक परिवर्तनपछि पनि उनको लाइन मिचिन पाएन। प्रधानमन्त्री एवं रक्षामन्त्री कोइरालाले सैनिक संगठनमा हात नहालेका कारण यस्तो हुन सकेको हो। थापा भदौ २४ गते अवकाश लिँदै छन्, हाल उनी एकमहिने घर बिदामा छन्। कटवालले भदौ २६ गते देखि प्रमुखको कार्यभार सम्हाल्नेछ। तर, कटवालको नियुक्तिलाई लिएर माओवादी पार्टीका अध्यक्ष एवं सैन्य प्रमुख प्रचण्डले भने सरकारको आलोचना मात्र गरेका छैनन्, शान्तिवार्ता भाँडिन सक्ने प्रतिक्रिया पनि दिएका छन्। प्रचण्डले आफूले प्रधानमन्त्रीसमक्ष सुरुदेखि नै कटवालको विरोध गरेको बताएका छन्। एक साप्ताहिक पत्रिकासँग कुरा गर्दै प्रचण्डले कटवाललाई नेपाली सेनाको प्रमुख नबनाउन प्रधानमन्त्रीलाई पटक पटक सुझाव दिएको दाबी गरेका छन्। माओवादी सेनाका प्रमुख प्रचण्डले सरकारी सेना प्रमुखमा कसलाई ल्याउन चाहेका हुन्, त्यो भेद भने अहिलेसम्म खुलेको छैन।

■ **विश्वमणी पोखरेल/काठमाडौं**



# लक्ष्य बोइङ

**लामो प्रतीक्षापछि** सुदूरपश्चिमको प्रमुख केन्द्र मानिने धनगढी विमानस्थलको मुहार फेर्ने पहिलो चरणको कार्य अन्तिम चरणमा पुगेको छ । यो सफलतासँगै कालोपत्रे हुन पाउने यहाँको पहिलो विमास्थलको गौरवसँगै यसले आफ्नो ठूलो महत्त्वाकांक्षा पनि बोकेको छ । हुन पनि अढाई दशकअघि हाल धनगढी पार्क रहेको स्थानबाट गेटामा सरेको यो विमानस्थलले 'कालोपत्र सम्पन्न हुन लोकतन्त्रको पुनर्बहाली नै कुर्नु पऱ्यो भने महत्त्वाकांक्षा पनि किन नबढोस्', स्टेसन म्यानेजर भूपेन्द्र भट्ट भन्छन्, 'नेपाल सरकारले साथ दिएमा आगामी वर्षहरूमा धनगढीमा बोइङ अवतरण गराउने क्षमताको 'रन वे' निर्माण हुन सक्नेछ । जसका लागि आवश्यक पूर्वाधारमध्ये ७५ प्रतिशत धनगढी विमानस्थलमा एक वर्षभित्रै पूरा हुनेछ ।'

एक वर्षअघि निर्माण सुरु गरिएको यो विमानस्थलमा गत महिना मात्रै ६ सय ५० मिटर रन वे पूर्ण रुपमा तयार भएपछि बझाङबाट यात्रु लिई आएको सीता एयरको डोरनियर जहाजले सफल परीक्षण उडान र अवतरण गरेपछि धनगढी विमानस्थल स्थायी रुपमा मुलुकको हवाई रुटको सम्पर्कमा आएको हो । सोसँगै सुदूरपश्चिमेलीहरूले सदा गुनासो गर्दै आएको झन्झटिलो हवाई यात्राबाट पनि मुक्ति पाएका छन् । अब उनीहरूलाई काठमाडौं जान २ सय किलोमिटर टाढा रहेको नेपालगन्ज पुग्नु पर्ने बाध्यता रहेन । पहिलो चरणमा १२ सय मिटर रन वे कालोपत्रे गर्ने योजनाअनुरुप अहिलेसम्म ९ सय ४० मिटर पूर्ण रुपमा तयार भई २ सय ४० मिटरमा काम सुचारु छ । यो १२ सयबाट अझ क्षमता बढाउन थप ६ सय मिटर रन वे बढाउन समेतबाट कार्यक्रम स्वीकृत भएपछि सुदूरपश्चिमेलीहरू उत्साहित छन् । कुल १८ सय मिटर रन वे बनेपछि साव, फोकर र एभ्रो विमानका लागि धनगढी विमानस्थल उपयुक्त हुनेछ । मूलतः फोकर विमान अवतरण गराउन १५ सय मिटरको रन वे आवश्यक पर्छ भने बोइङ विमानका लागि चाहिने २५ सय मिटर रन वे हुँदा धनगढी विमानस्थललाई थप गर्नु पर्ने ७ सय मिटर मात्रै बाँकी रहन्छ । जसका यथेष्ट सम्भावना रहेको हुनाले उनीहरूमा आशाको ऊर्जा थपिएको हो । स्टेसन म्यानेजर भट्ट भन्छन्, 'यो धनगढीको मात्र विमानस्थलमात्र हैन, यो क्षेत्रकै आधार र राष्ट्रको प्रमुख विमानस्थलको बन्नेछ । समावेशीकरण नारा बोकेको नयाँ नेपालका लागि सार्थक पूर्वाधार हुनेछ ।'

चालू कार्यक्रमका अनुसार थप गर्नु पर्ने ६ सय मिटर रन वेका लागि विमानस्थलको पश्चिमपट्टिको ६ बिघा अधिग्रहण गर्ने तयारी भइरहेछ । पश्चिमपट्टिको यो भाग लिइसकेपछि यसको क्षेत्रफल बढाउने सम्भावना पूर्वपट्टि अधिक छ । नयाँ कार्यक्रममा विमानस्थलको आधुनिक भवन र टावर बनाउन पनि रहेको छ । तर, सबैभन्दा ठूलो महत्त्व त रन वे बनाउनु नै आवश्यक छ । गत साउन तेस्रो साता गरिएको परीक्षण उडान र अवतरणमा सहभागी सीता एयरको डोरनियर जहाजका पाइलटद्वय फिजुनाथ नेपाली र अनुप मानन्धरका अनुसार धनगढी विमानस्थल अब सबै खाले साना जहाजका लागि उपयुक्त छ र भविष्यमा यहाँ मध्यम आकारका विमान सजिलै अवतरण हुन सक्नेछन् । उसै पनि राष्ट्रिय विकासको मूलधारमा नअटाएको सुदूरपश्चिमलाई जनआन्दोलन-२ अघिसम्म द्वन्द्वले गाँज्दै लगेको अवस्थामा पनि साना विमान कम्पनी सीता र गोर्खा एयरले एक वर्षदेखि राष्ट्रिय आकाशको मूलधारमा ल्याउने जमर्को गरेका हुन् । यी साना विमान कम्पनीको गुण नभुल्ने बताउँदै फाया नेपालका अध्यक्ष धर्मराज पाठक भन्छन्, 'यस क्षेत्रकै प्रमुख व्यापारिक केन्द्र धनगढीलाई लक्ष्य बनाई अब ठूला विमान कम्पनीहरू यहाँ आकर्षित हुन आवश्यक छ ।' विमानस्थल कालोपत्रे हुनेबित्तिकै बुद्ध एयरले धनगढीमा आफ्नो कार्यालय स्थापना गरेको छ । अग्रणी विमान कम्पनी यती एयरलाइन्सले पनि आफ्नो सेवा सुदूरपश्चिममा दिनेछ भन्नेमा यहाँका बासिन्दा आशावादी छन् ।

सुदूरपश्चिमकै सन्दर्भमा कुरा गर्दा अब धनगढी विमानस्थलले यहाँका यातायात नपुगेका पहाडी जिल्ला बझाङ र बाजुरालाई सेवा पुऱ्याउन आवश्यक भए पनि राष्ट्रिय ध्वजावाहक विमान कम्पनीसँग प्रशस्त विमान नभएकाले सेवा पुग्न सकेको छैन । यसलाई निजी क्षेत्रका विमान कम्पनीहरूले बुझ्नु जरुरी भएको स्थानीय बासिन्दा बताउँछन् । यसैगरी हवाई दूरीका हिसाबले सुर्खेत-सिमिकोटभन्दा धनगढी-सिमिकोट नजिक पर्ने हुँदा भविष्यमा यो रुट प्रयोग हुन सक्नेप्रति विमानस्थलकर्मीहरू आशावादी छन् ।

लक्ष्यअनुरुप निर्माण सम्पन्न भए यो विमानस्थल मोफसलको राम्रोमध्येको एक विमानस्थलको रुपमा अग्र पंक्तिमा आउने कुरा निश्चित त छ नै, भारतको राजधानी नयाँदिल्लीलाई यहाँबाट लक्ष्य बनाउने हो भने सम्भवतः दिल्ली र धनगढीको यात्रा आधा घन्टा पनि कम हुनसक्नेछ । अहिले कालीपारि सडक मार्गबाट दिल्लीको दूरी ३ सय १८ किलोमिटर मात्रै छ । यसलाई राम्ररी प्रयोग गर्ने हो भने मध्यमवर्गका भारतीय पर्यटकले काठमाडौं जान रुचाउने भरपर्दो विमानस्थल पनि धनगढी नै हुनेछ ।

■ **श्याम भट्ट/धनगढी** (तस्बिर पनि)



सफल परीक्षण उडानपछि सीताको डोरनियर



▲ किराँत राष्ट्रिय मोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनमा रामबहादुर थापा (बादल), भक्तराज कन्दङ्वा र गोपाल किराँती ।

# किराँत प्रदेश कि लिम्बुवान ?

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

किराँत राष्ट्रिय मोर्चा (किरामो)को दोस्रो राष्ट्रिय सम्मेलनमा स्वायत्त लिम्बुवान राज्यको अवधारणालाई निषेध गर्ने प्रयत्न सफल भएन। सम्मेलनले अन्ततः लिम्बुवान राज्यको प्रस्तावलाई फरक मतको रुपमा स्वीकार गर्‍यो। तर, यत्तिमै पूर्वको सुनकोशी र मेची नदीबीचको सबै पहाडी भूभागलाई सिंगो किराँत प्रदेश मान्ने या स्वायत्त लिम्बुवान र खम्बुवान गरी दुई अलग राज्यमा विभाजन गर्ने भन्ने अन्योल अन्त्य हुने छाँट छैन।

बरु, स्वायत्त किराँत प्रदेश र लिम्बुवान राज्यको अवधारणाले झन् बढी विवादको रुप लिने देखिन्छ। किनकि, किरामोको मातृ पार्टी माओवादी कुनै पनि हालतमा पूर्वी पहाडलाई दुई स्वायत्त राज्यमा बाँड्न चाहँदैन भने किराँत याक्थुङ चुम्लुङ लिम्बुवानको मागबाट एक पाइला तल झर्न तयार छैन। 'माओवादीले प्रत्येक लिम्बूलाई किराँत प्रदेशभित्रै स्वायत्तताको अनुभव गर्न सकिन्छ भनेर विश्वास दिलाउन सक्यो भने हामी लिम्बुवानको माग छाड्छौं', चुम्लुङका केन्द्रीय अध्यक्ष अर्जुन नुगो भन्छन्, 'तर, हामीलाई लाग्दैन कि माओवादीले सबै लिम्बूलाई विश्वस्त पार्न सक्छ।'

पछिल्लो समयमा राजनीतिक मुद्दामा केन्द्रित हुन थालेको लिम्बूहरूको प्रतिनिधिमूलक सामाजिक संस्था किराँत याक्थुङ चुम्लुङको गत जेठ २५ देखि २९ गतेसम्म दमकमा सम्पन्न सम्मेलनले संघीय लोकतान्त्रिक गणतन्त्रअन्तर्गतको स्वायत्त लिम्बुवान राज्य माग गरेको थियो। तर, २०६०, माघ १९ गते खम्बूवान र लिम्बुवान क्षेत्रलाई मिलाएर सिंगो स्वायत्त किराँत प्रदेश घोषणा गरेको माओवादीका लागि चुम्लुङको राजनीतिक निर्णय मान्य भएन। भदौ ८ देखि १० गतेसम्म धरानमा सम्पन्न किरामोको दोस्रो राष्ट्रिय सम्मेलनमा माओवादी लिम्बुवानको अवधारणालाई नै निषेध गर्न चाहन्थ्यो।

तर, खासगरी काठमाडौंबाट आएका प्रतिनिधिहरूको असहमतिले सम्मेलनमा लिम्बुवानको प्रस्तावलाई निषेध गर्ने वातावरण बन्न सकेन। यद्यपि, फरक मतको रुपमा स्विकार्नुको अर्थ स्वायत्त लिम्बुवानको प्रस्तावलाई 'बहसयोग्य तर शंकापूर्ण' मानिएको किरामोका नवनिर्वाचित अध्यक्ष श्रीप्रसाद जवेगूको भनाइ छ। अर्थात् खम्बुवानभन्दा अलग र स्वायत्त लिम्बुवानको औचित्यबारे सुरुमा बहस गरिन्छ र जे निष्कर्ष आउँछ, त्यसैको आधारमा संघीय राज्यको रेखा कोरिन्छ। 'लिम्बुवान साँच्चै सबै लिम्बूहरूको हृदयको आवाज हो भने त्यसलाई कदर गर्छौं', जवेगू भन्छन्, 'तर, फुटाउ र शासन गर भन्ने नीतिबाट प्रेरित भई कसैले यस्तो प्रस्ताव अघि सारेको हो भने त्यसलाई हामी अधिनायकवादी शैलीमा सिध्याउँछौं।'

माओवादी राजनीतिबाटै मोर्चाको नेतृत्वमा पुगेका जवेगू चुम्लुङमा पनि 'फुटाउ र शासन गर' भन्ने नीतिबाट प्रेरित 'सामन्ती राजतन्त्रका नाइकेहरू'को घुसपैठ हुनसक्ने आशंका गर्छन्। जवेगूको आशंकाले पूर्वको जातीय राजनीतिमा हतियार बोकेर स्वायत्तताको लडाइँ लड्ने किरामो र शान्तिपूर्ण संघर्षद्वारा स्वशासनको वकालत गर्ने चुम्लुङबीचको अन्तरद्वन्द्व अझ चर्काउने संकेत गर्छ।

किरामो सम्मेलनको उद्घाटन समारोहमा माओवादीका पूर्वी कमान्ड इन्चार्ज बादल (रामबहादुर थापा)ले जुन अभिव्यक्ति दिएका थिए, त्यसले पनि स्वायत्त किराँत प्रदेश र लिम्बुवानबीच सुलहको ढोका खोलेन। पूर्वको जातीय राजनीतिमा देखा पर्ने मतभेद सुल्झाउन पटक-पटक पार्टीबाटै खटिएका बादलले लिम्बुवान र खम्बुवानको विवाद निकाल्नेहरूलाई 'सामन्ती राजतन्त्र पक्षधर' र

'डलर खेती गर्नेहरू'को संज्ञा दिए । प्रस्ट छ, यो अभिव्यक्ति वैदेशिक सहयोगमा विभिन्न परियोजना सञ्चालन गर्दै आएको चुम्लुङविरुद्ध लक्षित थियो ।

'हामीसँग जतिसुकै वैज्ञानिक विचार र नीति किन नहोस्, तर हामी एक हुन सकेनौं भने शान्तिका लागि भएको विद्रोह सफल हुँदैन', बादलले भने, 'यसैले, सामन्ती राजतन्त्रका पक्षधरहरू, डलर खेती गर्नेहरू पहाडेमै पनि किराँती र गैरकिराँती छुट्याउँछन्, लिम्बुवान र खम्बुवानको विवाद निकाल्छन् ।' पश्चिमले सुरु गरेको 'जनयुद्ध'लाई पूर्वले अन्तिम मुकाममा पुऱ्याओस् भन्ने अध्यक्ष प्रचण्डको सपना पूरा गर्न पहाड र मधेस एक हुनुपर्ने अवस्थामा लिम्बुवान र खम्बुवानको विवाद पैदा हुनु दुर्भाग्यपूर्ण रहेको बादलको टिप्पणी थियो ।

जानकारहरूको भनाइमा, माओवादीले लिम्बुवानको प्रस्तावलाई यसरी दुत्कार्नु र सिंगो किराँत प्रदेशको खाका कोर्नुका पछाडि धेरै हदसम्म गोपाल किराँतीको भूमिका छ । यी तिनै किराँती हुन्, जसले २०४९, भदौ ५ गते खम्बुवान राष्ट्रिय मोर्चा (खरामो) गठन गर्दा माझ किराँतलाई मात्रै खम्बुवान राज्यको रुपमा प्रस्ताव गरेका थिए । तर, माओवादीमा खरामो विलय भएपछि किराँतीको महत्त्वाकाङ्क्षा बढ्दै गयो र उनले आफूलाई लिम्बुवान र खम्बुवान मिलेर बनाइने सिंगो किराँत क्षेत्रकै प्रमुखको रुपमा प्रस्तुत गरे ।

एक लिम्बुवान पक्षधरको भनाइमा माओवादी बृहत्तर किराँत राज्यको सिएम (भारतको मुख्यमन्त्रीजस्तो) बन्न चाहने गोपाल किराँतीको व्यक्तिगत महत्त्वाकांक्षाको सिकार हुन पुगेको छ, जुन आत्मनिर्णयको अधिकार सुरक्षित गर्ने साम्यवादी दर्शनविरुद्ध छ । केन्द्रीय समितिमा पूर्वका किराँतीको प्रतिनिधित्व गर्ने अर्को कुनै नेता नभएकाले पनि गोपाल किराँतीको एकपक्षीय व्याख्याबाट माओवादी प्रभावित हुने र त्यहीअनुरुप जातीय नीति बन्ने धेरैको अड्कल छ ।

खरामोको स्थापनाअघि गोपाल किराँतीले आफूलाई सेतामगुरालीको रुपमा चिनाउँथे । खरामो निर्माणपछि उनले आफ्नो थर खम्बू लेख्न थाले, जुन माझ किराँतका राईहरूमाथि भावनात्मक पकड जमाउने उपयोगी अस्त्र थियो । अहिले खम्बूको सट्टा किराँतीको रुपमा आफूलाई चिनाउनुको पछाडि पनि उनको पल्लो किराँतका लिम्बूहरूका लागि समेत स्वीकार्य नेता हुने चाहना छिपेको बुझ्न गाह्रो छैन । किराँतीको उर्लिँदो महत्त्वाकांक्षाका अगाडि लिम्बुवानका नेता भक्तराज कन्दङ्वा पनि निरीह छन् ।

यसैपालि किरामोको नेतृत्व त्यागेर सक्रिय राजनीतिबाट टाढिने छनक दिएका ७४ वर्षीय कन्दङ्वाले अहिले आफूलाई सिंगो किराँत प्रदेशकै पक्षधरको रुपमा उभ्याएका छन् । 'किराँत प्रदेशभित्र खम्बुवान, लिम्बुवान खोज्न थालियो भने सुनुवार, याक्खाहरूका लागि पनि बेग्लाबेग्लै राज्य बनाउनु पर्ने हुन्छ', कन्दङ्वा भन्छन्, 'यसैले, हामीले सबैलाई मिलाएर स्वायत्त किराँत प्रदेश बनाउन चाहेका हौं ।' तर, उनले स्थापना गरेको लिम्बुवान राष्ट्रिय मोर्चाको उद्देश्य स्वायत्त लिम्बुवान नै थियो ।

## लिम्बुवानको आधार

आधुनिक नेपालका 'एकीकरणकर्ता' पृथ्वीनारायण शाहले पल्लो किराँत कब्जा गर्दा लिम्बूहरूलाई लडाइँमा परास्त गरेका थिएनन्, बरु भैयाद बनाएका थिए । अर्थात्, लिम्बूहरूसँग शाहवंशको सत्ता-साझेदारी भएको थियो । वि.सं. १८३१ को वैशाख ३०, साउन २२ र भदौ ५ गते पल्लो किराँतका लिम्बूहरूलाई दिइएको लालमोहरमा पनि 'लिम्बुवान'लाई राज्यको रुपमा स्विकारिएको छ । गोरखा राज्यविस्तारको आँधीमा परेपछि पनि लिम्बुवान एकप्रकारको स्वायत्त अवस्थामा थियो । वि.सं. २०२१ सालमा मात्र लिम्बूहरूको किपट खोसिएको हो । यसैले लिम्बुवान आफैंमा एउटा स्वायत्त राज्यको रुपमा रहेको किराँत याक्थुङ चुम्लुङका केन्द्रीय अध्यक्ष अर्जुन नुगोको भनाइ छ ।

'लिम्बुवान' पुस्तकका लेखक अर्जुनबाबु माबुहाङका अनुसार किराँती शब्द प्राचीनता र जातीयतासँग सम्बन्धित छ, तर लिम्बू शब्द सत्तासँग जोडिएको छ । लिम्बूहरूसँग निश्चित भूगोल छ, किराँतीहरू सिक्किमसम्मै छरिएका छन् । 'अहिलेको बहस राज्य निर्माणको हो, जसको लागि निश्चित भूगोल चाहिन्छ', माबुहाङ भन्छन्, 'किराँत शब्दले भूगोल जनाउँदैन, यसैले हामी लिम्बुवानको पक्षमा उभिएका हौं ।' लिम्बुवानको अवधारणालाई निषेध गरेको अवस्थामा माओवादीले आफ्नो घोषणापत्रबाट 'आत्मनिर्णयको अधिकार' शब्द झिक्नु पर्ने माबुहाङ बताउँछन् । उनी भन्छन्, 'नत्र भने हाम्रो आत्मनिर्णयको अधिकारलाई माओवादीले सम्मान गर्नु पऱ्यो ।' ■






▲ संसारकै सबैभन्दा उत्कृष्ट धान उत्पादन हुने सिंजाजस्तो उपत्यका भएको जुम्लाले अहिले चामलको संकट भोग्नु पछाडिका कारणबारे कसैले विश्लेषण गरेका छैनन् ।

# परजीवी मानसिकता

**एक वर्षदेखि मकै,** कोदो र आलुले गुजारा गर्दै आएका सनीगाउँ-९ का हरिबहादुर दमाई यसपालिको दसैंमा पनि चामलको भात खान पाउने सपना चकनाचुर हुन लागेकोमा चिन्तित छन् । 'चामल पाइएला र भातको स्वाद लिउँला भन्दाभन्दै एक वर्ष भयो', ५२ वर्षीय दमाई भन्छन्, 'तर जहिले पनि खाद्यान्न संस्थान पुग्दा चामल छैन भन्छन् र स्थानीयस्तरमा पनि चामल पाइँदैन ।' जुम्ला सदरमुकामदेखि झन्डै एक दिन टाढाका दमाईजस्ता ग्रामीण भेकका हजारौं सर्वसाधारणलाई चामल जहिले पनि अभाव हुँदै आएको छ ।

चामलको भात इज्जतसँग जोडिएको र आलु, फापर, मकै, कोदोलगायतका अन्य खाद्यान्न दुई छाक खान पाए पनि भोकै बस्न परेको बताउन पछि पर्दैनन् स्थानीय बासिन्दा । त्यसैले पनि दमाई भन्छन्, 'सातजनाको परिवारमा पोहोर साल १६ वर्षे छोराले संकलन गरेको जडिबुटी बिक्री गरेर नेपालगन्जबाट ल्याएको चामलले केही छाक चामलको भात टन्न खाएर आनन्द लिएका थियौं ।'

धान उत्पादन नहुने क्षेत्रमा बसोवास गर्दै आइरहेका दमाई जस्तै थुप्रै सर्वसाधारणले भात खान नपाएर जति छटपटी गरे पनि उनीहरूको पीडा कहिल्यै पूरा हुन सकिरहेको छैन । विगतका वर्षहरूमा चामल ढुवानी हुँदा समेत टाठाबाठा र सदरमुकाममा बसेका कर्मचारी र गैरसरकारी संस्थाहरूका व्यक्तिहरूले हातमा परेर सोझासीधा जुम्लावासी यसपालि चामल नै ढुवानी हुन नसकेपछि झनै मारमा परेका छन् । स्थानीयस्तरमा उत्पादित गहुँ, जौ, कोदो र आलुले गुजारा गर्दै आएका जुम्लीहरूले चामल ढुवानी हुन नसकेका कारण नजिकै आइरहेको दसैंमा पनि भात खान पाउने सम्भावना कम छ, किनकि सरकारले चालू आर्थिक वर्षको लागि जुम्लामा छुट्याएको १० हजार १ सय क्विन्टल खाद्यान्न ढुवानीको लागि तीनपटक टेन्डर आह्वान गर्दा पनि ढुवानी गर्न कोही तयार भएका छैनन् ।

प्रमुख जिल्ला अधिकारी प्रदीप कोइराला भन्छन्, 'सरकारले प्रतिकिलो चामल ढुवानीको लागि ३० रुपैयाँ छुट्याएको छ, तर ढुवानीकर्ताहरू ४० रुपैयाँभन्दा कममा ढुवानी गर्न नसकिने बताउँछन् ।' कोइराला भन्छन्, 'चामल ढुवानी गर्ने जिम्मा खाद्य संस्थानको हो ।' ढुवानी अनुदानको रकम बढ्नेबित्तिकै छुट्याइएको कोटाअनुसारको चामल जुम्लामा पुग्न सक्नेछैन । सरकारले १० हजार १ सय क्विन्टल चामल ढुवानीको लागि प्रतिकिलो ३० रुपैयाँका दरले ३ करोड ढुवानी अनुदान मात्र छुट्याएको छ ।

उत्पादनको दृष्टिकोणले जुम्ला खाद्य अभावग्रस्त जिल्ला मानिँदैन, धान उत्पादन मात्र कम हुने हो । तर, लामो समयदेखि सरकारले कर्णालीमा अनुदान दिएर खाद्यान्न ढुवानी गर्न थालेपछि खेतिपातीमा जोड दिने प्रवृत्ति घट्न थालेको हो । 'सरकारले दिने अनुदानले जनतालाई परनिर्भरता बढी बनाएको छ', ग्रामीण विकास समूह कार्यक्रमका अध्यक्ष शान्तिलाल महत भन्छन्, 'सरकारले अनुदानको चामल दिने हो भने सबैलाई पुग्ने गरी दिनु पर्छ, हैन भने अनुदान दिन बन्द गर्नु पर्छ ।' सरकारले यसपालि छुट्याएको १० हजार १ सय क्विन्टल खाद्यान्न जुम्लाको झन्डै एक लाख जनसंख्यालाई बाँड्ने हो भने वर्षको १० किलोभन्दा भागमा पर्दैन ।

सरकारले २०५६ सालदेखि प्रहरी र कर्मचारीलाई पनि अनुदानकै चामल उपलब्ध गराउन थालेपछि सर्वसाधारणले चामल पाउने नसक्ने स्थिति बनेको हो । खाद्य संस्थानका अनुसार २०५६ सालदेखि जुम्ला आउने अनुदानको चामलमध्ये आधा कर्मचारी, प्रहरी, राजनीतिक दलका कार्यकर्ताहरू तथा कर्णाली प्राविधिक शिक्षालयका विद्यार्थीहरूले उपयोग गर्दै आएका छन् । बचेको आधा अनुदानको चामल सर्वसाधारणको नाममा बिक्री गरिन्छ, जसको प्रत्यक्ष लाभ सदरमुकामवासीले मात्र पाउँछन् ।

सरकारले ३० रुपैयाँ ढुवानी खर्च व्यहोरेर जुम्ला पुग्ने चामल २६ रुपैयाँ प्रतिकेजीमा बिक्री गर्छ, चामलको उपभोक्ता भने ग्रामीण जनता नभएर दुर्गम भत्ताको सुविधा, सरकारी कर्मचारी, प्रहरी र सशस्त्र प्रहरी अनि राजनीतिक दलका कार्यकर्ताहरू हुन्छन् । उनीहरूका लागि प्रत्येक महिना १५ केजीका दरले चामल दिने नीति संस्थाले अपनाएको छ । 'जनताले वार्षिक ५ केजी चामल नपाउने तर कर्मचारीहरू र अन्य पहुँच भएकाहरूले मासिक १५ केजी चामल सजिलै लिने ?', भाटगाउँका कर्णबहादुर बुढा प्रश्न गर्छन् । स्थानीय व्यापारीले भने ७० रुपैयाँ किलोमा चामल बिक्री गर्दै आएका छन् ।

लक्षित वर्गमा चामल पुग्न सकेन भन्ने गुनासो बढेपछि गत असारमा सर्वसाधारण उपभोक्ता र सरोकारवालाको भेलाले भदौ १ देखि कोटा प्रणाली लागू गर्ने सहमति बन्यो । तर, चामलको अभावका कोटा प्रणाली लागू हुन सकेको छैन ।

संस्थासँग २ सय क्विन्टल चामल मात्र बाँकी रहेपछि साउन अन्तिम सातादेखि चामल वितरण गर्न छोडेको छ । जनताले कोटा प्रणालीका साथ साथ माओवादी त्रासका कारण बन्द गरिएका खाद्य डिपोहरू पुनःस्थापना गर्ने माग पनि अघि सारेका छन् । नाराकोटका रुपबहादुर शाही भन्छन्, 'जनताको लागि आउने खाद्यान्न सहज ढंगमा सर्वसाधारणले पाउनु पर्छ ।' माओवादीले पनि विस्थापित भएका खाद्य डिपोहरू ग्रामीण भेकसम्म लैजान भनिरहेका छन् ।

झन्डै १ लाख जनसंख्या रहेको जुम्लामा खाद्यान्न संकट बर्सेनि समस्या हो । प्रशस्त स्याउ र जडिबुटी हुने जुम्लामा धनाढ्य कहलिएका व्यक्तिहरूले पनि सधैं खाद्य अभाव परेको गुनासो गरिरहेका हुन्छन् ।

■ **रुद्र खड्का/जुम्ला**

त्रिभुवन विश्वविद्यालय




तेजबहादुर बस्नेत

आंशिक शिक्षकलाई स्वतः करारमा नियुक्ति गर्ने सरकारको निर्णय कार्यान्वयन भएमा योग्य, सक्षम र सक्षम व्यक्तिहरूको लागि विश्वविद्यालयमा प्रवेश गर्ने ढोका सधैंको लागि बन्द हुनेछ ।

# अराजकताको भासमा

■ छत्र कार्की/काठमाडौं

**चार महिनासम्म** त्रिभुवन विश्वविद्यालय नेतृत्वविहीन रहँदा पनि पदाधिकारी नियुक्त गर्न अक्षम सरकारले दबाबका भरमा आंशिक शिक्षकलाई स्वतः करारमा नियुक्त गर्ने निर्णयको सबैतिरबाट आलोचना भएको छ। सरकारको यो अविवेकी निर्णयले गलत परिपाटी स्थापित भई दूरगामी असर पर्ने विज्ञहरूको धारणा छ। शिक्षाविद् डा. तीर्थ खनियाँ भन्छन्, 'विश्वका कुनै पनि विश्वविद्यालयमा प्रवेश पाउन निश्चित परीक्षा र मापदण्ड पूरा गर्नै पर्छ। स्वतः नियुक्ति गर्ने निर्णयले गलत परिपाटीलाई स्थापित गराउँछ।'

सरकारले गत भदौ ७ गते त्रिभुवन विश्वविद्यालयमा एक वर्षदेखि कार्यरत आंशिक शिक्षकलाई करारमा नियुक्त गर्न ९ सय दरबन्दी सिर्जना गर्ने निर्णय गरेको थियो। सरकारको यो निर्णयको सबै विद्यार्थी संगठनले विरोध जनाउँदै संघर्षप्रति ऐक्यबद्धता जनाएका छन्। त्रिवि संघर्ष समितिले यो निर्णयविरुद्ध हाँसो जुलुस, प्रमाणपत्रको फोटोकपी जलाएर सांकेतिक विरोध समेत गरेको छ। उता, नेपाल प्राध्यापक संघले भने सरकारको निर्णयको पारदर्शीरुपमा कार्यान्वयन हुनु पर्ने बताउँदै घुमाउरो पारामा यसको समर्थन गरेको छ। विश्वविद्यालयको गरिमा उचो राख्न निर्णायक भूमिका खेल्न सक्ने अग्रणी संस्था प्राध्यापक संघका सभापति भूपति ढकाल उक्त निर्णय हुँदा रोहवरमा बसेका थिए।

त्रिवि संघर्ष समितिका संयोजक रमेश थापा आंशिक शिक्षकलाई स्वतः करारमा नियुक्ति गर्ने सरकारको निर्णय अवैज्ञानिक, अदूरदर्शी र अविवेकी भएको बताउँछन्। उनी भन्छन्, 'यो निर्णय कार्यान्वयन भएमा योग्य, सक्षम र सक्षम व्यक्तिहरूको लागि विश्वविद्यालयमा प्रवेश गर्ने ढोका सधैंको लागि बन्द हुनेछ।' त्रिवि सेवा आयोगमार्फत स्थायी बन्न सक्ने प्रावधान हुँदाहुँदै सरकारले यो निर्णय गरेर राजनीतिक भर्ती केन्द्र बनाउन लागेको उनको आरोप छ।

नेपाल कानुन क्याम्पसका स्ववियु सभापति नवराज थपलिया ५ महिनासम्म विश्वविद्यालयलाई नेतृत्वविहीन बनाउने सरकारको आंशिक शिक्षकलाई करारमा नियुक्ति निर्णयले विश्वविद्यालयलाई अस्तव्यस्त पार्न सघाउ पुगेको बताउँछन्। उनी भन्छन्, 'अनशन बसेकै भरमा नियमविपरीत माग पूरा गर्ने निर्णयले त्रिविमा विकराल समस्या निम्त्याउने निश्चित छ।' त्रिभुवन विश्वविद्यालय कीर्तिपुरका सभापति भीम श्रीस पनि आंशिक शिक्षकलाई स्वतः करारमा नियुक्ति गर्ने निर्णय न्यायोचित नभएको दाबी गर्छन्। उनी भन्छन्, 'हाम्रो विरोध आंशिक शिक्षकप्रति होइन, क्षमता र योग्यता मिचेर हचुवाका भरमा हुने करार नियुक्तको मात्र विरोध गरेका हौं।' नेपाल प्रगतिशील प्राध्यापक संघका सभापति विजय सिलवाल आंशिक शिक्षकलाई करारमा स्वतः नियुक्त गर्ने सरकारी निर्णयले योग्यताको उपहास गरेको बताउँछन्। उनी भन्छन्, 'यो अव्यहारिक, अप्राज्ञिक र दीर्घकालीन प्रभाव पार्ने खालको निर्णयबारे सरकारले पुनर्विचार गर्नु पर्छ।'

कुनै दरबन्दी सिर्जना गर्नु परेमा सम्बन्धित विषयको विभागको आवश्यकताअनुसार त्रिभुवन विश्वविद्यालयको कार्यकारिणी परिषद्ले निर्णय गर्ने नियम छ। अहिलेको सरकारले उक्त नियमको धज्जी उडाउँदै आंशिकरुपमा त्रिभुवन विश्वविद्यालयमा कार्यरत शिक्षकलाई करारमा नियुक्ति गर्ने निर्णय गरेको छ। दसौं वर्ष आंशिक शिक्षकको रुपमा पढाएका प्रतिभाशाली शिक्षकलाई यो निर्णयले केही राहत भए पनि गलत परम्पराको थालनी भएको छ। अहिले आन्दोलन र अनशनमा उत्रेका आंशिक शिक्षकको समूहमा व्यवसायिक र जेहेनदारभन्दा पनि नातावाद र कृपावादको भरमा जागिर प्रवेश गरेकाहरूको बाहुल्य छ। आंशिक शिक्षकको आन्दोलनको नेतृत्व गरिहेका नन्दकिशोर सिंहले ४ वर्षअघि अस्कल क्याम्पस छोडेपछि बीचमा कतै पनि पढाएका थिएनन्। पछिल्लो समयमा त्रिचन्द्र क्याम्पसबाट आंशिक शिक्षकको सम्झौतापत्र लिए पनि नियमित कक्षा भने लिएका छैनन्। आंशिक शिक्षकको आन्दोलनमा लागेका शिक्षकहरूमध्ये अधिकांश पार्टीका सदस्यसमेत भएकाले पनि सरकारले दबाबको भरमा यो निर्णय लिएको बुझिएको छ।

त्रिभुवन विश्वविद्यालयमा कार्यरत आंशिक शिक्षक संघका संयोजक नन्दकिशोर सिंहले दुई वर्षअघि रत्नपार्कमा आमरण अनशन-१ सुरुवात गर्दा गिरिजाप्रसाद कोइराला शाही कदमविरुद्ध सडक आन्दोलनमा थिए। त्यस बेला कोइरालाले अनशनस्थलमा गएर ऐनकानुन केही ख्याल नगरी आंशिक शिक्षकको समस्या हल गरिदिने वचन दिएका थिए। जनआन्दोलन-२ पछि प्रधानमन्त्री बनेका कोइराला ठाडो निर्देशनका भरमा आंशिक शिक्षकको लागि करार दरबन्दी सिर्जना गर्ने निर्णय गराउन सफल भएका छन्।

२०४६ सालपछि त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपकुलपति वासुदेवचन्द्र मल्लको पालामा पनि विश्वविद्यालयका शिक्षकहरूलाई स्वतः स्थायी गरिएको थियो। पाँचसदस्यीय समितिले त्यस बेला उपप्राध्यापक मात्र होइन, सहप्राध्यापकमा पनि स्वतः बढुवा गरेका थियो। अहिलेको प्रजातान्त्रिक प्राध्यापक संघका सभापति सौभाग्यजंग कार्की पनि त्यस बेला सहप्राध्यापकमा स्वतः बढुवा भएका थिए।

सरकारले २०५९ सालदेखि सेवाआयोग नखुलाएकाले पनि अहिलेको समस्या चर्केको हो। नियमानुसार वर्षको दुईपटक सेवा खुल्नु पर्नेमा त्यो हुन नसक्दा आंशिक अवैधानिक तरिकाबाट प्रवेश गरिरहेका छन्। सेवा आयोगलाई नियमित गर्नुको साटो यस्तो अविवेकी निर्णय भएको छ।

नयाँ शिक्षा लागू भएपछि आंशिक शिक्षक राख्ने चलन सुरु भएको हो। खासगरी इन्जिनियरिङ, चिकित्सा लगायतका विषयको लागि सुरुमा विदेशबाट कन्ट्याक्टमा शिक्षक ल्याइएको थियो। पछि अरू संकायमा पनि काजमा गएको शिक्षकको ठाउँमा आंशिक राख्ने चलन सुरु भयो। नयाँ नयाँ विषय सुरु भए पनि त्रिविले नयाँ दरबन्दी

सिर्जना गर्न नसकेपछि आंशिकबाट काम चलाउनु पर्ने अवस्था आयो । त्रिवि सेवा आयोगमा भिड्न एक वर्ष पुगेको हुनु पर्ने प्रावधानले पनि आंशिकलाई झनै हौस्याएको छ ।

## नालायक सरकार

४ महिनादेखि त्रिभुवन विश्वविद्यालय नेतृत्वविहीन भए पनि पदाधिकारी नियुक्त गर्न नसकेर सरकारले नालायकीपन देखाएको छ । उपकुलपति, रेक्टर, रजिस्टारको नियुक्ति हुन नसक्दा विश्वविद्यालयका योजना, शैक्षिक, प्रशासनिक, आर्थिकलगायत कुनै पनि काम सुचारू बन्न सकेका छैनन् । विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष हतारमा नियुक्त गर्ने सरकारले उपकुलपतिको निर्णय लिन नसक्नुको पछाडि आफ्नो पार्टी समर्थकलाई उक्त पदमा आसीन गराउन कांग्रेस र एमालेबीचको हानथापले काम गरेको देखिन्छ ।

त्रिभुवन विश्वविद्यालयको पुरानो ऐनअनुसार राजा कुलपति रहने व्यवस्था छ, जसअनुसार उपकुलपति पदबाट हट्दा कुलपतिसमक्ष राजीनामा दिनु पर्ने हुन्छ । प्रतिगमनकालमा नियुक्त उपकुलपति डा. गोविन्दप्रसाद शर्माले राजीनामा दिएको साढे ३ महिना बितिसक्दा पनि स्वीकृत हुन सकेको छैन । शर्माले राजीनामा दिएपछि पनि त्रिभुवन विश्वविद्यालयबाट तलब अहिले पनि बुझिरहेका छन् । संस्थानका महाप्रबन्धक र उपकुलपतिलाई एउटै रूपमा हेर्ने सरकारी रवैयाका कारण प्राज्ञिक व्यक्तिभन्दा पार्टी समर्थकलाई उपकुलपतिमा ल्याउनको लागि पनि यो आलटाल भइरहेको बुझिएको छ । तत्कालीन उपकुलपति पुरुषोत्तम बाँस्कोटाको पदावधि सकिएपछि खाली रहेको पोखरा विश्वविद्यालयमा नयाँ उपकुलपति नियुक्त गर्न कानुनी अड्चन बाधक नरहे पनि पार्टीगत भागबन्डा नमिलेका कारण उपकुलपतिको नियुक्ति हुन नसकेको बताइन्छ । पूर्वाञ्चल र महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपतिले भने अहिलेसम्म पनि राजीनामा दिएका छैनन् । शाहीकालमा नियुक्त महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति शिवहरि मरहट्टालाई अहिले एमालेले काखी च्यापेको बताइन्छ । उनले प्राध्यापक र कर्मचारीको व्यापक दबाबका बाबजुद पनि राजीनामा दिएका छैनन् ।

विश्वविद्यालयको संशोधन ऐन कानुन समितिमा अलपत्र परेको एक महिना भए पनि संसद्बाट पारित हुन सकेको छैन । संशोधित ऐनको दफा २५ मा यो ऐन लागू भएपछि यसअघि पूर्वाञ्चल, पोखरा, महेन्द्र संस्कृत र त्रिभुवन विश्वविद्यालयका उपकुलपति, रजिस्टार, रेक्टरलगायत पदाधिकारीको नियुक्ति बदर हुने प्रावधानमा एमालेले आपत्ति जनाएपछि ऐन अड्किएको बताएको छ । महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति मरहट्टाको नियुक्तिलाई निरन्तरता दिनकै लागि एमालेले फरक मत राखेको बताइन्छ । यसरी सानो कुरामा बखेडा झिकेर विश्वविद्यालयलाई नेतृत्वविहीन बनाउन लागिपरेको देखिन्छ । शाहीकालमा नियुक्त सबै व्यक्तिलाई एउटै चस्माले हेर्न नहुने विचार कानुन समितिमा रहेका एमाले सांसदले राख्दै आएका छन् । यतिका दिनसम्म विश्वविद्यालयलाई नेतृत्वविहीन बनाइराख्नुलाई सरकारको नालायकीपनको संज्ञा दिन सकिन्छ ।

विश्वविद्यालय नेतृत्वविहीन रहेको अवस्थाको फाइदा उठाउँदै अराजक गतिविधि हुन थालेका छन् । शिक्षाशास्त्र संकायअन्तर्गत स्नातकोत्तर तह प्रथम वर्षको नतिजामा राम्रो अंक नल्याएको निहुँ झिकेर विद्यार्थीले विभागमा आगजनी गरेका छन् । परीक्षा, मूल्यांकनलगायत पक्षमा सुधार गर्नु पर्ने आफ्नो ठाउँमा छ, आगजनीको घटनामा धमिलो पानीमा माछा मार्न खोज्ने तत्त्वहरूसमेत सामेल भएको बताइन्छ । परीक्षा नियन्त्रण कार्यालयमा तालाबन्दी र निमित्त परीक्षा नियन्त्रक विपीनध्वज कार्कीमाथि अभद्र व्यवहार गरी शिक्षा मन्त्रालयमा ल्याएका थिए । शिक्षा मन्त्री मंगलसिद्धि मानन्धरले शिक्षाशास्त्र संकायका डिन नरेन्द्रबहादुर श्रेष्ठलाई छानबिन समिति बनाउने जिम्मेवारी दिएपछि तालाबन्दी स्थगित गरेका थिए । तरल अवस्थालाई लम्ब्याँदै गएमा, अरू अराजकता बढ्ने विज्ञहरू बताउँछन् । पार्टी समर्थकलाई नियुक्ति गर्नेभन्दा प्राज्ञिक व्यक्तिलाई ल्याउने कुरामा सरकार, प्राध्यापक र विद्यार्थीले एकमत राखेमा एक साताभित्र उपकुलपति नियुक्त गरी अन्योल समाप्त गर्न सकिने उनीहरूको विचार छ । ■







लोकतन्त्रको मूल मर्म भनेको शासन व्यवस्थामा हरेक नागरिकलाई पूर्णरुपमा सरिक वा सहभागी गराउनु हो । जनताले सोझै तथा आफ्ना प्रतिनिधिमार्फत शासन प्रक्रियामा सहभागी बन्ने वातावरण मजबुत तुल्याउन साक्षरताले निकै मद्दत पुऱ्याउँछ ।



विमलकुमार फ्युँयाँल

# समुन्नत लोकतन्त्रका लागि सर्वसाक्षरता

**जनमुखी शिक्षा** लोकतन्त्र वा जनमुखी शासन व्यवस्थाको जग हो भने सर्वसाक्षरता जनमुखी शिक्षाको आधारस्तम्भ हो । जनमुखी शिक्षाको मूल अवधारणा भनेको आधारभूत शिक्षालाई प्रत्येक नागरिकको आधारभूत अधिकारको रुपमा स्थापित गर्नु हो । साथै, जनताको जीवन, जीविका र संस्कृतिको उत्थानको विषयलाई समग्र शिक्षा प्रणालीको उद्देश्य र प्रक्रियासँग जोड्नु पनि जनमुखी शिक्षाको उत्तिकै महत्त्वपूर्ण पक्ष हो । सर्वसाक्षरतालाई पनि यसै कोणबाट बुझ्नु जरुरी हुन्छ । एकातर्फ प्रत्येक नेपाली नागरिकले साक्षर बन्ने अवसर पाउनु जरुरी छ भने अर्कोतर्फ साक्षरता प्रयोग गर्ने प्रक्रिया जीवन र जीविकाको उत्थानसँग गाँसिनै पर्छ ।

केही वर्षयता सारा संसारभरि र नेपालमा पनि 'सबैका लागि प्राथमिक शिक्षा'को नारा प्रवाहित भएको छ । राज्यको शिक्षा प्रणाली पनि यो विचारबाट निर्देशित छँदै छ । तर, हामीले इतिहास पल्टाएर हेर्‍यौं भने 'सबैका लागि शिक्षा' वा 'सर्वसाक्षरता'को अवधारणा विदेशबाट आयातित नौलो विषय नभएर नेपाली माटोमा नै भिजिसकेको सवाल हो भन्ने स्पष्ट देखिन्छ । झन्डै एक शताब्दीअघि प्रखर मानवतावादी चिन्तक तथा जनमुखी शिक्षाका अभियानकर्ता जयपृथ्वीबहादुर सिंहले सबै नेपालीलाई साक्षर बनाउनु पर्ने, शिक्षालाई मानव स्वतन्त्रता र मुलुकको उन्नतिसँग अभिन्न रुपमा गाँस्नु पर्ने विषय स्पष्टसँग उठाएका थिए । चिन्तनको हिसाबले मात्र होइन, उनले राजधानीदेखि बझाङसम्म विद्यालय खोल्ने अभियान पनि चलाए । जयपृथ्वीको भनाइ 'शिक्षाको उद्देश्य मानवजातिका आन्तरिक चेतनालाई प्रकट गराउनु, आदर्श र विचारलाई अगाडि बढाउनु र मानिसलाई संगठित समाजमा बस्न योग्य बनाउनु हो' आजको नेपाल र विश्वमा समेत उत्तिकै सान्दर्भिक देखिन्छ ।

लोकतन्त्रको मूल मर्म भनेको शासन व्यवस्थामा हरेक नागरिकलाई पूर्णरुपमा सरिक वा सहभागी गराउनु हो । जनताले सोझै तथा आफ्ना प्रतिनिधिमार्फत शासन प्रक्रियामा सहभागी बन्ने वातावरण मजबुत तुल्याउन साक्षरताले निकै मद्दत पुऱ्याउँछ । एउटा अध्ययनले के देखाएको छ भने जुन समाजमा ५० प्रतिशतभन्दा बढी नागरिक साक्षर हुन्छन् त्यहाँ कुनै पनि निरंकुशतन्त्र वा अधिनायकवाद चल्न सक्तैन । त्यसैले सर्वसाक्षरता समुन्नत लोकतन्त्रसँग गाँसिएको विषय हो ।

जयपृथ्वीबहादुरको सर्वसाक्षरता लगायतको जनमुखी शिक्षाको अभियानलाई ठूलो अवरोध ठानेर नै निरंकुश राणातन्त्रले उनलाई निर्वासित जीवन बिताउन बाध्य पारेको थियो । आत्मशिक्षाको शक्ति र त्यसको सम्भावित असरलाई मनन गरेरै राजा महेन्द्रदेखि ज्ञानेन्द्रसम्मले शिक्षा क्षेत्रलाई मण्डलेकरण गर्ने अभिप्रायको कथित 'राष्ट्रवादी' शिक्षाको मोडल लाद्न खोजेका हुन् । तुलनात्मक रुपले हेर्दा नेपालका लोकतान्त्रिक राजनीतिक दल वा शक्तिहरुले शिक्षा प्रणालीलाई लोकतान्त्रिक व्यवस्था वा अभियानको जग मानेर तदनुरुप सचेत पाइला चालेको देखिन्न । प्रगतिशील भूमिसुधार र सबैका लागि आधारभूत शिक्षा भनेको लोकतान्त्रिक अर्थराजनीतिका मेरुदण्ड नै हुन् ।

अहिले भर्खरको जनआन्दोलनपछि बनेको सात दलको लोकतान्त्रिक सरकारले पनि शिक्षा क्षेत्रको लोकतान्त्रिकरणबारे केही पनि ध्यान दिएको छैन । राजनीतिक भाषा मात्र क्रान्तिकारी प्रयोग गर्ने र शिक्षालगायत अर्थराजनीतिका अहं विषयमा भने पञ्चायती विरासतलाई नै बोकेर हिँडेर लोकतन्त्रको गन्तव्यमा पुगिन्न । सर्वदलीय तथा सर्वपक्षीय सहमति र प्रतिबद्धता सहित शिक्षाक्षेत्रको समग्र लोकतान्त्रिक रुपान्तरण अहिलेको खाँचो हो । सर्वसाक्षर नेपाल निर्माण गर्ने त्यसको अभिन्न पक्ष हुनु पर्छ ।

दल खोल्न पाउँदैमा, भाषण गर्न पाइँदैमा, सडक जाम हुने गरी जुलुस गर्न पाइँदैमा लोकतन्त्र बलियो हुँदैन । आमजनताको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारको सवाल राजनीतिक अधिकारको सवालसँग जोडिनु पर्छ । त्यो नै हाम्रो समुन्नत लोकतन्त्रको खाका बन्न सक्छ । एकदिन साक्षरता दिवस मनाएर पुग्दैन, समुन्नत लोकतन्त्रका लागि सर्वसाक्षर नेपाल निर्माण गर्ने रणनीति, स्पष्ट कार्यक्रम र राजनीतिक प्रतिबद्धता आजको आवश्यकता हो । ■








राष्ट्रिय खेलकुद परिषद्

तेजबहादुर बस्नेत

# निर्णय अवज्ञा

**लोकतन्त्रको बहालीपछि** जर्मन प्रशिक्षक गुन्टर लागेको मुद्दालाई लिएर राजनीतिमा उत्रिएको पूर्व सदस्यसचिव किशोरबहादुर सिंहको अध्यक्षतामा गठित नेपाल एथ्लेटिक्स संघका पूर्व महासचिव तथा एथ्लेटिक्स प्रशिक्षक सुशीलनरसिंह राणाले नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप)को निर्णयलाई नै लत्याइदिएका छन् ।

चरम विवादका बीच प्रशिक्षक गुन्टर दुई महिनाअघि नेपाल छोडेर जर्मनी फर्किएपछि गत सोमवार (भदौ १९ गते) परिषद्ले नेपाल- जर्मनी एथ्लेटिक्स विकास परियोजनाको त्रिपुरेश्वरस्थित कार्यालयमा ताला लगाउने निर्णय गरेको थियो । तर, त्यसको २४ घन्टा नबित्दै परिषद्को निर्णयलाई चुनौती दिँदै राणाले कार्यालयको ताला फोडे । 'म यो प्रोजेक्टको काउन्टरपार्ट भएको नाताले कार्यालयमा ताला लगाउनुअघि मलाई खबर गरिनु पर्थ्यो, तर परिषद्ले सूचना नै दिएन', विगत ३ वर्षदेखि गुन्टरसँगै परियोजनाको काउन्टरपार्टको रूपमा काम गर्दै आइरहेका राखेपका वरिष्ठ प्रशिक्षक राणाले *समय*सँग भने । उनले ताला फोड्नुअघि आफूले सुरक्षानिकाय, प्रशासन विभाग, कर्मचारी प्रशासन शाखाजस्ता सम्बन्धित निकायसँग प्रश्न गरेको तर सबैले थाहा नभएको उत्तर दिएपछि ताला फोडेको जानकारी दिए । 'मैले परिषद्का सदस्य लक्ष्मण श्रेष्ठसँग पनि सोधेँ । उनले पनि आफू यस विषयमा अनभिज्ञ भएको बताएपछि ताला फोडेको हुँ', राणाले भने । सन् २००३ मा यो परियोजनाको परियोजनाकारका रूपमा गुन्टर नेपाल आएपछि उनलाई सहयोग गर्न परिषद्ले अर्को एथ्लेटिक्स प्रशिक्षक नारायण प्रधानसँगै राणालाई खटाउने निर्णय गरेको थियो । परियोजनाकार गुन्टर नै परियोजना छोडेर स्वदेश फर्किसकेको अहिलेको अवस्थामा परियोजनामा प्रधान र राणाको संगलग्नता के हुने भन्ने विवाद चर्किरहेका बेला नै राणाले परिषद्को निर्णयलाई लत्याएका हुन् ।

'उनी परिषद्का कर्मचारी हुन् । त्यसैले ताला फोड्नुअघि उनले एकपल्ट मसँग सोध्नु पर्थ्यो', राखेपका सदस्यसचिव जीवनराम श्रेष्ठ भन्छन् । राणा शाही सरकारका बेला तत्कालीन सदस्यसचिव किशोरबहादुर सिंहको अध्यक्षतामा गठित नेपाल एथ्लेटिक्स संघका महासचिव र प्रमुख प्रशिक्षक दुवै थिए । लोकतन्त्रको बहालीपछि उनले भर्खरै श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न दसौं सागमा नेपाली टोलीले भाग लिन जानुअघि संघको महासचिव पदबाट राजीनामा दिएका थिए । 'परिषद्को निर्णयलाई अटेर गरेर यो काम भएको हो कि होइन भन्ने विषयमा छानबिन गर्छौं र आवश्यक परे कारबाही गर्न पछि हट्नेछैनौं', जीवनराम भन्छन् ।

गुन्टर स्वदेश फर्किएपछि कार्यालयमा रहेको महत्त्वपूर्ण दस्तावेज, आर्थिक हिसाब र खेल सामग्री यताउता नपरोस् र नेपाल-जर्मनी एथ्लेटिक्स विकास परियोजना निकट भविष्यमै सम्हाल्न आउने अर्को जर्मन प्रशिक्षकलाई यथास्थितिमा जिम्मा लगाउने उद्देश्यले परिषद्ले ताला लगाएको बताएको छ । त्यसैले यो अवस्थामा विवादको भुमरीमा परेर देश छोडेर गएका गुन्टरको सहयोगीको रूपमा काम गरिरहेका राणाले परिषद्कै निर्णयलाई उल्लंघन गर्दै ताला फोड्ने काम गरेर आफूमाथि शंका गर्ने थुप्रै ठाउँ छोडेका छन् । किनभने पहिले उनी महासचिव रहेको एथ्लेटिक्स संघसँग गुन्टरको विशेष सम्बन्ध थियो ।

■ नवीन अर्याल/काठमाडौं



# बाहिरियो फुटबल

**नेपाली फुटबलको** सर्वोच्च खेल संस्था अखिल नेपाल फुटबल संघ (एन्फा)को अध्यक्ष भएपछि गणेश थापाले सार्वजनिकरूपमै घोषणा गरेका थिए, दस वर्षपछि नेपाली युथ-१७ फुटबल टोलीले विश्वकप फुटबल खेल्नेछ । तर, उनको यो घोषणा गफ सावित भएको छ । नेपाल युथ-१७ एसियाकपको पहिलो चरणबाटै बाहिरिएको छ । आगामी वर्ष दक्षिण कोरियामा आयोजना हुने युथ विश्वकपका लागि एसियाली राष्ट्रको छनोटको पनि मापदण्ड बनाइएको युथ-१७ एसियाकपमा जापानसँग ६-० र दक्षिण कोरियासँग २-० को पराजय भोग्दै नेपाल बाहिरिएको हो । सिंगापुरमा भइरहेको एएफसी युथ-१७ एसियाकपमा जापान, दक्षिण कोरिया र सिंगापुरसम्मिलित समूहमा समावेश थियो, नेपाल । ■



निर्माणको लामो समयसम्म पनि प्रयोगमा नआएको फिफा गोल प्रोजेक्टको फुटबल टेक्निकल सेन्टर ।

# उद्घाटन नहुँदै थोत्रो

**उद्घाटन नहुँदै एकेडेमीका संरचनाहरू भत्किन थालेका छन् । एकेडेमीका छाना उडेका छन् भने मैदान बिग्रिएको अवस्थामा छ । वरिपरिको जाली तार फाट्दै गइरहेको छ । त्यस्तै कोठाहरू खण्डहरमा परिणत हुन थालेका छन् । एकेडेमीलाई सुरक्षित राख्न वरिपरि लगाइएको पर्खाल (कम्पाउन्डवाल) भत्किएको छ भने बिजुलीबत्ती लगायत अन्य समान चोरी भइसकेको छ ।**

■ **दीपक ज्ञवाली/बुटवल** (तस्बिर पनि)

**मोफसलमा द्रुतगतिमा** फुटबल खेलको विकास गर्ने उद्देश्यका साथ अखिल नेपाल फुटबल संघ (एन्फा)ले पाँच वर्षअगाडि क्षेत्रीय फुटबल एकेडेमीको अवधारणासहित बुटबलमा सञ्चालन गर्ने भनिएको फिफा गोल प्रोजेक्ट व्यवस्थापकीय लापरवाही र केन्द्रको उदासीनताका कारण सुरु हुनुअघि नै धराशायी बनेको छ ।

गोल प्रोजेक्टको अति नै महत्त्वाकांक्षी परियोजना *फुटबल एकेडेमी* उद्घाटन नहुँदै भत्किन थालेपछि स्थानीय खेलक्षेत्रमा चरम निराशा छाउन थालेको छ । यो परियोजना २०६० सालमै सम्पन्न भएर हस्तान्तरण भइसक्नु पर्ने थियो । तर, संरक्षणको अभाव र गैरजिम्मेवारपनले गर्दा अहिलेसम्म योजना पूरा हुन सकेको छैन । यतिमात्र होइन, उद्घाटन नहुँदै एकेडेमीका संरचनाहरू भत्किन थालेका छन् । एकेडेमीका छाना उडेका छन् भने मैदान बिग्रिएको अवस्थामा छ । वरिपरिको जाली तार फाट्दै गइरहेको छ । त्यस्तै कोठाहरू खण्डहरमा परिणत हुन थालेका छन् । एकेडेमीलाई सुरक्षित राख्न वरिपरि लगाइएको पर्खाल (कम्पाउन्डवाल) भत्किएको छ भने बिजुलीबत्ती लगायत अन्य समान चोरी भइसकेको छ । संरचनाका महत्त्वपूर्ण भागको रंग-रोगन उडेर एकेडेमी कुरूप मात्र होइन, खेलाडीहरू बस्ने आवासलगायत आराम गर्ने कोठा गाईवस्तुका लागि चरणस्थल बनेको छ भने स्थानीय दुर्व्यसनीहरूका लागि सुरक्षित स्थल ।

नेपाली राष्ट्रिय टोलीका सदावहार स्ट्राइकर वसन्त थापाजस्ता प्रतिभाशाली खेलाडी जन्माइसकेको बुटबल खेलाडी उत्पादनको दृष्टिकोणले राम्रो सम्भावना बोकेको ठाउँको रूपमा परिचित छ । पछिल्लो समय सहिद स्मारक लिगमा जमेका सोम लामाजस्ता प्रतिभाशाली खेलाडीको आगमनले पनि बुटवलको सम्भावनालाई उजागर गरेको छ । यो स्थितिमा बुटवलमा आधुनिक रंगशाला सुरु नहुँदै भत्किनु र प्रयोग नहुनुले खेल क्षेत्रमा नराम्रो सन्देश प्रवाहित हुन थालेको छ ।

फिफा गोल प्रोजेक्टको बहुउपयोगी र

महत्त्वाकांक्षी परियोजना, टेक्निकल सेन्टरका रुपमा निर्माण गर्न लागिएको एकेडेमीका लागि झन्डै दुई करोड रुपैयाँ खर्च भइसकेको सम्बन्धित निकायले जनाएको छ । एकेडेमी निर्माणका लागि एक करोड ३३ लाख रुपैयाँ फिफा गोल प्रोजेक्टअन्तर्गत उपलब्ध भएको थियो भने अन्य नगद तथा भौतिक पूर्वाधार बुटवल नगरपालिकाले जुटाएको थियो । परियोजना तीन बिघा जग्गामा फैलिएको छ, जुन नगरपालिकाले उपलब्ध गराएको हो । न्यूनतम चार हजार दर्शक क्षमता भएको एकेडेमीमा आवास, खेलाडी विश्राम कक्ष, भान्सा र बैठकलगायत एघार कोठा छन् । तर, अहिलेसम्म ती उपयोगमा आएका छैनन् ।

स्थानीयस्तरमा हुने ठूलासाना, कुनै पनि प्रतियोगितामा व्यवस्थित मैदान नभेटेर दुःख खेपिरहेको पश्चिमाञ्चलको फुटबलले बुटवलमा आधुनिक रंगशाला निर्माणपछि आमूल परिवर्तन हुने र सुविधा प्राप्त गर्ने अपेक्षा गरेको थियो । त्यसैले पनि मोफसलका खेलाडीका लागि उपयुक्त ठाउँ ठानेर परियोजनाका लागि बुटवललाई चयन गरिएको थियो । तर, परियोजना सुरु भएको चार वर्ष बितिसक्दा पनि यो सञ्चालन हुन किन सकिरहेको छैन ? 'स्थानीय निकायमा जनप्रतिनिधि नहुनु नै एकेडेमी सञ्चालन हुन नसक्नुको प्रमुख कारण हो', जिल्ला फुटबल संघका अध्यक्ष हरि श्रेष्ठको दाबी छ । उनी निर्माणका बेला स्थानीयस्तरमा राम्रो समन्वय नभएकाले पनि संरक्षणमा चुनौती देखिएको बताउँछन् ।

फिफा गोल प्रोजेक्टअन्तर्गत पहिलो चरणका लागि काठमाडौंको च्यासल, पूर्वाञ्चलको धरान र पश्चिमाञ्चलको बुटवलमा एकेडेमी स्थापना गर्ने निर्णय एन्फाले गरेको थियो । यसका लागि २०५८ सालमै सम्झौता भएको थियो, जसको निर्माण ठेक्का प्रक्रिया र सम्झौता काठमाडौंमै भएको थियो । त्यसको एक वर्षपछि २०५९ सालमा शिलान्यास भएको थियो । पहिले रामनगरमा निर्माण गर्ने भनिएको एकेडेमी पछि जग्गा विवादका कारण देवीनगरमा निर्माण भएको हो । यो परियोजना एक वर्षभित्रै ०६० सालमा उद्घाटन र हस्तान्तरण गर्ने सम्झौता भएको थियो । तर, अहिलेसम्म एकेडेमी अलपत्र छ ।

'हाम्रो ठूलो प्रयासबाट यो परियोजना बुटवलमा आएको हो । त्यसैले यसको लागि संयुक्त प्रयास गरिनु पर्छ', बुटवल नगरपालिकाका तत्कालीन नगरप्रमुख भोजप्रसाद श्रेष्ठ भन्छन् ।

फुटबलसँग सम्बन्धित पदाधिकारीहरू छोटो समयमै एकेडेमी सञ्चालनमा आउने र लामो समयदेखि बन्द रहेको बुटवलको प्रतिष्ठित तीलोत्तमा गोल्डकप यही मैदानमा सुरु हुने दाबी पनि गरिरहेका छन्, यति बेला । तर, एकेडेमी पूरा हुने कहिले ? यो विषयमा अन्योल अझै यथावत् छ ।

नेपाली फुटबलको सुन्दर भविष्यका लागि खेलाडीहरूबीच प्रतिस्पर्धा हुनु पर्ने स्थानमा हाल स्थानीय विद्यार्थीहरू फाटेको जालीबाट छिरेर आफूखुसी खेल्नु, यतिमात्र होइन, गाईभैंसीको गोठको रूपमा परिणत भएको परियोजना दुर्व्यसनी र अनैतिक क्रियाकलाप गर्नेहरूका लागि सुरक्षित स्थल बन्नुले खेलकुदप्रति जागरुक आम पश्चिमेलीहरूलाई निरास पारेको छ । खेलकुद पत्रकार संघ रुपन्देहीका अध्यक्ष सुमन अधिकारी खेलमैदानको अभावमा कयौं राम्रा खेलहरू प्रभावित भइरहँदा करोडौं लगानीमा बनेको रंगशाला प्रयोगमा नल्याइनु बिडम्बना भएको बताउँछन् । 'यति ठूलो योजना संरक्षण र सदुपयोग नगरेर खेलाडीहरूको भविष्य बिगार्ने प्रवृत्ति तत्कालै रोकिनु पर्छ', एकेडेमीलाई तत्कालै प्रयोगमा ल्याउनु पर्ने माग गर्दै अधिकारी बताउँछन् ।

### अलपत्र तीलोत्तमा

अन्तर्राष्ट्रियस्तरमा समेत चर्चा बटुलेको बुटवलको प्रतिष्ठित तीलोत्तमा गोल्ड कप फुटबल प्रतियोगिता चार वर्षदेखि सञ्चालन हुन सकिरहेको छैन ।

आर्थिक र खेल मैदानको अभावले अलपत्र परेको यो प्रतियोगिता पछिल्लो समय एन्फाको केन्द्रीकृत खेल तालिकाका कारण पनि ओझेलमा परेको थियो ।

२०५८ सालमा पन्ध्रौं संस्करणको रूपमा तीलोत्तमा गोल्डकप अन्तिम पल्ट भएको थियो । ०३१ सालमा बुटवल नगरपालिकाद्वारा स्थापित उक्त गोल्डकप ०३३ सालमा आएर सुरु भएको हो । भारतका प्रतिष्ठित फुटबल क्लबहरूको सहभागिता रहने यो प्रतियोगितालाई नेपाली फुटबलको प्रतिष्ठित प्रतियोगितामध्ये मानिन्छ । ■

## हतारोको परिणाम

**एन्फाको महत्त्वाकांक्षी फुटबल** परियोजना 'गोल प्रोजेक्ट' धरानमा अझै सुरु भएको छैन । २०५९ सालमा धरान नगरपालिका र एन्फाबीच 'गोल प्रोजेक्ट'को सम्झौता हुँदा यसलाई एक वर्षभित्रै पूरा गर्ने भनिएको थियो । तर, ४ वर्ष बित्न लाग्दा पनि 'गोल प्रोजेक्ट' सुरु हुने छाँट छैन ।

'गोल प्रोजेक्ट'अन्तर्गतको तालिम केन्द्र, रंगशाला र आवास गृह निर्माणको ठेक्का लिएको काठमाडौंको रानीपौवा सेवाले आफ्नो काम लगभग सकेको छ । तर, 'गोल प्रोजेक्ट' सञ्चालनमा आउन सकेको छैन । किनभने, परियोजनाको एउटा महत्त्वपूर्ण साझेदार नगरपालिकाले आफ्नो जिम्मामा परेको काम पूरा गर्न सकेको छैन ।

सहमतिपत्रमा नगरपालिकाले 'गोल प्रोजेक्ट' निर्माणस्थलसम्म पुग्ने कालोपत्रे सडक बनाउनु पर्ने, नजिकैको सर्दु खोलालाई नियन्त्रणमा राख्न तटबन्ध निर्माण गर्नु पर्ने उल्लेख छ । तर, नगरपालिकाले बजेट नभएको भन्दै सडक र तटबन्ध निर्माणको काम सुरु गरेको छैन । 'हामीले सडक बनाउने भनेको जनसहभागितामा हो', नगरपालिकाका सूचना अधिकृत गणेश खतिवडा भन्छन्, 'तर, जनसहभागिता नै जुटेन, सडक विभागबाट सडक बनाउने प्रयास पनि सफल भएन ।'

मानवबस्तीभन्दा निकै टाढा रहेको गोल प्रोजेक्ट निर्माणस्थलसम्म पुग्ने कालोपत्र सडक निर्माणका लागि जनसहभागिता नजुट्नु अस्वभाविक हैन । तर, यो कुरा नगरपालिका र एन्फाबीच सहमति हुँदा ख्याल गरिएन । किनभने त्यति बेला सम्झौता निकै हतारमा भएको थियो । निर्वाचित जनप्रतिनिधिको कार्यकाल सकिनु एक दिनअघि धरान नगरपालिकाका तत्कालीन मेयर मनोज मेयाङ्वोले 'गोल प्रोजेक्ट'को सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

हस्ताक्षर गरेको भोलिपल्टै मेयाङ्वो पदमुक्त भएपछि सम्झौतापत्रको आ-आफ्नै ढंगले व्याख्या भयो । एन्फा अधिकारीहरूले नगरपालिकाले करिब १ करोड २५ लाख लगानीमा बन्ने 'गोल प्रोजेक्ट'मा २० प्रतिशत लगानी गर्नु पर्ने, त्यहाँसम्म पक्की सडक र सर्दु खोलामा तटबन्ध निर्माण गर्नु पर्ने बताउन थाले । तर, नगरपालिकाका कर्मचारीहरूले २० प्रतिशत लगानीभित्रै सडक र तटबन्ध निर्माणको खर्च पनि समावेश गरिनु पर्ने अडान लिन थाले ।

यसकारण 'गोल प्रोजेक्ट'का लागि आवश्यक पूर्वाधार निर्माण कार्य बेलैमा सुरु भएन । नगरपालिकाले आफ्नो भागमा पर्ने २० प्रतिशत लगानीको रकम पनि छुट्याएको छैन । हतारमा गरिएको सम्झौताको असर अहिले देखिँदै छ । अर्कोतिर, 'गोल प्रोजेक्ट'अन्तर्गत बनाइएका भौतिक संरचना पनि गुणस्तरीय नरहेको देखिएको छ । कतिपय भवनका भित्ता चर्किन सुरु गरेका छन् ।

एक इन्जिनियरको भनाइमा 'गोल प्रोजेक्ट' निर्माण गर्दा प्रयोग गरिएका इँटा पनि सस्ताखाले छन् । 'हामीलाई अनुगमन गर्न दिइएन', उनी भन्छन्, 'अहिले हेर्दा पूरै भौतिक संरचना गुणस्तरहीन देखिन्छ ।' 'गोल प्रोजेक्ट' निर्माणको जिम्मा लिएको धरान फुटबल क्लबलाई एन्फाले केही समयअघि पत्र पठाएको थियो । पत्रमा ४५ दिनभित्र निर्माण पूरा गर्न निर्देशन दिइएको थियो । तर, निर्देशन पूरा भएन । एन्फाले फेरि चासो पनि देखाएन । अहिले गोल प्रोजेक्ट संरक्षणविहीन अवस्थामा खण्डहर हुने खतरा पैदा भएको छ ।

■ **ओमआस्था राई/धरान**

# रसिलो आत्मकथा

**'बाबुको बिँडो** थाम्ने धृष्टता गर्दा जीवनमा अविस्मरणीय घटनाले मोड लिन पुग्यो, पिताजी जीवित छँदा सुकर्मको बिँडो थाम्न नसके पनि रक्सी पिउनमा बिँडो थामेँ, तर पिताजीको जस्तै ४३ वर्षको उमेरमै मृत्युवरण गर्ने बिँडोचाहिँ मैले थाम्नु नपरोस्...।' डेढ दर्जन संस्मरणात्मक लेखहरू समेटिएको 'दसगजाभित्र उभिएर' नामक कृतिमा आफूले देखे भोगेका घटना मार्मिक र जीवन्तरूपमा उतार्न सफल छन्, गायक तथा साहित्यकार गणेश रसिक।




हरेक पटक काठमाडौं आउँदा श्रोता र पाठकलाई केही न केही छोडेर आफ्नै थातथलो इलाम फर्किने गरेका छन्, रसिक। यसपटक इलामको फिक्कलबाट राजधानी आउँदा पनि खाली हात आएका थिएनन्, उनी। नेपाल प्रज्ञाप्रतिष्ठानमा आयोजित एक कार्यक्रमबीच आफ्ना अनुभवको ठेली 'दसगजामा उभिएर' सार्वजनिक गरे उनले।

जीवनको अर्थ खोज्ने हो भने यसलाई वास्तवमा दुःख र सुखको संग्रामको रुपमा लिन सकिन्छ, यही संग्रामलाई बुझ्न सक्यो भने मात्र मानिसको जीवन सुखमय बन्छ। प्रस्तुत किताब रसिकले जीवनका उकाली ओरालीमा भोगेका आरोह अवरोहलाई आत्मकथाका रुपमा समेट्न सफल छ।

आफूलाई गायकभन्दा बढ्दा लेखकको रूपमा परिचय दिन रुचाउने रसिकको आफ्नै कथाव्यथा माने पनि हुन्छ, यो कृतिलाई। उनले सुरुको सामान्य सरकारी जागिरे जीवनदेखि अहिलेसम्म आफूले भोगेका उतार चढावको वर्णन गरेका छन्।

गायक रसिकको जीवन आफैंमा एकादेशको राजकुमारको कथाजस्तो छ। भोजपुरको छिनामखुबाट सुरु भएको जीवनलाई अहिले रसिक फिक्कलको चियाबगानको एकान्तमा डुलाउँदै छन्, उनी। जीवनको मोडको बारेमा बेखबर छन् रसिक। उनी लेख्छन्, 'अब फेरि कति बाँचिन्छ र कुन सिमानामा बाँचिन्छ, त्यसैमा आत्मकथा लेखौंला'। दसगजामा उभिएर पुस्तकबारे वरिष्ठ साहित्यकार इन्द्रबहादुर राई लेख्छन्, 'आफ्नै निर्णय, आफ्नै निष्कर्ष, आफ्नै जित, आफ्नै हार, आफ्नै सुख, आफ्नै दुःख, लक्ष्य र लब्धि भएका हुन्छन्, साँचा गणतान्त्रिक व्यक्तिमा। रसिकमा हामी यस्तै गणतान्त्रिक सामाजिक व्यक्ति पाउँछौं।'

■ **ज्योति देवकोटा/काठमाडौं**

# महानगरको मनोदशा

**किसनसिंह धामीले** कविको रुपमा आफ्नो परिचय बनाएका छन्। त्यसो त उपन्यास, निबन्धजस्ता गद्य विधामा पनि उत्तिकै सक्रिय छन् उनी। 'अन्धकारको अनुसन्धान', 'शान्ति खोज्दै'लगायत कविता संग्रहका सर्जक धामीको 'कलेज गर्ललाई इमेल' नामक नवीनतम कृति सार्वजनिक भएको छ। शीर्षक पढ्दा हल्काजस्तो लागे पनि दिनप्रतिदिन जटिल बन्दै गएको महानगरको सामाजिक समस्यामाथि केन्द्रित छ, उपन्यासको विषयवस्तु। महानगरका उत्तरआधुनिक परिवेशसँग समाहित भइरहेका युवाहरूको मनोदशालाई केलाउने जमर्को गरेका छन्, उपन्यासकारले।




उपन्यासको लागि पात्र, परिवेश, कथानक, शैलीलगायत तत्त्वले जीवन्त भूमिका खेलेको हुन्छ। धामीको उपन्यास पढ्दा लाग्छ- पात्रहरू बनावटी छैनन्, राजधानीमा हामीले दिनहुँ संगत गरिरहेका छौं तिनीहरूसँग। नवसम्भ्रान्त युवकहरूको चरित्र र जीवनशैलीलाई टपक्कै टिप्ने प्रयास गरिएको छ, उपन्यासमा। जीवनलाई मनोरञ्जनबाहेक अरू केही नदेख्ने उनीहरूको दृष्टिकोणलाई सरलरूपमा उतारेका छन् धामीले। उपन्यासमा राजधानीमा नवधनाढ्य र मध्यमवर्गबीचको बढ्दो खाडल र अन्तरद्वन्द्व केलाइएको छ।

उपन्यासको मूलपात्र एउटा विवाहित युवक छ, जो कलेजमा पढ्ने युवतीसँग भावनात्मक र आत्मीयरूपले निकट बन्छ। त्यही निकटता उत्कर्षमा पुग्छ, सम्बन्ध प्रगाढ बन्छ। आर्थिक हैसियतमा युवक र युवतीबीच धेरै खाडल छ। पैसाको भरमा प्रेमको नाटक रच्न खोज्दा भोग्नु पर्ने परिणतिको चित्रण गरिएको छ। उपन्यासको बीचमा कतिपय अनावश्यक प्रसंग छन्, जुन उपन्यासको विषयवस्तुसँग तालमेल खाँदैनन्। महानगरको यथार्थ चित्रण गर्ने क्रममा कतिपय अश्लीलजस्ता लाग्ने घटना पनि आएका छन्। सारमा भन्नुपर्दा, महानगरमा विकसित आडम्बरयुक्त परिपाटीको अन्त्य गरी सुधारात्मक चेतना आत्मसात गरेको छ, उपन्यासले। बीचबीचमा लेखक आफैंले रचना गरेको कविता पनि राखिएकाले संवादमा मिठास आएको छ, यसले अहिले हराएर गएको चम्पुको समेत स्मरण गराउँछ। भाषामा मिठास छ, सरल शैली पक्रेका छन् उपन्यासकारले, पढ्दा पाठकको मन सहजै तानिन्छ। यति हुँदाहुँदै पनि महानगरको बदलिँदो परिवेश चित्रण गर्ने क्रममा उपन्यास सफल भए पनि वैचारिक स्पष्टताको भने अभाव खट्किन्छ। ■





**किताब** : **योगक्षेम**
**लेखक** : **हुलास गोल्छा**
**पृष्ठ** : ८४
**मूल्य** : रु १४५/-
**प्रकाशक** : **गोल्छा ज्ञान मन्दिर**




**किताब** : **वेदपुराणका केही रत्नहरू**
**लेखक** : **डा. वीणा पौडयाल**
**पृष्ठ** : २३०
**मूल्य** : रु १८८/-
**प्रकाशक** : **साझा प्रकाशन**



**किताब** : **जीवन मेरो शब्दकोशमा**
**लेखक** : **नवराज सुब्बा**
**पृष्ठ** : ५९
**मूल्य** : रु १००/-
**प्रकाशक** : **वाणी प्रकाशन**




**किताब** : **अधरामृत**
**लेखक** : **सरोज काफ्ले**
**पृष्ठ** : ७२
**मूल्य** : रु ७०/-
**प्रकाशक** : **पोखराथोक साहित्य संगम**

# क्रान्तिकारी, नेता र मन्त्री





■ चंकी श्रेष्ठ

**चार्ल्स डार्विनको** विकासवादलाई उसले राम्ररी पछ्याएको थियो । पहिले क्रान्तिकारी थियो । पछि नेता भयो र त्यसपछि मन्त्री ।

क्रान्तिकारी जीवनमा कति भोकभोकै रह्यो ! कति पल्ट जेल पर्‍यो ! कति कुटाइ खायो ! पाइतालामा कति किला ठोकिए ! कति पल्ट भीरैभीर, काँडैकाँडा, जंगलैजंगल कुद्नु पर्‍यो ! तर विचलन कतै थिएन ।

खुला राजनीतिमा आएपछि अन्तरपार्टी सम्बन्धन र व्यवस्थापन उसका खास जिम्मेवारी थिए । मन्त्री भएपछि उसको जीवनले उत्तरआधुनिक मोड लियो र विनिर्माणको अनन्त यात्रामा सामेल भयो ।

पहिलो पल्ट मन्त्री भएको थियो । यसकारण जिउमा दौरासुरुवाल थिएन । शपथ लिएर फर्कनेबित्तिकै पत्रकारहरूले सोधे- दौरासुरुवाल किन लाउनुभएन मन्त्रीज्यू ?

मन्त्रीले एकसाथ तीनबुँदे जवाफ दियो-

-म दौरासुरुवाल लाउँदिनँ ।

-दौरासुरुवाल किन्ने पैसा मसँग छैन ।

-दौरासुरुवाल प्रतिगामी सत्ताको राष्ट्रिय पोसाक हो ।

मन्त्री निवास छिर्नेबित्तिकै सुरक्षा गार्ड र अन्य कर्मचारीले धुमधाम स्वागत गरे । कालो बोका त पर्सापरै राखिएको थियो । काट्ने तयारी भयो । मन्त्रीले आपत्ति जनायो ।

'हजुर, यो त नगरी हुँदैन । परम्परा तोड्नु हुँदैन । माथिको आदेश छ', सुरक्षा गार्डहरूले भने ।

'माथिको आदेश भनेको के हो ?'

'पूरै माथिको आदेश हजुर !'

होस्, यी खानका कालहरूको खाने दाउ ! मन्त्रीले आदेश खोतल्ने दुःख गरेन । बोका काटियो र मन्त्री हिँड्ने बाटाभरि त्यसको रगत छरियो । रगतको छिटा मन्त्रीको लुगामा समेत पर्‍यो । 'हरे, यो के गरेको !' मन्त्रीले मलुवा आपत्ति जनायो ।

'हजुर यस्तै चलन छ । परम्परा तोड्न नहुने !'

अन्ततः हार मानेर परिवारसहित मन्त्री कालो बोकाको रगत टेक्दै निवास छिर्‍यो । सुरक्षा गार्डले ज्यालासहित बोकाको दाम असुले ।

मन्त्रीलाई थकथक लाग्यो । यस्तो थाङ्ने परम्पराको जहाज चढेर कसरी क्रान्तिकारी काम गर्न सकिएला ? विगतमा अर्का एक वामपन्थी प्रधानमन्त्री हुँदा कालो बोकाको रगत टेक्दै निवास छिरेकामा उसको पार्टीले घोर भर्त्सना गरेको थियो । ऊ स्वयंले यो मुद्दा संसद् र अखबारमा निकै चर्को स्वरमा उठाएको थियो ।

मन्त्री कुस्तुर भयो, अब पत्रकारले सिध्याउने भए । उसको नियत खराब थिएन । हार्नमात्र नसकेको थियो । नभन्दै पत्रकारले त्याखर्‍याखती पारे । मन्त्रीसँग कुनै जवाफ थिएन । रफूचक्कर हुन खोज्यो, तर पत्रकारको एम्बुसमा परिसकेको थियो । अन्ततः उसले भन्नै पर्‍यो- मन्त्री भएपछि देशको संस्कृति जोगाउनु मेरो पनि धर्म हो ।

◆ ◆ ◆

मन्त्रिपरिषद्को पहिलो सभामा ऊ टिमिक्क मिलेको दौरासुरुवालमा देखापर्‍यो । बाहिर निस्कनेबित्तिकै पत्रकारहरूले प्रश्नको प्रत्यञ्चा सोझ्याइहाले- दौरासुरुवाल किन लाउनुभयो मन्त्रीज्यू ?

स्वभावअनुसार यस पटक पनि उसले तीनबुँदे जवाफ दियो (तर, त्यसको भाषा पूरै फेरिएको थियो)-

-दौरासुरुवाल राष्ट्रिय पोसाक हो ।

-म पनि त राष्ट्रिय मन्त्री हुँ !

-राष्ट्रिय पोसाकलाई राष्ट्रिय मन्त्रीले सम्मान गर्नु पर्छ ।

मन्त्री पहिले अर्धभूमिगत क्रान्तिकारी थियो । पछि खुला नेता भयो र त्यसपछि मन्त्री । आजीवन प्रतिपक्षी रहने उसको चरित्रले कोल्टे फेरेको थियो । पत्रकारहरूले त्यहीँ समाते ।

मन्त्रीज्यू, पहिले आजीवन प्रतिपक्षी हुनुहुन्थ्यो, अब आजीवन सत्तापक्षी हो ?

मन्त्रीज्यू, हजुरले कति जुनी फेर्नु भो ?

मन्त्रीज्यू, यो पनि क्रान्तिकै अर्को प्रक्रिया हो ?

प्रतिक्रियामा मन्त्री हाँस्दै, बाईबाई गर्दै पजेरोमा सवार भयो ।

◆ ◆ ◆

मन्त्री कुनै दैनिक अखबारको दाइने कुनोमा आँखा तन्काई तन्काई व्यंग्य स्तम्भ पढिरहेको थियो, जसमा उसकै खिल्ली उडाइएको थियो । उत्तेजना र रिसले निधार खुम्चिएको थियो । सचिवले ध्यान भंग गरिदियो ।

'हजुर, आराम छैन कि ?'

'ठिकै छ, । भन्नुस् के छ सचिवजी ?'

'हजुर, एउटा आदेश छ ।'

'कस्तो आदेश हो सचिवजी ?'

'हजुर, एउटा निर्दोषलाई बलात्कारको अभियोगमा थुनिएको रहेछ', सचिवले तस्विर देखायो । यो मानिस सहरको 'महान्' गुन्डा थियो र कैयन् यस्ता अपराधमा बारम्बार थुनिएको थियो । पछि नेता वा मन्त्रीको आदेशमा छुट्ने गर्थ्यो ।

मन्त्री झोक्कियो, 'कसरी भन्नु हुन्छ यसलाई निर्दोष ?'

'सबूद प्रमाण छन् ।'

'केको प्रमाण, अपराधको ?'

'होइन हजुर, निर्दोषीको ।'

'सचिवजी, जिद्दी नगर्नुस्, यसलाई थुन्नै पर्छ ।'

'होइन हजुर, त्यसलाई छाड्नै पर्छ, माथिको आदेश

छ ।'

'त्यसलाई अदालतको आदेशले मात्र छुटाउन सक्छ ।'

'होइन हजुर, बर्बाद हुन्छ । माथिको आदेश छ, तुरुन्त छाड्नु पर्छ ।'

'के आदेश छ ?'

'गल्तीवश समातिएको भनेर छाड्नु पर्छ ।'

'अदालतको के काम भो त ?'

'अदालतले चाहिएका बेला आफ्नै काम गर्छ हजुर ।'

हार मानेर मन्त्री अन्ततः सोझै डिएसपीलाई फोन गर्न बाध्य भयो ।

◆ ◆ ◆

'हजुर, एक कल फोन वीरगन्ज भन्सारमा तुरुन्तै गर्नु पऱ्यो ।'

'फेरि के भो सचिवजी ?'

'घूस नदिएको झोकमा जरुरी औषधी जफत गरिएको रहेछ ।'

'त्यो त लागूऔषध हो सचिवजी ।'

'माथिको आदेश छ, होइन रे ।'

'तिनीहरू केटी बेच्ने दलाल र अवैध औषधी भित्र्याउने तस्कर होइनन् भन्ने ?'

'हजुर, माथिको आदेश छ ।'

'छाड्नुस् माथिको आदेश । प्रधानमन्त्रीभन्दा माथि अब को छ ?'

'हजुर, पूरै माथिको आदेश छ । माथिको आदेश नमानी कर्मचारीतन्त्र कसरी चल्छ ? तिनीहरू दसैँअगाडि नै देशमा दसैं भित्र्याउन र त्यसमा सबैलाई सरिक गराउन चाहन्छन् । यसबाट सबैलाई फाइदा छ रे ।'

'देशलाई फाइदा छैन । देशलाई फाइदा नहुने फाइदा मलाई चाहिएन ।'

'हजुर, राष्ट्रिय व्यक्तित्वको फाइदा देशकै फाइदा होइन र ?'

'सचिवजी, बन्द गर्नुस् इन्द्रजाली कुरा । इन्द्रजालले लोकतन्त्र चल्दैन ।'

'हजुर, सत्यनाश हुन्छ । माथिको कडा आदेश छ ।'

'कस्तो ?'

'औषधी छुटाइदिने, समातिएकालाई छाडिदिने ।'

मन्त्रीले एकपल्ट फेरि हार खायो । हार खाएबापत ठूलो रकम प्राप्त गऱ्यो ।

◆ ◆ ◆

झन्डै एक हप्तादेखि देशमा पेट्रोलियमका पदार्थको हाहाकार थियो । मूल्यवृद्धि हुने गोप्य सूचना सरकारले काला व्यापारीहरूलाई दियो । व्यापारीहरूले कृत्रिम अभाव सिर्जना गरे । खाका बनिसकेको मूल्यवृद्धिको प्रस्ताव मन्त्रिपरिषद् बैठकमा राखियो । उसले विरोध गऱ्यो । राजीनामा गर्ने चेतावनी दियो ।

'हेर्नोस्, यो कसैले रोकेर रोकिने कुरा होइन । राजीनामा गर्ने मानसिकता फिर्ता लिनुस् । तपाईंले छोडे तपाईंभन्दा धेरै भ्रष्ट आउन सक्छ । आखिर देशलाई नै घाटा हुन्छ', प्रधानमन्त्रीले भन्यो ।

उसले सोच्यो, हो त, जो आए पनि यस्तै हो । मेरो मात्र के लाग्छ ? अन्ततः निर्णयमा सही गऱ्यो र राजीनामा गर्ने मनसाय फिर्ता लियो ।

उसले विरोध गर्ने र हार खाने क्रम चलिरह्यो ।

एक दिन मन्त्री, सचिव र उच्चपदस्थ केही अधिकारीको गोप्य सभा चलिरहेको थियो । एउटी सुन्दरी झुल्किई । मन्त्री वशीभूत भयो । मन्त्रीको

**सहिदको सालिकलाई फूलमाला लाइदिनै लागेका बेला उसले देख्यो- सहिद त कालो घोडामा सवार छ । घोडामा सवार सहिदको कालो सालिक बेतोडले सिंहदरबारतिर दौड्ने सान गरिरहेछ । मन्त्रीका आँखा खुले- अरे ! यो त जुद्धशमशेरको सालिक पो रहेछ ।**

मुटु छामेर सचिव र अन्य सबै अधिकारी अलप भए । कति भुतुक्क पार्ने खालकी थिई भने मन्त्री आँखा झिमिक्क नगरी हेरेको हेऱ्यै भयो । मादक स्वरमा लाज मान्दै सुन्दरीले भनी, 'हजुर, एकै क्षण आराम गरिस्योस् न !' मन्त्री एकपल्ट आफ्नो क्रान्तिकारिताले झस्कियो । यो कुरा नितान्त गोप्य थियो । ज-जसलाई थाहा थियो, त्यो उसका गोप्य मानिस थिए । प्रेम वा यौनमा दुईजनाको मन मिले कसैले हस्तक्षेप गर्न सक्दैन । अन्ततः मन्त्री र सुन्दरी दुवैले एक-अर्काको सेवा गरे ।

मन्त्रीको सेवा गर्ने सुन्दरीहरू अब मौसमजस्तै फेरिन थाले । मन्त्री नयाँ नयाँ स्वादले पुलकित भयो ।

◆ ◆ ◆

अन्याय बोल्नु हुँदैन, ताप्केमा माम्रीजस्तै मन्त्रीको आदर्श रहलपहल बाँकी नै थियो । प्रत्येक बिहान ऊ लोकतान्त्रिक आन्दोलनका एक्काइस सहिदका तस्बिरसामु नतमस्तक हुन्थ्यो । त्यसपछि सहिदगेट गएर चार सहिदप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्थ्यो । बल्ल उसको दैनिकी सुरु हुन्थ्यो ।

एक बिहान अत्यधिक भावविभोर भयो र आँखाबाट आँसु झार्न थाल्यो । सहिदकै कारण त उसले जनताको सेवा गर्ने अवसर पाएको थियो ! कुनै दिन ऊ पनि कवि थियो । भावुकता र आँसु त्यहीँबाट निचारेर ल्याएको थियो ।

अघिअघि कामदार, सचिव र सुरक्षाकर्मी थिए । पछिपछि मन्त्रीहरू र अन्त्यमा प्रधानमन्त्री । यसो हेर्छ त मन्त्री र प्रधानमन्त्री समेत ऊसँगै हिक्का छाड्दै रोइरहेका छन् । सहिदलाई सम्झेर होला ।

सहिदको सालिकलाई फूलमाला लाइदिनै लागेका बेला उसले देख्यो- सहिद त कालो घोडामा सवार छ । घोडामा सवार सहिदको कालो सालिक बेतोडले सिंहदरबारतिर दौड्ने सान गरिरहेछ । मन्त्रीका आँखा खुले- अरे ! यो त जुद्धशमशेरको सालिक पो रहेछ । यो के हो ? दशरथ चन्द, शुक्रराज, धर्मभक्त र गंगालालको ठाउँमा जुद्धशमशेरको सालिक कसरी ? मन्त्री अचम्भित भयो र थकथक गर्न थाल्यो । बल्ल रुवाइको तात्पर्य खुल्यो ।

यो थाहा पाएका पत्रकारले फेरि ऱ्याखऱ्याखती पारे । हिरोसिमा, नागासाकीमा अमेरिकी बमजस्तै प्रश्नको वर्षा भएपछि मन्त्री आत्तियो । तर, झटपट आफूलाई सम्हाल्यो । ऊ क्रान्तिकारीबाट नेता, नेताबाट मन्त्री र मन्त्रीबाट पक्का मन्त्री भइसकेको थियो । जसरी प्रश्नहरू वर्षिएका थिए, वाक्पटुतासहित इन्द्रजाली जवाफ फर्कायो ।

'मन्त्रीज्यू, साधुलाई शूली, चोरलाई चौतारो भयो नि !'

'होइन होइन, हामीले साधुलाई नै चौतारा दिएका र चोरलाई शूली चढाएका छौं । चोरलाई चौतारा दिइएको भए बैंक लुटेराहरू पक्राउ पर्थे ?'

'मन्त्रीज्यू, आन्दोलनका अपराधीलाई दिइएको पुरस्कार के हो त ?'

'होइन, लोकतान्त्रिक आन्दोलनमा आफ्नो ठाउँबाट सबैले महत्त्वपूर्ण भूमिका खेलेका छन् । लौ तपाईं पत्रकारहरू त्यसको खोजी गर्नुस् त !'

'मन्त्रीज्यू, जुद्धशमशेर कहिलेदेखि तपाईंका आदर्श भए ?'

'हाम्रा लागि सहिद नै प्रातः स्मरणीय छन् । सहिदका ठाउँमा जुद्धशमशेर स्थापित भएका मात्र हुन् । लोकतन्त्रमा सबैले स्पेस पाउनु पर्छ, नत्र विद्रोह हुन्छ । त्यसैले हामीले पनि जुद्धशमशेरको सालिकलाई फूलमाला पहिराएर परिक्रमा गरिदियौँ ।'

'मन्त्रीज्यू, केटी बेच्ने दलाल कहिलेदेखि राष्ट्रसेवक भए ?'

'आदरणीय पत्रकार मित्र, यस्तो अशिष्ट शब्द कृपया फिर्ता लिऊँ । उनीहरू देशभक्त सच्चा उद्योगी हुन् र हाम्रो देशको राष्ट्रिय आयमा तिनको भूमिकालाई बिर्सने धृष्टता गर्न मलाई मेरो नैतिकताले अनुमति दिँदैन ।'

'मन्त्रीज्यू, बलात्कारीलाई छुटाएर फूलमाला पहिराउनु भो नि !'

'कसले भन्यो ? ऊ त सच्चा साधु हो । मसँग प्रमाण छ । परिबन्दले चोरलाई साधु र साधुलाई चोर बनाइदिन्छ । के तपाईंहरूले पुष्करशमशेरको 'परिबन्द' कथा पढ्नुभएको छैन ?'

'मन्त्रीज्यू, अब त दौरासुरुवाल नभई नहुने भएछ नि !'

'दौरासुरुवाल हाम्रो राष्ट्रिय पोसाक हो । म यसलाई अत्यन्तै आदरसाथ लगाउँछु ।'

'मन्त्रीज्यू, राजीनामा गर्ने धम्की दिनुभा'थ्यो, दिनु भएन नि !'

'मैले राजीनामा गरें भने मभन्दा धेरै गुणा खराब मान्छे मेरो ठाउँमा आउँछ । यसबाट राष्ट्रलाई हुने हानिको जिम्मेवारी कसले लिन्छ ?'

'मन्त्रीज्यू, सुन्दरीमेला नामक चलचित्रमा नायकको अफर आए के गर्नु हुन्छ ?'

'आधुनिक युगमा प्रत्येक व्यक्ति आफ्नो जीवनको नायक हो ।'

'मन्त्रीज्यू, कालो बोकाको रगत टेकेर मन्त्री निवास छिरेकैले हजुरको पद अहिलेसम्म टिकेको हो ?'

'शुभकार्यमा बोका काट्नु हाम्रो संस्कृति हो । यो गौरवमय संस्कृति जोगाउन मन्त्रीका हैसियतले विश्व हिन्दु महासंघसँग सम्झौता गरेको छु ।'

त्यसपछिका छड्के प्रश्नको क्षेप्यास्त्र छल्न पत्रकारलाई घचेट्दै मन्त्री अगाडि बढ्यो र चिल्लो कारमा हुइँकियो ।

◆ ◆ ◆

# नगदेशकी राजकुमारी

**अरू थुप्रै नेपाली** चलचित्र कलाकारको जस्तै गीता शाहीको कथा पनि बेग्लै छैन। उनी स्कुलमा नाच्थिन्, गाउँथिन्। २०५७ सालमा उनको त्यही खुबीका कारण एउटा टेलिफिल्ममा अनुहार देखाउने मौका पाइन्। तर, त्यो टेलिफिल्मले टेलिभिजनको अनुहार हेर्न पाएन। तर, त्यसमा उनले गरेको कामले उनलाई अर्को महत्त्वपूर्ण काम दिलायो- नेपाल टेलिभिजनको प्रख्यात शृंखला 'थोरै भए पुगिसरी'मा गतिलै भूमिका। उनले त्यसमा एउटी त्यस्ती नातिनीको भूमिका खेलिन्, जसले आफ्ना आमाबाबुले बिर्सिइसकेका हजुरबा-हजुरआमाको खोज मात्र गर्दिन, आफ्ना बूढा बाबुआमाप्रति गरिनु पर्ने नैतिक पाठ पनि पढाउँछे। 'म आफू पनि त्यस्तै सामाजिक छु', भर्खरै गरिएको मेकअपले चहकिएको अनुहारमा आफ्ना मिलेका दन्तलहर देखाउँदै उनले भनिन्, 'म सुहाउँदो भएर नै होला, दर्शकले पाँच वर्षअघिको त्यो भूमिका अझै बिर्सनु भएको छैन। अझै पनि मलाई मेरो नामले भन्दा मेरो भूमिका (शालिनी)को नामबाट चिन्नुहुन्छ।'

चर्चित टेलिभिजन शृंखलाबाट स्थापित हुनुको आनन्द नै बेग्लै छ। उनले पाँच भिडियो र एउटा ठूलो पर्दाको चलचित्र 'बन्धकी'मा अभिनय गर्न भ्याइसकेकी छन्। त्यो पनि किशोर रानाजस्ता ख्यातिप्राप्त निर्देशकसँग। अनुभव कस्तो रह्यो त ? 'धेरै कुरा सिक्न पाएँ', उनको अनुहारमा अर्को चहक थपिन्छ, 'आशीर्वाद पाएजस्तो !'

त्यसो त उनी के कुरामा सहमत छिन् भने नयाँ कलाकारहरूलाई अभिनय कर्ममा स्थापित हुन निकै गाह्रो छ। कतिपयले त 'सम्झौता' पनि गर्छन्। तर, उनको निजी अनुभव भने अहिलेसम्म त्यस्तो भएको छैन। 'सुरुमा नै आफ्नो होचो कद र होचो विचार लिएर छिरियो भने यहाँ अझ होचो बनाउने प्रयास गर्छन् यहाँ', उनको पाँच वर्षे करिअरको अनुभव बताउँछिन्, 'तर आत्मविश्वासले युक्त भएर कुरा गर्न सकियो आधा शोषणको सम्भावना त्यहीँ हराउँछ। बाँकी आधा शोषण आफ्नो व्यवहार र आफूले गने संगतले निधो गर्छ।'

भक्तपुरस्थित मध्यपुर थिमीको नगदेशमा २०३९ सालमा जन्मिएकी गीता आफू यस क्षेत्रमा आएर आफ्नो गाउँको नाम राख्न सफल भएकीमा खुसी छन्। उनी भन्छिन्, 'हाम्रो मध्यपुरबाट चलचित्र क्षेत्रमा नाम राख्ने म मात्रै एउटी हुँ। अझ नगदेशभरिमा कुनै समाजसेवा गर्नु पर्‍यो वा कुनै कार्यक्रमको उद्घोषण गर्नु पर्‍यो भने सबैले मलाई नै सम्झन्छन्।' हुन पनि उनलाई नगदेशकी गहना भनेर कतिपटक त सम्मान पनि गरिसकिएको छ।

'त्यसैले पनि घरमा उनलाई अबेरसम्म आउनलाई छुट छ', उनी भन्छिन्, 'कहिले त सुटिङका लागि घरबाहिर हप्तौं बस्नु पर्ने हुन्छ। पहिले पहिले त हरेक एक घन्टामा तीनवटा फोन आउँथे घरबाट। तर, पछि कामको प्रकृति र छोरीप्रतिको विश्वास भएर होला कामका बेला सोधपुछ कम हुन्छ।' केही क्षणपछि गिज्याउने हिसाबले हाँस्दै थपिन्, 'त्यसो त म फाइदा पनि लिन्नँ नि।'

यत्रो उमेरमा पनि कुनै केटासँग मायाप्रीति गाँस्न नपाएकोमा हाँस्दै क्षोभ प्रकट गरिन्। वातावरणलाई रमाइलो बनाउँदै गीताले थपिन्, 'तर त्यो अनुभवचाहिँ म मेरा सहकलाकारसँग प्रेमपूर्ण संवादका बेला लिन्छु।' कहिलेकाहीँ सुटिङको अप्ठेरो पनि उनले सुनाउँदै उनले भनिन्, 'त्यस्ता दृश्यमा कहिलेकाहीँ आफू साँच्चिकै प्रेमिकाका रुपमा आफूलाई अनुभव गरेर अभिनय गरिरहेकी हुन्छु अनि अर्को कलाकारचाहिँ 'चिसो' भइदिन्छ। उसको 'डल एक्स्प्रेसन' र उसको रसविहीनताले मजामा नै किरकिरा हुन्छ।'

त्यसो भए के उनले अहिलेसम्म कसैसँग प्रेम गरेकी छैनन् त ? प्रश्न के आएको थियो भुइँमा खस्न नपाउँदै उनले भनिन्, 'के कसैप्रति प्रेम अहिल्यै र तुरुन्तै आउनु पर्छ भन्ने छ र ? हुन सक्छ, त्यो वास्तविक प्रेमको अनुभव म चालीस वर्षको भएपछि आओस्। अहिले त म आकर्षण मात्र हुँला, तर त्यस बेला म वास्तविक प्रेम गर्न थालुँला। कसलाई के थाहा प्रेम कुन रुपमा कसरी आउँछ ?'

यसबाटै अनुमान गर्न सकिन्छ, उनका लागि बिहे अझै परको कुरा हो। तर, सिनेमामा चाहिँ उनको बिहे दुईपटक सिन्दूर हालेरै भइसकेको छ। चलचित्र बन्धकीमा उनका सहकलाकार वीरेन श्रेष्ठले सिन्दूर हाल्नुपर्ने दृश्यमा उनलाई नमिठो पनि लाग्यो। उनी भन्छिन्, 'यो सिउँदो त मेरो श्रीमान्को लागि थियो भन्ने लाग्यो र केही घन्टा त गर्नुपर्ने अभिनय पनि बिर्सें। अझ श्रीमान्को गोडा ढोग्नु पर्ने दृश्य दिँदा त भित्रभित्रै रोएँ। तर, पछि आफैँलाई सम्झाएँ, यो त हाम्रो कर्म हो। कर्म गर्न हिचकिचाउनु हुन्न। अभिनय त हो नि, साँच्चिकै त पछि गर्नु पर्छ।'

■ **अच्युत कोइराला/काठमाडौं** (तस्बिर पनि)



# संकीर्ण सोचको सिकार



गायिका मेलवादेवी दरवारमा गीत गाउँथिन्, चन्द्रशमशेरका लागि मात्र भनेर। दरवार निकट रहेका कारण भगतकृष्ण मानन्धरको यात्रा नियमित थियो दरवारभित्र। दुईजनाको मन मिल्यो र मेलवादेवीलाई दुलहीका रुपमा भित्र्याए मानन्धरले। तर, विवाह गरेर ल्याएको केही वर्षमै भगतकृष्णको संकीर्ण सोचको सिकार बन्यो, गायिका मेलवादेवीको कला। उनले गाउने काम छोड्ने दबाब दिइरहे र अन्त्यमा पारिवारिक कारण देखाएर मेलवादेवीले गायनक्षेत्रबाट सदाका लागि संन्यास लिइन्। कोलकातामा एक्लो जीवन बिताउनु पऱ्यो उनले। नेपाली पहिलो महिला गायिकाको अन्त्य यसरी भयो।

तर, अहिलेको अवस्था चन्द्रशम्शेरको बेलाजस्तो छैन। अब गायन पेसा इज्जतको पेसा मात्र बनेको छैन, व्यवसायिक पनि बनेको छ। यसै पेसा अँगालेर दाम, नाम र इज्जतले बाँचेका छन् पुरुष कलाकारहरू। तर, महिला कलाकारहरू भने अहिले पनि साँगुरो सोचको सिकार बनिरहेका छन्।

पछिल्लो पुस्तको गायनको बिंडो थाम्न सफल गायिका सपना श्रीमात्र होइन नेपाली आधुनिक गीतको वंश बचाउन महत्त्वपूर्ण योगदान दिने रेणु थापा, राधा मानन्धर, राजेश्वरी श्रेष्ठ गाउन सक्ने ल्याकत भएका यस्ता कलाकार हुन्, जो अहिले नेपाली गीतसंगीतमा छैनन्। उनीहरूभित्रको कला पारिवारिक कलहकै कारण अन्त्य भयो र गायन पेसाबाटै विस्थापित हुनु पऱ्यो।

चर्चित नेपाली लोकगायिका बिमाकुरारी दुराको अब लोकगीत नगाउने घोषणाले नेपाली लोकगीतको क्षेत्रमा यस्तै घटना फेरि दोहोरिएको छ। 'मलाई लोकगीत गाउने मन हुँदाहुँदै पनि अब पारिवारिक कारणले लोकगीत गाउन छोडेको' उनले सार्वजनिक घोषणा गरेकी छन्। श्रीमान्ले निरन्तर दबाब दिइरहेका कारण यस्तो घोषणा गर्न बाध्य भएको बताएकी छन्।

२०४६ सालमा लमजुङको दुराडाँडाबाट लोकगीतमा आफ्नो भविष्य बनाउन राजधानी भित्रिएकी थिइन्, अहिलेकी लोकप्रिय लोकगायिका बिमाकुमारी दुरा। रेडियो नेपाल मात्र एउटै माध्यम भएका बेला प्रतिस्पर्धाको कुनै सीमा थिएन। यसैमा उन्नत भविष्य बनाउन मुस्किल मात्र होइन चुनौती नै थियो। तैपनि, लोकगीतको क्षेत्रमा लमजुङे लोकगीतलाई अगाडि बढाउँदै उनी १८ वर्षको संघर्षपछि आफ्नै बेग्लै पहिचान बनाउन सफल बनिन्। दुई दशकभित्र आफ्नो पहिचान बनाउन सफल गायिका दुराको कला फेरि पारिवारिक कलहको सिकार भएको छ।

बढ्दो व्यवसायिकतासँगै पारिवारिक कलहका कारण विस्थापित भएका गायिकाहरूका बारेमा विश्लेषक प्रकाश सायमी भन्छन्, 'अहिले पनि नेपाली गीतको अवस्था फिल्मी क्षेत्रको जस्तै छ, शिक्षाको अभावले गाँजेको छ, विशेषगरी लोकगीत गाउने क्षेत्रमा यो अवस्था कायमै छ। यसले मेलमिलापको वातावरण सृजना गर्न सक्दैन र यस्तो अवस्था पैदा हुने गर्छ।'

रेडियो एचबिसीमार्फत बिमाकुमारी दुराले रुँदै 'श्रीमान्ले आफू गायन पेसा नगरेर अर्कै पेसा गर्दै हिँडेकोभैंm व्यवहार गरेकाले यो पेसा त्यागेको' घोषणा गरिन्। कोठे लोकगीतहरूले बढी प्राथमिकता पाइरहेका बेला लक्ष्मी न्यौपाने, हरिदेवी कोइराला, बिमाकुमारी दुरा नेपाली लोकगीतको वीउ बचाउनेमा पर्छन्। बिमाकुमारी दुराले मात्र १३ सय नेपाली लोकगीत गाएकी छन्। 'मैले लोकगीतको माध्यमबाट अन्य कुनै काम पो गरेकी छु कि भन्ने अवस्था आएपछि मैले यो घोषणा गरेकी हुँ,' दुराको भनाइ छ। तर, दुराका पति सन्तोष मगरले गीत गाउन छोड्नु पर्ने दबाब आफूले नदिएको दाबी गरेका छन्। अहिले नेपाली लोकगीतको क्षेत्रले व्यवसायियकतर्फ फड्को मारेको छ। बढ्दै गएको पश्चिमी शैलीका अश्लील गीतहरूबाट नेपाली संस्कृतिलाई प्रभावित हुनबाट केही हदसम्म बचाइराख्न महत्त्वपूर्ण भूमिका खेलेको छ, नेपाली लोकगीतले। तैपनि, संकीर्ण सोचाइको सिकार हुनबाट बच्न सकेको छैन यो क्षेत्र।

■ ज्योति देवकोटा/काठमाडौं





समय

# सिर्जनशील मुखिया

**कलाकार टेकवीर** मुखिया र साझा प्रकाशनलाई पर्यायवाचीको रुपमा हेर्दा पनि फरक पर्दैन । साझा प्रकाशनको स्थापनाकालदेखि कार्यरत मुखिया १३ वर्षअघि उमेरका कारण सेवाबाट हटे पनि साझाले उनलाई छोड्न सकेन । औपचारिक अध्ययनविना स्वाध्ययनले चित्रकारितामा प्रवेश गरेका ६९ वर्षीय मुखिया अहिले पनि करार सेवाअन्तर्गत रहेर साझा प्रकाशनमा साहित्यकारका सिर्जनालाई चित्रले सजाइरहेका छन् । सयौं लोगो (प्रतीक चिन्ह) र समसामयिक चित्रले मुखियाको सिर्जनशील क्षमता उजागर गरेको छ । साझा प्रकाशनले प्रकाशन गरेको ३२ मूर्धन्य साहित्यकारको प्रोट्रेट तयार पारेका मुखियाले ५ हजारभन्दा बढी किताबको आवरण बनाएका छन् ।

जनआन्दोलन-२ पछि प्रतिनिधिसभाको घोषणाले राजाको अधिकार कटौती गरेपछि जनआन्दोलनको भावनालाई आत्मसात गर्दै सांसदको लागि नयाँ लोगो प्रयोगमा ल्याइएको छ । सांसदहरूले गत भदौ १२ गतेदेखि प्रयोगमा ल्याएको उक्त लोगोको पनि सर्जक हुने सुअवसर पाएका छन् मुखियाले । प्रतिनिधिसभा घोषणा कार्यव्यवस्था समितिले दिएको अवधारणाअनुसार लोगो बनाएको उनी बताउँछन् । उनी भन्छन्, '५-७ चोटि बनाएर परिमार्जन गरेपछि मात्र लोगोलाई अन्तिम रूप दिएको हुँ ।'

नयाँ लोगोमा महिला र पुरुषको हातले उचालेको नेपालको नक्सामा राष्ट्रिय झन्डा अंकित छ । उक्त लोगोको वरिपरि घेरामा नीलो रंग र चाँदीको पृष्ठभूमिमा मुलुकको नक्सा सुनको छ भने हातचाहिँ तामाको छ । जनआन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभाका सांसदको लागि लोगो तयार पार्न पाउँदा गर्व लागेको बताउँछन्, उनी । उनी भन्छन्, 'आफ्नो सिर्जना जनप्रतिनिधिले छातीमा भिरेर हिँड्दा साँच्ची नै गर्वको अनुभूति भएको छ ।' ■

# खगोलविद् आचार्य

**सन् २००६** को अगस्त १४ देखि २५ सम्मको अन्तर्राष्ट्रिय ज्योतिष महासंघ (International Astronomical Union, IAU) ले आयोजना गरेको २६ औं सम्मेलनमा भाग लिई नेपालका खगोलविद् जयन्त आचार्य भर्खरै नेपाल फर्केका छन् । आइएयुको यस्तो सम्मेलनमा भाग लिने उनी नै नेपालका पहिला व्यक्ति हुन् । प्लुटो (यम)लाई ग्रहको मान्यताबाट हटाइएको, ग्रहको नयाँ परिभाषा निर्माण र गत वर्ष पत्ता लागेको पिण्डको नामकरण उक्त सम्मेलनले नै गरेको हो । विगत सात वर्षदेखि वाल्मीकि क्याम्पसमा खगोल (ज्योतिष)को अध्यापनमा संलग्न आचार्य अमेरिकन एस्ट्रोनोमिकल सोसाइटीका एक मात्र नेपाली सदस्य हुन् ।

आफ्नै प्रयासमा चेक गणतन्त्रको राजधानी प्राग पुगेका आचार्यले नेपालको भौगोलिकता, खगोलीय अध्ययनको सम्भाव्यता र नेपाली विद्यार्थीहरूका लागि विदेशमा अध्ययन अनुसन्धानको विषयमा विभिन्न संस्था र व्यक्तिहरूसँग कुरा गरेको र उनीहरूबाट आश्वासन समेत प्राप्त गरेको बताउँछन् । आफूलाई नेपाल सरकार र नेपाल विज्ञान प्रविधि प्रतिष्ठान (रोनास्ट)ले कुनै सहयोग नगरेको बरु आयोजक संस्थाले सहयोग गरेको कुरा बताउँदै आफ्नो योग्यताको कदर स्वदेशी सरकारी संस्थाले भन्दा विदेशी संस्थाले गरेको उनी बताउँछन् ।

ग्रहको परिभाषा निर्धारण गर्ने क्रममा विभिन्न सुझावहरू प्रस्तुत गर्दै सशक्त भूमिका निर्वाह गरेका आचार्य यसमा नयाँ परिभाषा आउनु विज्ञानको गतिशीलता भएको बताउँछन् । आचार्यका अनुसार प्लुटो ग्रहबाट बाहिरिँदा हिन्दु परम्परागत मान्यतामा केही असर नपरेको तर नेपाली पाठ्यपुस्तकहरूमा भने केही परिवर्तन गर्नु पर्ने देखिन्छ । रातभर आफ्नै निजी दूरबीन (टेलिस्कोप)बाट घरमा अन्तरिक्षको अनुसन्धान र अन्वेषण गरेर समय बिताउने आचार्यले खगोलसम्बन्धी ज्ञान आफ्नै पिता प्रा. डा. साम्बराज आचार्यबाट प्राप्त गरेको बताउँछन् । आफू बाह्र वर्षको हुँदादेखि खगोल अध्ययनमा लागेको बताउने आचार्य उक्त समयदेखि नै पत्रिकामा खगोलसम्बन्धी लेखहरू प्रकाश गर्दै आएका छन् । ■



समय




## शून्य समय



युवराज घिमिरे

# तेस्रो जनआन्दोलनको औचित्यहीनता

**आन्दोलनको मौसम** फेरि सुरु भएको जस्तो छ। कामीडाँडामा सम्पन्न माओवादी केन्द्रीय समितिले आवश्यकताअनुसार 'आन्दोलन' जन्माउने निर्णय गरेको छ। शान्तिपूर्ण जनदबाब पहिलो विकल्प हो भने, सशस्त्र जनविद्रोह अन्तिम। आन्दोलनको गति बढेमा त्यसलाई 'क्रान्ति' पनि भनिएला पछि।

तर, माओवादीहरू स्पष्ट छैनन्, केही मौलिक विषयहरूमा। यो आन्दोलन किन र कसका विरुद्ध ? परिणाम वा त्यसले प्रभावित गर्न सक्ने राजनीतिक समीकरणका आधारमा भन्न सकिन्छ, यो आन्दोलनले गिरिजाप्रसाद कोइराला र उनको नेतृत्वका दलहरूलाई 'प्रतिगमन'को कित्तामा उभ्याउने प्रयास गर्नेछ। त्यस्तो परिस्थिति उत्पन्न हुनुमा निकै हदसम्म कोइराला जिम्मेवार छन्। किनकि उनले माओवादीसँग विभिन्न लिखित सहमति गरे, त्यसको पालना गरेनन्। माओवादीसमक्ष उनको सरकार धेरै चोटि झुक्यो, तर माओवादीहरूलाई आचारसंहितासम्म पालन गराउन सरकारले सकेन। विभीषणहरूमा विश्वास गरी नै रहेका छन्, उनले। सरकारले आधिकारिकता प्रस्तुत गर्नै सकेन- माओवादी र जनतासमक्ष।

स्वभाविकरुपमा सरकारको असफलतालाई माओवादीले आफ्नो रणनीतिक शक्ति र अस्त्रका रुपमा प्रयोग गर्न सक्छ। अहिले एक हदसम्म माओवादी त्यही गर्ने प्रयासमा छन्। तर, त्यसको सार्थक उपलब्धि मुलुकका लागि खासै केही हुने देखिँदैन। खासगरी संविधानसभाको निर्वाचनको वातावरण बन्नुअघि संसद् विघटन हुँदा के त्यसले राजालाई पुनः एक मात्र शक्ति केन्द्रका रुपमा प्रस्तुत गर्दैन र ? 'राजा नै पुरानो सत्ताको केन्द्र हो' भन्ने माओवादीहरूको पुरानो मान्यतामा परिवर्तन नआएको जस्तो पनि देखिन्छ यसबाट।

त्यस्तै माओवादीहरूले वर्तमान सत्ताधारी दलहरूलाई खासगरी 'अमेरिकी साम्राज्यवाद' तथा विदेशी शक्तिहरूका 'कठपुतली'का रुपमा नै प्रस्तुत गर्दै आएका छन्। सम्भवतः रोमान्टिक र अति महत्त्वाकांक्षी आन्दोलनद्वारा उनीहरू सात दल र उनीहरूका विदेशी 'अभिभावकहरू'लाई उदांगो पारी आफू मात्र जनताका सही प्रतिनिधि र आमूल परिवर्तनकारी शक्तिका रुपमा स्थापित हुन चाहन्छन्। तर, व्यवहारिकरुपमा त्यो हासिल गर्ने सामर्थ्य र चरित्र माओवादीमा देखिँदैन।

'नेपालका परम्परावादी' र 'यथास्थितिवादी' शक्तिहरूमाथि 'परिवर्तनकारी' शक्तिका रुपमा माओवादीहरू हावी देखिए पनि उनीहरूले आफूलाई 'राष्ट्रवादी' वा 'राष्ट्रियता'का प्रतिनिधिका रुपमा स्थापित गर्न सकेका छैनन्। त्यस्तै एक्काइसौं शताब्दीमा जनअनुमोदनविना र प्रजातान्त्रिक निर्वाचन प्रक्रिया नअपनाई उनीहरूले हतियारको बलमा आर्जन गरेको शक्तिलाई अन्तर्राष्ट्रिय जगत्ले मान्यता दिनेछैन। वार्ता प्रक्रियामा संयुक्त राष्ट्रसंघलाई निम्त्याएर माओवादीहरूले अन्तर्राष्ट्रिय व्यवस्था स्विकारेको देखाएका छन्। त्यस्तै अमेरिकाको विरोधमा उग्रता प्रदर्शन गरे पनि नेपालमा भारतका विभिन्न चासोहरूलाई दरवार र राजनीतिक दलहरूले भन्दा भिन्न रुपमा माओवादीले लेलान् भन्ने आशा कम हुँदै गएको छ, खासगरी 'द टेलिग्राफ'मा भारत भूषणले प्रचण्डसँगको कुराकानीलाई आधार बनाएर लेख प्रस्तुत गरेपछि। चीन र भारतसँगको समान दूरीको नीतिबारे प्रचण्डलाई यसरी उद्धृत गरेको छ, 'टेलिग्राफ'ले। 'हामी कुनै एउटा मुलुकसँग राजनीतिक र सांस्कृतिक रुपले नजिक छौं' भने त्यो निकटताले निरन्तरता पाइनै रहेनछ। समान दूरीको अर्थ एउटालाई टाढा धकेलेर अर्कोलाई नजिक ल्याउनु हो भन्ने मेरो सोच हैन।'

कश्मीर र भारतको उत्तरपूर्वमा 'आत्मनिर्णय'को अधिकारको वकालत गरेको एक साताभित्रै प्रचण्डको यो कथनले उनले 'विदेश नीति'मा निरन्तरताको परम्परालाई नचाहँदा नचाहँदै पनि स्वीकार गरेको देखिन्छ। अर्को अर्थमा व्यापक सहमति र अध्ययनबाट मात्र त्यसमा संशोधन वा परिवर्तन खोजिनु पर्ने आसयलाई अहिले उनले अभिव्यक्त गरेको देखिन्छ। सत्ताको नजिक आफूलाई पाएपछि बढी संयमित र जिम्मेवार भाषा कति आवश्यक छ भन्ने उनले स्विकारेको प्रमाण हो यो। यदि वैदेशिक मामिलामा लचकता र सम्झौता हुनसक्छ भने आन्तरिक मामिलामा आन्दोलन वा सशस्त्र विद्रोहको औचित्य किन त ? पारम्परिक शक्ति भनिएको राजतन्त्र आफ्नो भविष्य र अस्तित्वबारे जनताको 'निर्णायक' निर्णयको चरणमा छ। तर, राजतन्त्रको विकल्प के त भन्ने बारेमा दल र माओवादीहरू स्पष्ट छैनन्। भावी राष्ट्रप्रमुखलाई भ्रष्टाचार र फौजदारी अभियोगमा उन्मुक्ति दिइनु हुन्न र राष्ट्राध्यक्षलाई महाभियोगबाट हटाइने व्यवस्था गरिनु पर्छ भन्ने सैद्धान्तिक अडान न माओवादीले लिन सकेका छन् न त प्रजातान्त्रिक दलहरूले।

अर्को महत्त्वपूर्ण चुनौतीलाई बुझेर पनि बेवास्ता गरिरहेका छन् माओवादीहरूले। मानवअधिकार र प्रजातन्त्रको उल्लंघनका लागि राजा र राज्य बदनाम हुँदा त्यसको पक्षमा लड्ने प्रजातान्त्रिक शक्तिहरू र तिनीहरूलाई समर्थन गर्ने अन्तर्राष्ट्रियजगत् माओवादीहरूको मित्र शक्ति बन्न पुगे, नयाँ समीकरणअन्तर्गत। तर, राजाको सत्ता समाप्त भएको वर्तमान अवस्थामा र भोलिको राज्य व्यवस्थाका अवधारणा परिभाषित गर्ने क्रममा माओवादीसँग मानवअधिकार र प्रजातन्त्रको पक्षमा सकारात्मक प्रतिबद्धता खोजिनेछ। आफूले बेपत्ता पारेकाबारे पनि उनीहरूले सफाइ दिनु पर्ने हुन्छ, राज्यले बेपत्ता पारेकाहरूलाई उनीहरूले खोजे जसरी नै। राजनीतिक मामिलाको समाधान हुनु आवश्यक छ, माओवादी हतियार व्यवस्थापन हुनका लागि। तर, माओवादीको हतियारबाट प्रजातन्त्रवादी शक्तिहरूले सुरक्षित महसुस गर्नेछन् भन्ने तर्क तथ्यमा आधारित छैन। विगत ११ वर्षमा राज्य र माओवादीद्वारा सबभन्दा बढी प्रजातन्त्रवादीहरूलाई नै निसाना बनाइएको छ।

त्यसरी नै वैधानिकरुपमा सत्तामा आएर माओवादीहरूले नेपालमा वैदेशिक चलखेल वा उपस्थितिका लागि सिद्धान्त र नीति तर्जुमा गर्न सक्छन्। त्यसको आवश्यकता पनि छ। तर, अहिले उनीहरूमा त्यो सोच, सामर्थ्य, पात्रता र अर्कोतिर त्यसप्रति इमानदारी देखिँदैन।

एकातिर माओवादीभित्र आर्थिक भ्रष्टाचार र अपारदर्शिता प्रचूर मात्रामा रहेको स्थापित भइसकेको छ। अर्कोतिर अपारदर्शीरुपमा विदेशबाट भित्रिएको अकुत धनराशि र त्योसँग जोडिएका एजेन्डा तथा 'आन्दोलन'बाट माओवादीहरूले आफूलाई अलग राख्ने चिन्तनसमेत बनाएको देखिँदैन। त्यस्तो धनराशिले नेपालमा राजनीतिक दलहरू, शक्ति केन्द्र, प्रशासन संयन्त्रलाई मात्र हैन, विशेषगरी गैरसरकारी संस्था, मानवअधिकारवादी संस्थाहरूलाई पनि प्रभावित गरेका छन्। संचारजगत्मा समेत त्यसको प्रभाव देखिन्छ।

यदि साँच्चै माओवादी उनीहरूले भने जसरी मुलुकलाई स्वाधीन र स्वतन्त्र राख्न चाहन्छन् भने 'औपनिवेशिकता'को यो नयाँ रुपलाई उनीहरूले पराजित गर्न सक्नु पर्छ। एकातिर बन्दुकको राजनीति र अर्कोतिर 'विदेशी पैसा र एजेन्डा'बाट प्रभावित राजनीतिलाई मुक्त गर्ने एजेन्डामा माओवादी नगएमा उनीहरू वर्तमान सत्ताको कुनै पनि दलभन्दा फरक हुने छैनन् अन्ततोगत्वा। विगतमा नेपालको समग्र राजनीतिमा आएका विचलन र माओवादीहरूबाट भएका अत्याचार र गल्तीहरूलाई सुधार गरी राजनीतिलाई जनमुखी बनाउने अभियानको सार्थक सुरुवात त्यहीँबाट मात्र हुनसक्छ। त्यसका लागि अराजकतातर्फ उन्मुख आन्दोलन हैन, राजनीतिक सहमतिको अभियान आवश्यक छ। त्यसैले वार्तालाई भयरहित सहभागिताको वातावरणमा हुने संविधानसभाको बिन्दुसम्म पुर्‍याउने पर्छ।

हो, माओवादीको राजनीति अतिवादमा आधारित छ। र, अतिवादको राजनीतिमा सम्झौता एउटा रणनीति मात्र हुने गर्छ अक्सर। अर्कोतिर उदार प्रजातन्त्र र बहुलवादको राजनीतिको मौलिक आधार सम्झौता, सहमति र विपरीत मत राख्नेहरूको संरक्षण र सुरक्षा पनि हो। अलग विचारलाई हतियारको शक्तिले पराजित गर्ने मान्यतालाई त्यहाँ ठाउँ हुँदैन। माओवादीले सार्वजनिक रुपमा हिंसा र हत्याको राजनीति सदाका लागि त्यागेको घोषणा गरेमा हतियार व्यवस्थापन र राजनीतिक समाधानको खोजी अत्यन्तै सहज हुनेछ। ■